समृद्ध तुलसीपुर : सबैका लागि, सधैंका लागि

गौरवपूर्ण उपलब्धिहरुको सँगालो

# समृद्ध तुलसीपुर





प्रकाशक

**तुलसीपुर उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

तुलसीपुर, दाङ

प्राविधिक सहयोग

**दाङ सञ्चार प्रा.ली.**

घोराही, दाङ






# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## प्रकाशक

तुलसीपुर उपमहानगरपालिका, दाङ

## प्राविधिक सहयोग

दाङ सञ्चार प्रा.ली.

घोराही-१५, दाङ

## सल्लाहकारहरू :

घनश्याम पाण्डे

(नगर प्रमुख)

माया शर्मा

(उपप्रमुख)

भाष्करराज गौतम

(प्रमुख प्रशासकीय अधिकृत)

## सम्पादक मण्डल

जे.एन. सागर

किरण गौतम

ओपेन्द्र बस्नेत

## आवरण/सेटिङ/मुद्रण

गौतम प्रिन्टर्स, घोराही, दाङ

मो. ९८५७८३४२०९




तुलसीपुर उपमहानगरपालिकामा जनप्रतिनिधि आएको ४ वर्षको अवधिमा हामीले लिएको नीति र सो कार्यान्वयनका लागि गरेका प्रयासलाई समेटेर पुस्तक प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ । यो महत्वूर्ण कार्यको उच्च प्रशंसा गर्न चाहन्छु ।

संघीयताको कार्यान्वयनसँगै जनतामा यसको सकारात्मक सन्देश प्रवाह गर्नका लागि स्थानीय सरकारका दृष्टिले हामीले केही गौरवलाग्दा महत्वपूर्ण योजनाहरू सम्पन्न गर्‍यौं । सिंहदरवारको सरकारलाई गाउँगाउँमा ल्याएर हामीले सबैका लागि सिकाइ हुनेगरी कयौं नमुना कामहरू गर्‍यौं । विकासको बहुआयामिक पक्षलाई समेटेर शिक्षा, स्वास्थ्य, वन, वातावरण, सामाजिक न्याय, भौतिक पूर्वाधारलगायतका विभिन्न क्षेत्रमा जनताको मन जित्नेगरी हामीले काम गरेका महसुस गरेका छौं । समृद्ध र समुन्नत तुलसीपुर निर्माणको सपनाको हामी करिब करिब नजिक नजिक पुगेका छौं ।

तुलसीपुर मेट्रो कलेज, तुलसीपुर मेट्रो अस्पताल, आधुनिक बसपार्क , नमुना अटो भिलेज, तुलसीपुर तरकारी तथा फलफूल बजार केन्द्र लगायतका दीर्घकालीन योजनाका साथै जनताका दैनन्दिन आवश्यकताका कुरामा आफूलाई केन्द्रित राख्यौं । सुत्केरी भत्ता, विकट वडामा एम्बुलेन्स सेवा, वडा कार्यालयबाटै सबैखालका सेवा प्रदान, छोरीहरूलाई सशक्तीकरणका लागि ‘स्मार्ट छोरी कार्यक्रम’ जस्ता अनेकानेक कार्यक्रमबाट जनताका बीचमा हामीले जोडिने प्रयत्न गर्‍यौं । देखिने भौतिक विकासले मात्रै जनताको जीवनमा परिवर्तन ल्याउन सक्दैन भन्ने कुरालाई आत्मसात् गरेर हामीले ‘एक घर, एक रोजगारी’का माध्यमबाट स्वावलम्बी बनाउने अनेक कार्यक्रमहरू गर्‍यौं । जनताको जीवनस्तर बदल्न र कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्नका लागि हाम्रा प्रयासहरू सार्थक हुँदै गएका छन् । तुलसीपुर अहिले विभिन्न उत्पादनको पकेट क्षेत्रका रूपमा स्थापित हुँदै गएको छ ।

हाम्रा प्रयासहरूलाई एकीकृत गरेर पुस्तकाकारका रूपमा ल्याउनका लागि यहाँहरूले गर्नुभएको प्रयास अत्यन्त सराहनीय रहेको छ । जनताको विश्वास र भरोसालाई कहिल्यै पनि डग्न नदिएर अविरल हाम्रो प्रयासको नदी बगिरहने विश्वास दिलाउन चाहन्छु ।




# उपप्रमुखको मन्तव्य


**माया शर्मा**

जनप्रतिनिधिका रूपमा जनताले मत दिएर स्थानीय सरकार सञ्चालनको जिम्मेवारी दिएको ४ वर्षका बीचमा हामीले गरेका उल्लेखनीय कामहरूलाई समावेश गरेर पुस्तक प्रकाशन हुन लागेको खबरले मलाई निकै खुसी लागेको छ । जनताका बीचमा हामीले गरेका प्रतिबद्धताहरू के कति पूरा भए भनेर मूल्याङ्कन गर्नका लागि यो पुस्तिका आँखीझ्याल हुने मेरो विश्वास छ ।

संघीयताले मुलुकमा तीन तहका सरकार बनायो । तर जनताको प्रत्यक्ष पहुँच र सहभागिताका हिसाबले स्थानीय सरकार नै बढी जिम्मेवार र नजिकको सरकारका रहेको छ। जनतासँग प्रत्यक्षरूपमा हरेक दिनजसो हामीले भेट गरिरहेका हुन्छौं, समस्या सुनिरहेका हुन्छौं । सानाभन्दा साना समस्या पनि समाधानका लागि पहलकदमी गर्नु हाम्रो दायित्व हुन्छ । आज कुनै पनि संकट पऱ्यो भने स्थानीय सरकार हामीसँग छ भन्ने विश्वास जनतामा पलाएको छ । विगतका अनेक संकटमा हामीले जनताका बीचमा अभिभावकीय भूमिका बहन गरेका कयौं उदाहरणहरू रहेका छन् । हामीले यो चार वर्षका बीचमा गरेका कामहरूले मुलुकमा संघीयताको आवश्यकता पुष्टि गरेको छ ।

समुन्नत नगरको सपना बोकेर चार वर्ष काम गर्दा हामीले भौतिक विकास मात्रै नभएर सामाजिक न्याय र समानताको पक्षमा पनि बलियो आधार बनाएका छौं । न्याय निरूपण मात्रै होइन संकटमा परेकाहरूको उद्धार हाम्रो प्राथमिकतामा रह्यो । शिक्षामा समानता र सबैको पहुँच, महिला सशक्तीकरण, दीगो विकास, स्वास्थ्यको सर्वसुलभता, मुस्कान सहितको शीघ्र सेवा, कृषिको विकासलगायतका कयौं मुद्दाहरूमा हामीले गरेका कामहरू नमुनाका रूपमा सबैले अनुकरण गरिरहेका छन् । मुलुककै उत्कृष्ट नगरपालिकाका रूपमा हामीले प्राप्त गरेको सम्मान हाम्रा कामहरूको उपलब्धी हो भन्ने हामीलाई लागेको छ । पुस्तकमा समेटिएका सफलताका कथाहरूले नै चार वर्षका बीचमा हामीले गरेका जनमुखी नमुना कामहरू बोलिरहेका छन् ।

विकास र समृद्धिको अभियानमा हामीले जे जति उपलब्धी हात पार्न सक्यो त्यो सबै यस क्षेत्रका जनता, कर्मचारी, जनप्रतिनिधिलगायतको साथ, सहयोग र विश्वासको उपज हो भन्ने मलाई लागेको छ । हाम्रा कामहरूलाई पुस्तकाकारहरूका रूपमा ल्याउनुहने सबैलाई धन्यवाद दिंदै पुस्तकको सफलताको शुभकामना व्यक्त गर्दछु ।




# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

विकास र समृद्धिका लागि तुलसीपुर उपमहानगरपालिका निरन्तर रूपमा अघि बढिरहेको छ । तुलसीपुर उपमहानगरपालिकाले समयमै नीति तथा कार्यक्रम र बजेट ल्याउने काम गरेको छ । योजनाहरू समयमै सम्पन्न गर्ने, गुणस्तर कायम गर्ने, उपभोक्तामार्फत हुने कामको गुणस्तरको अनुगमन गर्ने, पारदर्शिता कामय गर्ने र मातहतका वडाहरूको कामकाजलाई प्रभाकारी बनाउन आवश्यक निर्देशन गर्ने काम गरिरहेको छ । जनताप्रति उत्तरदायी सरकारको रूपमा स्थापित भएको छ ।

आज स्थानीय सरकार घरघरमा पुगेको छ । प्रत्येक गाउँ वस्तीमा सडक पुगेका छन् । विद्युत, खानेपानी, सञ्चार, शिक्षा, स्वास्थ्यका आधारभूत सुविधा पुगेको छ । यो वर्ष कहाँ कुन ठाउँमा कति बजेट हाल्ने भन्ने कुरा जनताद्वारा निर्वाचित जनप्रतिनिधिले आफै निर्णय गरेर आवश्यक परेको ठाउँमा खर्च गर्ने गरिएको छ । जसका कारण बजेटको सही तवरले सदुपयोग हुने गरेको छ । उपमहानगरपालिको गरेका विकास निर्माणका कामहरूले गाउँ गाउँमा जनतालाई राहत मिलेको छ । उपभोक्ताहरूको जीवनस्तर बदलिएको छ । स्थानीयस्तरमै आफ्नो सीप, क्षमता प्रयोग गरेर स्वरोजगार प्रवर्द्धनका लागि उपमहानगरले लगानी गर्दै आएको छ । वडा र उपमहानगरपालिका सरकार प्रमुखहरू साँच्चिकै जनताका दुःख सुखका सारथी भएका छन् । यो चार वर्षे दौडानमा उपमहानगरपालिकाले त्यस्ता धेरै उदाहरणीय एवं नमुनायोग्य काम गरेको छ । उपमहानगरपालिकामार्फत हालसम्म भएका महत्वपूर्ण कामहरूको अभिलेखीकरण गर्ने उद्देश्यले यो गौरवपूर्ण उपलब्धीहरूको सङ्ग्रह प्रकाशन गरिएको हो ।

यसले हाम्रा कामहरूको अभिलेख राख्नुका साथै राम्रा अभ्यासहरू अरूसँग बाँड्ने काममा समेत सहयोग पुग्नेछ भन्ने आशा गरेका छौँ । साथै आगामी दिनमा थप प्रभावकारी योजना र त्यसकोका कार्यान्वयनमा हामीलाई पनि यस सङ्ग्रहले ऊर्जा प्रदान गर्ने छ ।

अन्तमा, यस रूपान्तरणको अभियानमा संलन जनप्रतिनिधिज्यूहरू, कर्मचारी मित्रहरू, नगरवासीलगायत सम्पूर्णमा आभार व्यक्त गर्दछु ।


दाङ जिल्लामा सञ्चालित संघीय, प्रदेश र स्थानीय तह अन्तर्गत स्वीकृत
योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा प्रगती अवस्था, चुनौती
समस्या र समाधान विषयक
अर्न्तक्रिया कार्यक्रम
१८ पौष २०७६
आयोजक :
तुलसीपुर उपमहानगरपालिका


२९ औं स्थापना
तथा


तुलसीपुर उपमहानगरपालिकाको
९ औं नगर सभाको चौथो बैठक
आ.व. २०७८/०७९ को बजेट तथा
कार्यक्रम निर्णयार्थ प्रस्तुत

# विषय-सूची


| क्र.सं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | स्मार्ट सहर तुलसीपुर | - | १ |
| २. | साकार भयो जहाजको सपना | खेमराज रिजाल | ६ |
| ३. | ..... नागरिकको रोजाइमा न्यायिक समिति | जे.एन. सागर | ११ |
| ४. | शिक्षा सुधारको मानक तुलसीपुर | वसन्त आचार्य | १६ |
| ५. | स्मार्ट छोरी : स्वस्थ आमा | दशरथ घिमिरे | २२ |
| ६. | हामीले भोट दियौँ, सरकारले छाना दियो | एकराज भण्डारी | २६ |
| ७. | जनताको घरमै स्वास्थ्य सेवा | नारायण खड्का | ३० |
| ८. | घर आँगनमै रोजगारी | - | ३४ |
| ९. | .... पूरा भयो मूल्कोटवासीको सपना | वसन्त परिवार | ३८ |
| १०. | नीतिले डोऱ्याएको तुलसीपुर | - | ४२ |
| ११. | देशकै पहिलो विकास प्राधिकरण | - | ४६ |
| १२. | स्पोर्टस् सिटी, जग बसाल्दै तुलसीपुर | - | ५० |
| १३. | कोभिड व्यवस्थापनमा नयाँ अभ्यास | दीपक बोहरा | ५५ |
| १४. | पर्यटनको आधार जोड्दै तुलसीपुर | गोकर्ण पौडेल | ६० |
| १५. | .... दृष्टि फर्काउँदै उपमहानगर | बालाराम खड्का | ६४ |
| १६. | प्राकृतिक सम्पदा संरक्षणमा तुलसीपुर | जीतसागर जी.एम. | ६७ |
| १७. | उद्यम प्रवर्द्धनमा उपमहानगर | - | ७१ |
| १८. | कृषि वन प्रणाली अवलम्बन गर्दै तुलसीपुर | लक्ष्मण विश्वकर्मा | ७५ |
| १९. | सुन्दर र योजनाबद्ध नगर प्रशासन हस्तान्तरण गर्छौं (अन्तर्वार्ता) | | ७८ |
| २०. | वडाका ४ वर्ष | - | ८२ |



# स्मार्ट सहर तुलसीपुर

**दिगो विकासका लागि २५ वर्षे दीर्घकालीन रणनीतिक योजना र ५ वर्षे आवधिक योजना निर्माण गरी त्यसैका आधारमा योजनाहरू निर्माण र कार्यान्वयनको थालनी गरिएको छ।**

तुलसीपुर आइपुग्ने पाहुनाले बसपार्क ओर्लनेबित्तिकै स्मार्ट सहरको महसुस गर्न सक्छन् । बसपार्क प्रवेश गर्ने र निस्कने फरकफरक रूट, व्यवस्थित पार्किङ, चिल्लो सडक, आधुनिक काउण्टर । स्मार्ट सहरको झल्को दिने उक्त बसपार्कबाट 'घुम्न जाऔं तुलसीपुर' अभियानको सुरूवात हुन्छ । नेपालमै उत्कृष्ट बसपार्क निर्माण गरेको भन्दै नगरविकास कोषले तुलसीपुरलाई सम्मान गर्‍यो ।

यसका साथै संघीय मामिला मन्त्रालयको पञ्जिकरण विभाग, नेपाल नेत्रज्योति संघ, जिल्ला समन्वय समिति, युवा परिषद्लगायतले उत्कृष्ट पालिकाको पुरस्कार प्रदान गरेका छन् । आधुनिक र व्यवस्थित अटोभिलेजको स्मार्ट सहरको अर्को अवधारणा हो । बसपार्क र अटोभिलेजदेखि तरकारी तथा फलफूल बजार केन्द्रको निर्माणसम्म आधुनिक र व्यवस्थित छन् । एकैठाउँमा किसानहरू आफ्ना तरकारी लिएर बेच्न सक्छन् । यसबापत कुनै भाडा,




खर्च केही लाग्दैन । 'तरकारी बजारले किसान र उपभोक्तालाई सजिलो बनाएको छ । एकैठाउँमा ताजा तरकारी किन्न पाइन्छ,' तुलसीपुर-६ का मोहन न्यौपानेले भने,'व्यवस्थितरूपमा राखिएका तरकारीका स्टलले आधुनिकताको परिचय दिएका छन् ।'

स्मार्ट सिटीको अवधारणा अनुसार नगरका २० क्षेत्रमा सिसी क्यामेरा जडान भएका छन् । ट्राफिक व्यवस्थापनका लागि सहरका मुख्यमुख्य चोकहरूमा डमी ट्राफिक प्रहरी राखिएको छ । यसबाट सहरको सुरक्षामा मद्दत मिलेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख डिएस्पी शिवबहादुर सिंहले बताए । 'सिसी क्यामेराबाट बजारका मुख्य गतिविधिहरू निगरानी गर्न सहज भएको छ,' उनले भने,'यसले हामीलाई आधुनिक सहरको महसुस गराएको छ ।' बजारको मुख्य चोकमा डिजिटल बोर्ड राखेर नगरका गतिविधिहरू सार्वजनिक हुन्छन् । तुलसीपुर प्रवेश गर्नेबित्तिकै सबैले नयाँ सूचना र गतिविधिबारे जानकारी पाउन सक्छ । उपमहानगरपालिका कार्यालय प्रवेश गर्नेबित्तिकै डिजिटल बोर्ड देखिन्छ । त्यसमा पनि नगरका महत्वपूर्ण गतिविधि र सूचनाहरू हेर्न पाइन्छ । नगरका ५ स्थानमा फ्रि वाईफाई जडान गरिएको छ । कसैलाई एक्कासी अनलाइन प्रविधिबाट काम गर्नुपर्नेमा त्यसको सेवा लिन सकिने भएको छ ।



कार्यालयमा अनलाइन प्रविधिबाट घरनक्सा पास गरिन्छ । वडास्तरमार्फत अनलाइन घटना दर्ता तथा अन्य सेवा सञ्चालन गर्ने पहिलो नगरपालिका भएको छ । कार्यालयमै बैंक शाखा स्थापना गरेर नगद्‌विहीन कारोवार पद्धति अपनाइएको छ । नगरपालिकाका शाखा तथा वडाहरूलाई सूचना प्रविधियुक्त बनाउँदै अनलाइन प्रविधिमार्फत कर संकलन, नक्सा पास हुँदै आएको उपमहानगरका योजना महाशाखा प्रमुख अनन्त गौतमले बताए ।

'समृद्ध तुलसीपुर : सबैका लागि, सँधैका लागि' भन्ने नाराका साथ नगरको दीर्घकालिन र दिगो विकासका लागि २५ वर्षे दीर्घकालिन रणनीतिक योजना र ५ वर्षे आवधिक योजना निर्माण गरी त्यसैका आधारमा योजनाहरू निर्माण र कार्यान्वयनको थालनी गरिएको उनले बताए । 'हामीले ५ र २५ वर्षे योजनाहरू बनाएर स्मार्ट सहर बनाउने काम गरिरहेका छौँ,' उनले भने,'कार्यालयका सेवाहरू पनि प्रविधियुक्त हुँदैछन् ।'

**नगरका सबै वडामा सडक, यातायातको पहुँच र स्तरोन्नतिका लागि करिव १५० किलोमिटर सडक कालोपत्रे गरिएको छ ।**

'ग्रिन तुलसीपुर-क्लिन तुलसीपुर' अभियान अन्तर्गत तुलसीपुरको सरसफाइमा ठूलो परिवर्तन आएको छ । यस अभियानले नगरलाई सफा बनाउन महत्वपूर्ण भूमिका खेलेको यस अभियानका अगुवा एवं तुलसीपुर उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष विमल रिजालले बताए । 'यो नेपालकै नमूना काम हो । नागरिकको सहभागितामा नियमित नगर सफा गर्ने काम भएको छ,' उनले भने,'यो अहिले नियमित काम जस्तै भएको छ । नगरको रूपरंग फेरिएको छ ।' हरेक साता नगर सरसफाइ गर्न टोलवासीहरू

सडकमा निस्कने गर्छन् । सबैमा आफ्नो टोल आफै सफा गर्ने धारणा विकास भएको उनले बताए ।

तुलसी ट्रेड टावर निर्माणको प्रक्रिया सुरू भई टेण्डर आह्वानको प्रक्रिया थालिएको छ । नगरका सबै वडामा सडक, यातायातको पहुँच र स्तरोन्नतिका लागि करिब १५० किलोमिटर सडक कालोपत्रे गरिएको छ । सडक यातायात गुरूयोजना निर्माण गरी १ हजार किलोमिटर भन्दा बढी सडकहरूलाई कालोपत्रे र स्तरोन्नति गर्ने काम सुरू गरिएको छ । तुलसीपुर विकास प्राधिकरणमार्फत सडक निर्माणका कामहरू भैरहेका छन् । तुलसीपुरले सुरू गरेको 'मेयर सुरक्षित आवास कार्यक्रम' लाई संघीय सरकारले समेत अनुशरण गरेको छ । यस

**"कार्यालयमा अनलाइन प्रबिधिबाट घरनक्सा पास गरिन्छ । वडा स्तरमार्फत अनलाइन घटना दर्ता तथा अन्य सेवा सञ्चालन गर्ने पहिलो नगरपालिका भएको छ ।"**

५ जनालाई निःशुल्क पठनपाठन गराउँदै आएको कलेज प्रमुख वसन्त आचार्यले बताए । 'बिपन्न वर्गका विद्यार्थीले आफ्नै घरआँगनमा निःशुल्क प्राविधिक शिक्षा लिन पाएका छन्,' उनले भने,'अब तुलसीपुर प्राविधिक शिक्षाको केन्द्र बन्दैछ ।' कलेजमा तुलसीपुर नगरवासीलाई ५० प्रतिशत छुटमा पढ्ने अवसर सिर्जना गरिएको उनले बताए ।


तुलसीपुर बसपार्क

अभियानमा १,६१८ घरपरिवारलाई खरको छानामुक्त बनाइएको छ ।

तुलसीपुर उपमहानगरपालिकालाई शिक्षाको हव र प्राविधिक शिक्षाको केन्द्र बनाउन तुलसीपुर बहुप्राबिधिक शिक्षालयमा सिटिइभिटीको सहकार्यमा ५ वटा प्राविधिक विषयमा डिप्लोमा तहको पठनपाठनका साथै विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिएको छ । बिपन्न तथा पछाडि पारिएका वर्गका विद्यार्थीहरूलाई वडा कार्यालयको समन्वयमा कम्तिमा

लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्बन्धनमा जिल्लामै पहिलोपटक मेट्रो कलेजमा कानूनमा स्नातक (बिएएलएलबी) पठनपाठन भैरहेको छ । तुलसीपुरका आठवटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको पठनपाठन सञ्चालन गरिएको छ । प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई थप अनुदान दिने व्यवस्था गरिएको छ । यसले प्राविधिक शिक्षाको केन्द्र बनाउन बल मिलेको छ । विद्यालय समायोजनको अवधारणा सफल भई संघीय सरकारले समेत यसको अनुशरण

गरेको प्रमुख प्रशासकीय अधिकृत भाष्करराज गौतमले बताए । नगरको शैक्षिकस्तरको मापन गर्न विभिन्न अध्ययन, अनुसन्धान र सर्वेक्षणहरू समेत सम्पन्न गरी त्यसको सुझावका आधारमा थप योजना निर्माण गर्ने गरिएको उनले बताए ।

मातृशिशु सुरक्षा प्रोत्साहन कार्यक्रम सञ्चालन भई नगरमा मातृशिशु मृत्युदर शून्यमा झार्न सफल भएको नगरका जनस्वास्थ्य निरीक्षक विमल केसीले बताए । कोभिड-१९ को दोश्रो लहरबाट नगरवासीको जीवनरक्षाका लागि छोटो समयमै तुलसीपुर मेट्रो अस्पतालमा ५० बेडको आइसोलेसन अस्पताल निर्माण गरी निःशुल्क सेवा प्रदान गरिएको छ । यो देशकै पहिलो नमूना काम हो । अन्य स्थानीय तहले यसरी आफै अस्पताल सञ्चालन गर्न सकेका छैनन् । अस्पतालको सेवा बृद्धिका कामहरू भैरहेको उनले बताए । १९ वटै वडामा स्वास्थ्य संस्था स्थापना गरिएको छ । वडातहमा एम्बुलेन्सको व्यवस्था र अन्य स्वास्थ्य सेवा विस्तारका कामहरू पनि स्मार्ट सहरका नमूना काम हुनू ।

'उज्यालो संसार' अभियान अन्तर्गत राप्ती आँखा अस्पतालको सहकार्यमा निःशुल्क मोतिबिन्दुको शल्यक्रिया अभियान सञ्चालन गरिएको छ । यसबाट मोतिबिन्दुमुक्त सहर निर्माणको आधार निर्माण गरिएको छ । राप्ती प्रादेशिक अस्पतालमा आइसियू कक्षको निर्माण, डायलासिस सेवा सञ्चालन, तुलसीपुरमै ब्लड बैंकलगायतका सेवाले स्वास्थ्य सेवामा गुणस्तर बृद्धि भएको केसीले बताए । 'मोतिबिन्दुका बिरामीहरूको तथ्यांक लिएर विशेषज्ञबाट निःशुल्क शल्यक्रिया गराउने अभियान चलेको छ,' उनले भने,'सबैलाई संसार देखाउने अभियान चलेको छ । यसबाट आर्थिक अभावमा मोतिबिन्दुको शल्यक्रिया गर्न नसक्ने नागरिकलाई ठूलो राहत मिलेको छ ।'

'स्मार्ट छोरी : सक्षम नारी' नाराका साथ छोरीहरूलाई आत्मनिर्भर र सशक्त बनाउने काम भैरहेको महिला तथा बालबालिका शाखा प्रमुख माया श्रेष्ठले बताइन् । बालविवाह न्यूनीकरण गर्न जन्मनेबित्तिकै छोरीको खातामा प्रत्येक महिना रकम जम्मा गरिदिने व्यवस्था गरिएको छ । '२० वर्षसम्म खातामा रकम जम्मा हुन्छ,' उनले भनिन्,'यसले बालविवाह गर्नबाट रोक्नेछ । छोरीहरूलाई सक्षम बनाउन सहयोग गर्नेछ ।'

स्पेनको बिलवाओ सिटीसँग भगिनी सम्बन्ध स्थापित गर्ने काम सुरू भएको छ । यसबाट अन्तर्राष्ट्रिय सम्बन्ध र सिकाईमा बल मिल्ने नगर प्रमुख घनश्याम पाण्डेले बताए । 'विकासका नयाँनयाँ अभ्यासहरू अनुशरण गरेर काम गर्दैछौं,' उनले भने,'राष्ट्रिय अन्तर्राष्ट्रिय सिकाइका आधारमा स्मार्ट सहर निर्माण भैरहेको छ ।'

तुलसी गौशालासँग सहकार्य गरी नगरका



छाडा चौपायाको व्यवस्थापन गरिएको छ । रोजगारविहिन नागरिकलाई रोजगारी सिर्जना गर्न नेपालमै पहिलोपटक कोभिड महामारीका कारण समस्यामा परेका व्यक्तिहरूको लागि श्रम बैंकको स्थापना गरी कार्यान्वयन गरिएको पाण्डेले बताए ।

'स्मार्ट सहर : नगरबासीको रहर' भन्ने अभियान अन्तर्गत अगाडि सारेको स्मार्ट नगरको परिकल्पनालाई मूर्त रूप दिन आगामी आ.व.का लागि संघीय सरकारबाट समेत बजेट विनियोजन गराउन सफल भएको पाण्डेले बताए । तुलसीपुर

उपमहानगरपालिकामा औद्योगिक ग्राम स्थापना गर्ने तयारी भैरहेको उनले बताए ।

उपमहानगरपालिकाको आफ्नै स्वामित्वमा रहने गरि पेट्रोल पम्प सञ्चालन गर्न थालिएको छ । आफ्नै स्वामित्वमा पेट्रोल पम्प सञ्चालन गर्ने मुलुककै पहिलो स्थानीय तह बनेको पाण्डेले बताए । वडा नं. १८ को आमखोली सामुदायिक वनमा दाङको सबैभन्दा ठूलो ताल निर्माण भएको छ । साथै वडा नं. ८, १४ र १६ मा पनि कृत्रिम तालहरू निर्माण गरिएको छ । यी स्मार्ट सहरका मुख्य उपलब्धी रहेको पाण्डेले बताए ।

तुलसीपुर राप्तीका सल्यान, रूकुम, रोल्पाको मुख्य व्यापारिक केन्द्र हो । महिला ७६,५०४ र पुरूष ७३,१४३ गरी १,४६,६४७ जनसंख्या रहेको यस नगरपालिकामा परिवारको औसत आकार ४.४ छ । यस नगरलाई कसरी स्मार्ट बनाउने भन्ने विषयमा १४ वटा लक्ष्यहरू निर्धारण गरिएको नगर प्रमुख पाण्डेले बताए । यसका लागि ४ खर्ब ७२ अर्ब ६८ करोड १० लाख बजेट आवश्यक पर्ने उनले बताए ।

यी लक्ष्य पूरा गर्न विभिन्न गौरवका योजनाहरू तय गरिएका छन् । तुलसीपुरलाई स्मार्ट बनाउन २५ वर्षका लागि २५ गौरवका योजनाहरू तयार पारिएको र यसबाट नमूना सहर बन्ने नगर उपप्रमुख माया शर्माले बताइन् । 'स्मार्ट सहर हाम्रो प्रमुख लक्ष्य हो । यसका लागि हामीले विभिन्न गौरवका योजनाहरू तय गरेका छौं,' उनले भनिन्,' जनशक्ति विकास केन्द्र स्थापना गरेर सक्षम जनशक्ति तयार पार्ने योजना बनाएका छौं । तुलसीपुरमै पाइलट कोर्षको पठनपाठन गर्ने योजना बनाएका छौं ।'

यसका साथै छिल्लीकोटमा केवलकार सञ्चालन, मेडिकल कलेज सञ्चालन, बालबालिका, ज्येष्ठ नगरिकका लागि छुट्टाछुट्टै अस्पताल निर्माण, संक्राममा क्रान्ति संग्रहालय निर्माण, मेट्रो रेल सञ्चालन जस्ता योजनाहरू तय गरिएको शर्माले बताइन् । 'शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन जस्ता मुख्य क्षेत्रमा हामीले विभिन्न गौरवपूर्ण काम गरेर स्मार्ट सहर बनाउने योजना बनाएका छौं,' उनले भनिन्, 'यसका लागि वार्षिकरूपमा बजेट विनियोजन गर्न पनि सुरू भैसकेको छ ।'



तुलसीपुर तरकारी बजार


तुलसीपुर अटोभिलेज




# साकार भयो जहाजको सपना

**"यात्रु नपुगे उपमहानगरपालिकाले व्यहोर्ने प्रतिबद्धता जनाएसँगै समीट एयरले वि.सं. २०७५ पुस दोस्रो सातादेखि उडान सुरु गर्‍यो ।"**



**खेमराज रिजाल**

यो अभ्यास मुलुकका ७ सय ३२ स्थानीय पालिकामा छैन, तर तुलसीपुर उपमहानगरपालिकामा सम्भव भएको छ । त्यो के भने स्थानीय पालिकाले सिटफुलको ग्यारेन्टी गरेपछि मात्र नेपाल सरकारको स्वामितवमा रहेको नेपाल वायु सेवा निगमले तुलसीपुरमा पछिल्लो समयमा हवाइ सेवा नियमित गर्‍यो ।

जहाजले यात्रु नपाएर सिट खाली भयो भने त्यसको भुक्तानी तुलसीपुर उपमहानगरपालिकाले गर्ने छ भन्ने सहमतिपत्रसहित नेपाल वायुसेवा निगममा पैसासमेत धरौटी राखेपछि नेपाल वायुसेवा निगम यहाँको टरिगाउँ विमानस्थलमा हवाईसेवा निरन्तर गर्न सहमत भयो, त्यसै सर्तमा अहिले पनि जहाज अवतरण भैरहेको छ, तुलसीपुरमा । तुलसीपुर उपमहानगरपालिकाले थालेको यो अभ्यास तुलसीपुरवासीका लागि मात्र थिएन, समग्र दाङलगायत छिमेकी जिल्लाका यात्रुहरूलाई सेवा पुर्‍याउनका लागि पनि थियो । सातामा एकदिन, दुईदिन, सातैदिन हुँदै दैनिक दुई उडान हुँदा पनि नेपाल वायुसेवा निगमको जहाज तुलसीपुरमा यात्रु नपाएर खाली उड्नुपर्ने अवस्था आएको छैन । उपमहानगरको प्रयासले नियमित जहाज चढ्ने दाङवासीहरूको सपना पूरा भएको छ । यतिमात्रै होइन दाङ जिल्लाको आर्थिक समृद्धिका लागि नियमित हवाइ सेवा अपरिहार्य छ । सायद अब तुलसीपुरको विमानस्थलमा नियमित हवाइ सेवा रोकिने छैन ।

तत्कालीन शाही नेपाल वायुसेवा निगमको डकौडा जहाज, नेपाल वायुसेवा निगमको ट्वीनेटर देखि गोमा एयर, तारा एयर र समिट एयरका जहाजहरू पनि यहाँको विमानस्थल अवतरण गरे । यसो गरिरहँदा कहिले राजनेताहरूले पहल गरे, कहिले उद्योगी व्यवसायीहरूले पहल गरे त अहिले जनप्रतिनिधि आएपछि तुलसीपुर उपमहानगरपालिकाले नियमित हवाईसेवाका लागि अर्थपूर्ण प्रयास गरिरहेको छ । डकौडा विमान ल्याण्ड गर्ने घाँसे मैदान अहिले पक्की रनवेका रूपमा विकसित भैसकेको छ ।

'क्षेत्रीयस्तरको हवाइ इन्धन डिपो तथा टर्मिनल भवन निर्माणका लागि हामीले बजेट समेत विनियोजन गरिसकेको अवस्था हो, नेपाल आयल निगम मार्फत अब चाँडै इन्धन डिपो निर्माणले गति लिने छ', तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डे भन्छन्, इन्धन डिपो निर्माणको ठेक्का समेत भैसकेको छ ।' विभिन्न समयमा नेपाल वायुसेवा निगम तथा निजी बिमान कम्पनीहरूले तुलसीपुर विमानस्थलमा इन्धन भर्न समस्या भएको भन्दै उपमहानगरपालिकाले पछिल्लो पटक इन्धन डिपो निर्माणका लागि भरमग्दुर प्रयास गर्‍यो ।

हवाइ इन्धन डिपो स्थापना भएसँगै अब तुलसीपुर बिमानस्थल समग्र राप्ती एवं कर्णाली प्रदेशका लागि पनि हवाइ ट्रान्जिट बन्न सक्छ । जुन तुलसीपुरलगायत समग्र दाङको समृद्धिमा कोसेढुंगा सावित हुनेछ । स्थल मार्गले तुलसीपुरलाई प्रत्यक्ष रूपमा कर्णालीसँग जोड्ने पक्की सडक निर्माण अन्तिम चरणमा पुगिरहँदा तुलसीपुर विमानस्थलमा पनि नियमित हवाईसेवाको सुरूवात भैसकेको छ । त्यससँगै यात्रुहरूको सेवा र सुविधा तथा विमानस्थललाई व्यवस्थित र आधुनिक बनाउनका लागि टर्मिनल भवन र चमेना गृह, यात्रुप्रतीक्षालय, शौचालयसहितका संरचनाहरू बनाउने उपमहानगरपालिकाको प्रयास निरन्तर जारी नै छ ।

## विगतदेखि हालसम्म

*'झग्गुप्रसाद ब्राम्हणका यति लामा दारी*
*यिनै दारी फाल्दा फाल्दै आइपुग्यो चिलगाडी'*

तुलसीपुरको टरिगाउँ विमानस्थलमा पहिलो पटक जहाज ओर्लिरहँदा दाङबासीले यस्तै गीत गाउँथे । अर्थात् पश्चिम दाङको भमकेका स्थानीयवासी तथा जिल्लाकै नेता झग्गुप्रसाद शर्मालाई यहाँ हवाईसेवा सञ्चालनका अगुवाका रूपमा लिइन्छ । जुनबेला उनी पश्चिम दाङमै स्थापित नेता मानिन्थे । उनले तुलसीपुरमा जहाज अवतरण गराउन हदैसम्मको प्रयास गरे । घोराहीको भरतपुर डाँडामा कि तुलसीपुरको टरिगाउँमा विमानस्थल बनाउने सन्दर्भमा त्यतिबेलादेखि नै क्षेत्रीयताको लडाइको आभाष हुन्थ्यो । झग्गुले यहाँ विमानस्थल बनाउन भारतीय दुतावासमा पुगेर समेत पहल गरेको तुलसीपुरका पुराना समाजसेवी तथा तात्कालीन नेता बामदेव शर्मा बताउँछन् । झग्गुले कवोल गरेका थिए कि टरिगाउँमा हवाइजहाज नबसालेसम्म दारी काट्दैन भनेर । जहाज बसेपछि मात्र उनले दारी काटेको बताइन्छ ।

वि.सं. २०१६ सालमा २८ सिट क्षमताको डकौडा विमान पहिलो पटक तुलसीपुरको टरिगाउँ विमानस्थलमा अवतरण गरेको थियो । जुनबेला जहाजको रनवेमा पुरै घाँस हुन्थ्यो । जहाज ओर्लंदा र उड्दा वर्षातमा पानीका फोहराहरू जमिनमा देखिन्थे, हिउँदमा धुलाम्मे हुन्थ्यो धावनमार्ग । 'मलाई त्यो बेला स्मरण छ, जतिबेला म तुलसीपुरबाट काठमाडौं ६२ रूपैयाँ भाडा तिरेर पुगेको थिएँ, टिकट अड्डा मानपुरमा थियो, जहाज चढाउन मानपुरबाट टरिगाउँसम्म पैदल आउथे जहाज आउने दिन' स्थानीय बामदेव शर्मा भन्छन्, 'सातामा एक दिन उडान भर्थ्यो डकौडाले ।' वि.सं. २०२६ सालसम्म चलेको थियो डकौडा जहाज । नेपाल सरकारले क्यानाडाबाट किनेको सो जहाज खासमा कार्गोका लागि थियो, तर नेपाल सरकारले सो जहाजमा सिट हालेर



इन्धन डिपो स्थापना गर्न ल्याइएको ट्याङ्क

यात्रु ओसार्न विभिन्न दुर्गम स्थानका विमानस्थलमा सञ्चालन गरेको थियो । त्यसपछि जहाज पुरानो हुँदै गएपछि डम्पिङमा गयो । त्यसलगत्तै नेपाल सरकारले क्यानाडाबाट ट्वीनेटर जहाज खरिद गर्यो । १८ सिट क्षमताका जहाज तुलसीपुरमा चल्न थाले । वि.सं. २०४२ सालसम्म नियमित चल्यो ट्वीनेटर जहाज । त्यसपछि नियमित हवाईसेवामा ब्रेक लाग्यो ।

'पुर्वपश्चिम राजमार्ग सञ्चालनमा आएसँगै जब दाङको तुलसीपुरबाट काठमाडौंका लागि रात्रीबस चल्न थाले, त्यसपछि यात्रुहरूको अभावका कारण तत्कालीन शाही नेपाल वायुसेवा निगमले हवाईसेवा बन्द गर्यो', तुलसीपुरका स्थानीयबासी गोपीनाथ योगीको डायरीमा लेखिएको थियो । त्यसो त यो एउटा ट्रान्जिट बिमानस्थल जस्तै पनि थियो त्यो बेला । रूकुम, भैरहवा, नेपालगञ्ज र काठमाडौंसम्म जहाजमा यात्रा गर्न पाइन्थ्यो । 'म स्वयं ६० रूपैयाँ भाडामा दाङबाट नेपालजञ्ज प्लेनमा उडेको स्मरण गर्दछु', योगी भन्छन् । तर पछि सडक यातायात सहज बन्दै गएपछि विकल्पमा जमिन्दारहरू जहाज छाडेर सडक यातायात रोज्न थाले । उद्योग कलकारखानाको विकास भएको थिएन यहाँ । ठूला-ठूला व्यापारी पनि थिएनन् दाङमा त्यसैले हवाईसेवा नियमित गर्न त्यो बेला सानेवानीलाई सहज भएन । जहाजले यात्रु पाउन मुस्किल

## उपमहानगरको हवाइ नीति

**हवाई सेवालाई दिगो बनाउन तुलसीपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७८/२०७९ को वार्षिक नीति तथा कार्यक्रममै तुलसीपुरको हवाइसेवालाई बहुआयामिक बनाउने उल्लेख गरेको छ । विमानस्थलको स्तरोन्नति गर्दै नियमित हवाइ उडान सञ्चालन गर्ने र यस विमानस्थलमा अन्तर्राष्ट्रियस्तरको पाइलट शिक्षण गर्ने एभियसन कलेज सार्वजनिक र निजी क्षेत्रको सहकार्यमा सञ्चालन गर्ने व्यवस्था मिलाइने पनि उल्लेख गरिएको सन्दर्भमा अब तुलसीपुरको विमानस्थलमा हवाइ सेवा नरोकिने संकेत स्पष्ट देखिएको छ ।**

बन्न थाल्यो । यात्रुविना जहाज चलाउँदा निगमलाई घाटा हुने भन्दै हवाईसेवा बन्द भयो । यही वहानामा बन्द भएको हवाईसेवा लगातार वि.सं. २०६० सम्म निरन्तर रह्यो ।

वि.सं. २०६० सालमा आइपुग्दा यहाँको व्यापार व्यवसाय पनि विस्तारै फस्टाउन थालेको थियो । तुलसीपुर राप्तीकै व्यापारिक ट्रान्जिट बन्न थालेपछि हवाईसेवाको पनि आवश्यकता महसुस हुन थाल्यो । त्यतिबेला तुलसीपुर उद्योग बाणिज्य संघका अध्यक्ष उत्तमकुमार श्रेष्ठ हुँदा पर्यटनमन्त्री रविभक्त श्रेष्ठ थिए । श्रेष्ठ मन्त्री हुनुअघि उद्योग वाणिज्य महासंघका केन्द्रीय अध्यक्ष भएका बेला उत्तमसँगको चिनजानका कारण पनि तुलसीपुरमा पुनः हवाईसेवा सञ्चालन सहज बनेको थियो । हवाईसेवा वि.सं. २०६६ साल मंसिरसम्म निरन्तर चलेपछि फेरि बन्द भयो । हवाईसेवा बन्द यात्रु नभएर भन्दा पनि विमानस्थल स्तरोन्नति गरी कालोपत्रे गर्नका लागि थियो । वि.सं. २०६८ साल माघ ४ गते धावनमार्ग कालोपत्रेको काम सकिएपछि सोही दिन परीक्षण उडान भएको थियो तुलसीपुर एयरपोर्टमा । त्यो बेला यहाँ विमानसेवा सञ्चालनका लागि तत्कालीन पर्यटनमन्त्री लोकेन्द्र विष्टले विशेष पहल गरेका थिए । यही महिनाको माघ ६ गतेदेखि हवाईसेवा सुरू भयो २०६८ मंसिरसम्म । त्यसपछि विभिन्न बहानामा यहाँ जहाज अवतरण हुन छाड्यो । भनिन्छ, यहाँ नियमित हवाईसेवा सञ्चालनमा आउँदा नेपालगञ्ज र भैरहवामा विमानसेवा प्रभावित बनी त्यहाँको व्यापार घट्न थाल्यो । त्यसैले पनि नेपालगञ्ज र भैरहवाको शक्तिले तुलसीपुरको विमानसेवालाई पछि धकेल्ने प्रयास गरिरहे ।

### उद्योग वाणिज्य संघको पहल


मुलुक त्यसबेला जनप्रतिनिधिविहीन थियो । ब्युरोक्रेसीले सुन्दैनथ्यो । यात्रु पाउने भए पनि खाली जहाज उडाएर सानेवानीलाई घाटामा लैजाने प्रयत्न हुन थाल्यो कर्मचारीतन्त्रबाट । हवाईसेवाका लागि तुलसीपुर उद्योग वाणिज्य संघले निजी कम्पनीलाइ एप्रोच गर्यो । 'हामीले तारा एयरदेखि गोमा एयरसम्मलाई प्रयास गर्यौं, तारा एयरले परीक्षण उडान गरे पनि रेस्पोन्स नै गरेन'–तत्कालिन तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्ष विमल रिजाल भन्छन् । त्यसपछि यात्रु उपलब्ध गराउने लिखित सहमतिसहित तुलसीपुर उद्योग वाणिज्य संघ आफैले टिकट बेचेर विमान सेवा सञ्चालनमा अर्थपूर्ण पहल गर्यो, तर यो पनि ६ महिनाभन्दा बढी चल्न सकेन ।

## जब जनप्रतिनिधि आए

अनेक प्रयास गर्दा पनि बन्द विमान सेवा सञ्चालन गरिछाड्ने चुनावी एजेण्डा नै बनाएका घनश्याम पाण्डेलगायत जनप्रतिनिधिहरू तुलसीपुर उपमहानगपालिकाको नेतृत्वमा आएपछि हवाईसेवा नियमित सञ्चालनमा ल्याउन प्रयत्न थाले । यात्रु नपुगे उपमहानगरपालिकाले ब्यहोर्ने प्रतिबद्धता जनाएसँगै समीट एयरले वि.सं. २०७५ पुस दोस्रो सातादेखि उडान सुरू गर्‍यो । भाडाका विषयमा स्थानीय तहसँग सम्झौता गरेबमोजिम भन्ने थियो । तर समीट एयरले एकाएक तात्कालिन भाडा ७ हजार २ सय रूपैयाँबाट बढाएर ६ हजार ८ सय पुर्‍यायो । अन्ततः यात्रु पनि यसको विकल्पमा भैरहवा र नेपालगञ्जबाट हवाइसेवा लिन सस्तो मान्न थाले ।

समीट एयरले भाडा बढाएसँगै यात्रु नपाएको बहानामा सेवा बन्द गर्‍यो । केही समय फेरि तुलसीपुरमा हवाइसेवा बन्द भयो । तर जनप्रतिनिधिहरू थाकेनन् । त्यसपछिको पहल नेपाल वायुसेवा निगमसँग सुरू गरे । फलस्वरूप मिति २०७६ असोज २३ गतेदेखि नेपाल वायु सेवा निगमको विमानले नियमित सेवा दिइरहेको छ ।

'हामीले यतिधेरै प्रयास गर्नुपर्‍यो कि टिकट बिक्री नभए तुलसीपुर उपमहानगरपालिकाले पैसा तिर्ने भनेर नेपाल वायुसेवा निगममा पैसा



## हवाई सेवा संचालन सम्झौता पत्र

नेपाल वायुसेवा निगमको तर्फबाट अख्तियार प्राप्त बाणिज्य विभागका निर्देशक श्री टंकनिधि दाहाल (यस पश्चात् "प्रथम पक्ष" भनिएको) तथा दाङ्ग जिल्ला, तुलसीपुर उप-महानगरपालिकाको तर्फबाट नगर प्रमुख श्री घनश्याम पाण्डे (यस पश्चात् "दोस्रो पक्ष." भनिएको) का बिच बिगतमा दाङ्ग जिल्ला स्थित टरिगाँउ बिमानस्थलमा नेपाल वायुसेवा निगमले नियम्ति उडान सेवा संचालन गरेको तर बिचमा बन्द रहेकोमा उक्त बिमानस्थल पुन: संचालनमा आएको र देहायका शर्त तथा अवस्थाहरुको अधिनमा रहने गरि आगामी दिनमा हवाई सेवा संचालन गर्ने आपसी सहमति भै सार्वजनिक हवाई सेवा सु-संचालन गर्ने उद्देश्यले यो सम्झौतापत्र सम्पन्न भएको छ।

**शर्त तथा अवस्थाहरु :**


(१) सम्झौता बमोजिम हवाई सेवाको संचालन हप्ताको ३ (तीन) पटक सोमबार, बुधबार र शुक्रबार गरिने छ र उडानको रुट **काठमाडौं-दाङ्ग-काठमाडौं** हुनेछ। बजारको माग भएमा दोस्रो पक्षको लिखित अनुरोध अनुसार निगमले हप्तामा ६ (६) वटा सम्म उडान गर्न सक्नेछ।

(२) उक्त रुट भई संचालन हुने हवाई सेवामा दोस्रो पक्षले आतेजाते (दुई तर्फी) जम्मा १२ (बाह्र) वटा सिटको ग्यारेण्टी ( सुनिस्चित) गर्नेछ। यदि सो भन्दा कम यात्रु लिएर उडेको खण्डमा दोस्रो पक्षले ग्यारेन्टि (सुनिस्चित) गरेको संख्याको खुद भाडादर (normal fare बाहेक) दोस्रो पक्षले यस सम्झौताको शर्त नं (४) अनुसार जम्मा गरेको रकमबाट प्रथम पक्षले असुल उपर गर्नेछ। तर यस प्रायोजनका लागि FOC (Free of Cost) टिकटलाई गणना गरीने छैन।

(३) हवाई भाडा तथा ईन्धन शुल्क दर प्रति यात्रु (यात्रु सेवा शुल्क सहित) देहाय बमोजिम हुनेमा दोस्रो पक्ष सहमत रहेको छ।
(क) भाडादर प्रथम पक्षले तोके बमोजिम हुनेछ।
(ख) यात्रु सेवा शुल्क बिमानस्थल सेवा शुल्क नियमावली अनुसार हुने छ।
(ग) ईन्धनको मूल्य घटबढ हुँदा वा अन्य कारणले हवाई भाडा दर परिवर्तन हुन सक्नेछ। यस अवस्थामा प्रथम पक्षले समय समयमा तोकेको हवाई भाडादर लागू हुनेछ।

(४) दोस्रो पक्षले धरौटी बापत रु.१०,००,०००/- (अक्षरुपी दश लाख मात्र) निगमको खातामा सम्झौता बमोजिम रकम कट्टा हुने शर्त अनुसार धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ। धरौटी स्वरुप प्रथम पक्षको खातामा दोश्रो पक्षबाट जम्मा भएको धरौटी रकमको खर्च तथा बाँकी हिसाबको बिवरण प्रत्येक ३ (तीन) महिनामा दोश्रो पक्षलाई प्रथम पक्षले लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी राखिएको धरौटी बापतको रकम मौज्दात रु. १,००,०००/- (अक्षरुपी एक लाख मात्र) सम्म वा सो भन्दा कम हुन आएमा प्रथम पक्षले दोस्रो पक्षलाई सोको जानकारी दिनुपर्नेछ। र सो जानकारी प्राप्त भएपश्चात दोस्रो पक्षले पुन: रु.१०,००,०००/- (अक्षरुपी दश लाख मात्र) मौजदात पुग्ने गरि निगमको खातामा धरौटी रकम जम्मा गर्नुपर्नेछ। दफा (७) बमोजिम सम्झौता अवधि पुरा भई पुन: नविकरण हुन नसकेमा पहिलो पक्षको खातामा बाँकी रहेको उक्त धरौटी रकम दोश्रो पक्षलाई फिर्ता गर्नुपर्ने छ। दोस्रो पक्षले धरौटी बापत निगमको निम्न खातामा जम्मा गर्नु पर्नेछ।

Bank Name: Rastriya Banijya Bank
Branch: Bishal Bazar
A/C Name: Nepal Airlines Corporation
A/C Number: 109015218802
Currency: NPR



(५) सम्भव भए सम्म निगमको दैनिक कार्यालय सञ्चालानका लागि आवश्यक पर्ने स्थान तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु दोस्रो पक्षले निशुल्क व्यवस्था गर्नुपर्नेछ।

(६) काबु बाहिरको (प्राकृतिक विपत्ती, मौसमी खराबी, प्राविधिक कारण र बिमानस्थल बन्द रहेको अवस्था) परिस्थिति उत्पन्न हुने अवस्था बाहेकको अन्य सामान्य अवस्थाहरुमा प्रथम पक्षले नियमित सेवा संचालन गर्नुपर्नेछ। उक्त उल्लेखित परिस्थीतिको कारणबाट ढिला गरी भोलिपल्ट उडान हुने भएमा उक्त ढिला उडानका यात्रुसंख्या गणना गर्दा शर्त नं (२) मा उल्लेख भएको ग्यारेण्टी (सुनिस्चितता) को ५० % लागू हुनेछ। उदाहरणको लागि भनिएको मितिमा उडान गर्न नसकी भोलिपल्ट उडान गर्नुपरेमा दोस्रो पक्षले आतेजाते जम्मा ६ वटा सिट ग्यारेण्टी गर्नेछ।

(७) सम्झौता अवधि बहु बर्षे प्रकारको हुनेछ। सम्झौता अवधि बारे पूर्नविचार गर्नुपर्ने भएमा कम्तीमा ३० (तीस) दिन समय दिई अर्को सम्झौता अवधि समेत तोकी नयाँ अवधिको लागि सम्झौता गर्न सरोकार राख्ने पक्षले लिखित पत्राचार गर्नुपर्ने छ।

(८) यो सम्झौतामा लेखिएका सम्पूर्ण सर्तहरु पालना गर्न सकिने प्रकृतिका रहेका छन्। यसमा लेखिएको कुनै शर्त तथा अवस्थाहरु आपसी सहमतिमा परिमार्जन गर्न सकिने छ।

((९) यो सम्झौताका दुबै पक्षले आवश्यक अख्तियारी सहित यो सम्झौता-पत्रमा हस्ताक्षर गरिएको छ।

(१०) यसमा लेखिएका सम्पूर्ण सर्तहरु दुबै पक्षका निमित्त बाध्यकारी हुने छन्।

(११) कुनै पनि पक्षले ३० दिनको अग्रिम लिखित सूचना दिई सम्झौता रद्ध गर्न सक्नेछ।

(१२) यस सम्झौतामा उल्लेख भएका शर्तहरुको हकमा यसै बमोजिम हुनेछन् र नलेखिएका अन्य बिषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

(१३) यो सम्झौता तत्कालदेखि लागू हुनेछ।

हामी दुबै पक्षले यस सम्झौताका शर्तहरु पढी त्यसको मतलब र परिणाम समेत बुझि देहायका साक्षीहरुको रोहवरमा यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं।

**प्रथम पक्ष**
नेपाल वायुसेवा निगमको तर्फबाट अख्तियारप्राप्त
श्री टंकनिधि दाहाल
निर्देशक, वाणिज्य विभाग

साक्षी
श्री रिना राई
उप-निर्देशक, वाणिज्य विभाग

**दोश्रो पक्ष**
तुलसीपुर उप-महानगरपालिकाको तर्फबाट
श्री घनश्याम पाण्डे
नगर प्रमुख

साक्षी
श्री
प्रमुख प्रशासकीय अधिकृत

ईति संवत २०७५ साल कार्तिक ३० गते रोज ६ शुभम्।

समेत डिपोजिट गरेर सेवा सञ्चालनमा आइरहेको छ'–तुलसीपुर उपमहानगरपालिकाका प्रमुख पाण्डे भन्छन्। उपमहानगरपालिका आफैले टिकट बिक्री गरेर पनि केही समय हवाईसेवा चलेपछि बल्ल नागरिक उड्डयन प्राधिकरणले आफ्ना कर्मचारी पठाएको छ। सम्भवतः नेपालका आन्तरिक उडानहरूमा सबैभन्दा बढी मुनाफा हुने हवाइसेवा तुलसीपुर विमानस्थलमा छ।

## साकार भयो सपना

नियमित रूपमा हवाईसेवा सुरू हुन थालेपछि तुलसीपुर लगायत सिंगो दाङवासीको जहाज सपना साकार भएको छ। बिरामी हुँदा स्वास्थ्य उपचारका लागि होस् वा दुर्घटनाका घाइतेलाई समयमै सुविधासम्पन्न अस्पतालमा पुऱ्याउनका लागि, हवाईसेवा निकै सहयोगी बन्दै आएको छ। कतिपय गम्भीर प्रकृतिका बिरामीहरू समयमै स्वास्थ्यउपचारका लागि सुविधासम्पन्न अस्पताल पुग्नसक्ने भएका छन् भने राजनीतिक दलका नेता तथा अत्यावश्यक काम विशेषले दाङ आउनेहरूका लागि पनि छरितो यातायातको माध्यम बनेको छ, हवाईसेवा।

'बिरामी मान्छे बसमा बसेर काठमाडौं पुग्न निकै समस्या थियो, तर यो पटक जहाजमै काठमाडौंबाट घर फर्कन पाएँ'–काठमाडौंबाट लकडाउन अघि तुलसीपुर आएका तुलसीपुर उपमहानगरपालिका–१७ फोर्टिनाइन निवासी टीकाराम शर्माले प्रतिक्रिया दिए। उनी मुटुका रोगी हुन्। हवाईसेवाले बिरामीहरूका लागि विशेष सहजता ल्याएको उनको अनुभूति थियो। यहाँ हवाईसेवा नहुँदा उनी यस अघि कहिले नेपालगञ्ज त कहिले भैरहवा विमानस्थल हुँदै फेरि सडक यातायात तय गरेर दाङसम्म आउँथे।

'हामी अब नियमित हवाईसेवाका लागि आशावादी छौं कि अब हवाईसेवा रोकिने छैन', तुलसीपुर उद्योग बाणिज्य संघका अध्यक्ष रामप्रसाद चालिसेले भने। जीर्ण कट्रोलरूममा जहाजसँग सम्पर्क गर्न प्रयोग हुने शक्तिशाली मेसिन जडान, यात्रुका लागि टर्मिनल भवन निर्माण, इन्धन डिपो निर्माण प्रक्रिया अघि बढिरहेको अवस्थामा नियमित हवाईसेवामा अब कुनै पनि अवरोध नहुने पनि उनको अपेक्षा छ।



## मेलमिलापले जगाएको विश्वास

## नागरिकको रोजाइमा

# न्यायिक समिति



जे.एन. सागर

**सुरुवाती दिनमा खासै विश्वास नपाएको न्यायिक समिति उसको मेलमिलापको कामले पछिल्ला दिनमा भने आम नागरिकको रोजाइमा परेको छ ।**

३/४ वर्षकै उमेरमा आमा बितिन् । बुवा पनि सधैँ मदिराले लठ्ठिएर दिन बित्ने । सायद त्यसैले होला दूधे बालिकालाई माया मारेर आमाले आत्महत्या गरेको पनि । परिवारको अवस्था दयनीय भएपछि ती बालिका मामाघरको संरक्षणमा थिइन् । जब उनी १४ वर्षकी भइन् उनको पेटमा गर्भ भेटियो । बालिकाको पेटमा गर्भ भेटिएपछि ती बालिका नै अलपत्र हुन पुगिन् । बालिकाको ज्यान जोखिममा पर्दै गयो । आफन्तहरूले पनि उनलाई वास्ता गर्न छोडे । बेवारिसेजस्तै भइसकेकी ती बालिकालाई सबैले छोडे पनि अप्ठेरोकै बेला उनलाई स्थानीय सरकारले भेट्यो । तुलसीपुर उपमहानगरपालिका कार्यपालिका सदस्य डिला परियारले न्यायिक समितिसम्म पुऱ्याउनुभयो । न्यायिक समितिले आफ्नै सुरक्षा आवासमा राखेकी बालिकाले शिशुको जन्म दिनेमात्रै होइन न्यायका लागि अदालतसम्म पुऱ्याएर उनलाई परिवारमै पुनः स्थापना गऱ्यो ।  आज पनि उनको शिशुलाई बा भेटाइदिने ध्याउन्नमा छ न्यायिक समिति ।

माइती जनकपुर, घर तुलसीपुर । तामझाम गरेर विवाह गरेको पनि धेरै भएको थिएन । विस्तारै श्रीमान् घर आउन छोडे । एकदिन, दुईदिन त काम पऱ्यो होला भन्ने लाग्यो । तर धेरैदिनसम्म पनि घर नआएपछि श्रीमतीले शोधखोज गरिन् । त्यतिबेलामात्रै थाहा भयो श्रीमान्ले दोस्रो श्रीमती नै ल्याएर दुई वर्षदेखि अर्कै ठाउँमा बसेका रहेछन् । श्रीमान्ले अर्की श्रीमती ल्याएर बसेको भन्ने थाहा

पाएपछि उनलाई रिस नउठ्ने त कुरै भएन मुद्दा लाग्ने अवस्था पनि थियो तर उनले विवाद बढाउने भन्दा पनि समाधान खोज्नतिर लागिन् र तुलसीपुर उपमहानगरपालिकास्तरीय न्यायिक समितिमा उजुरी दिइन् । उनको माग थियो विवाह हुँदा माइतीबाट ल्याइएका सरसामान फिर्ता गराई पाऊँ भन्ने । न्यायिक समितिले छलफल गरायो र पीडितलाई ६ लाख नगद उपलब्ध गराएपछि पीडित जनकपुर फर्किइन् ।

हिंसाजन्य यस्ता सयौं घटनाको निरूपण र पीडितलाई न्याय दिलाउने काममा तुलसीपुर उपमहानगपालिकास्तरीय न्यायिक समिति क्रियाशील छ । न्यायिक समितिको कार्यादेश नै मेलमिलाप गराउने हो । सकेसम्म समाजमा मिलाप होस् भन्ने मात्रै होइन सानातिना विवाद प्रहरी र अदालतसम्म पुग्दा हुने खर्च भार पनि कम हुँदै गएको छ । सुरूवाती दिनमा खासै विश्वास नपाएको न्यायिक समिति उसको निष्पक्ष मेलमिलापको कामले पछिल्ला दिनमा भने न्यायका लागि आम नागरिकको रोजाइमा परेको छ ।

## चारवर्षमा १९१ विवादमा मिलापत्र

पहिलो पटक स्थानीय तहको निर्वाचनपछि आएका जनप्रतिनिधिको काँधमा नयाँ कामको जिम्मेवारी आयो । जनताको विकासको आकांक्षा पूरा गर्ने जनप्रतिनिधिको सपना थियो । तर संविधानले जनप्रतिनिधिलाई झैंझगडा, विवाद हेर्ने जिम्मेवारी पनि थप्यो । राजनीतिक पृष्ठभूमिबाट आएका जनप्रतिनिधिलाई विवाद निरूपण गर्ने जिम्मेवारी चुनौतीपूर्ण नै थियो । तर तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख माया आचार्य र न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताको कार्य संयोजनले जनतालाई न्याय दिन सहज भएको छ । सुरूको वर्ष न्यायिक समितिको व्यवस्थापनमै समय लाग्यो । ०७४ माघ २२ गते पहिलो मुद्दा दर्ता गरिएको थियो । तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिले जनप्रतिनिधि निर्वाचित भएको ८ महिनापछि मात्रै न्याय निरूपणको काम सुरु गर्‍यो । तर सुरूकै वर्षमा ६३ वटा विवाद दर्ता भए । जसमा ३५ वटामा मिलापत्र गर्‍यो भने ११ वटा मुद्दा इजलासबाट निर्णय भए । १७ विवाद जिम्मेवारी सरेर गए । आव ०७५/७६ मा विवादको संख्या झण्डै दोब्बर दर्ता भए । १ सय १८ विवाद दर्ता हुँदा ८० वटा विवादमा मिलापत्र भयो । इजलासबाट १० विवाद निरूपण गरियो । १० विवादमा पक्षले दावी छोडे भने २५ विवादका पक्ष निवेदन दर्ता गराएर फर्किएनन् । १० विवाद जिम्मेवारी सरेर गए । अघिल्लो वर्षभन्दा दोस्रो वर्ष मिलापत्र दोब्बर बढ्यो भने जिम्मेवारी

### न्यायिक समिति तुलसीपुरमा विवाद तथ्याङ्क

| आ.व. | दर्ता विवाद | मिलापत्र | इजलासबाट निर्णय | दावी छोडेको | निवेदक नआएको | जिम्मेवारी सरेको |
|---|---|---|---|---|---|---|
| ०७४/०७५ | ६३ | ३५ | ११ | - | - | १७ |
| ०७५/०७६ | ११८ | ८० | १० | १० | २५ | १० |
| ०७६/०७७ | ८४ | ३४ | ११ | ४ | - | ३५ |
| ०७७/०७८ | ८६ | ४२ | प्रक्रियामा ८२ | | | |
| चारवर्षमा ठाडो उजुरी | | | ३२ वटा मिलापत्र | | | |




सर्ने संख्या पनि आधा घट्यो । तर ०७६/७७ मा न्यायिक समितिमा विवाद अलि घटेर आए । न्यायिक समितिमा ८४ विवाद दर्ता भए । जसमा ३४ मिलापत्र, ११ इजलासबाट निर्णय, ४ विवादका वादीले दावी छोडे भने ३५ विवाद जिम्मेवारी सरेर गए । त्यस्तै आव ७७/७८ मा ८६ विवाद दर्ता भए । ४२ विवादमा मिलापत्र भयो भने जिम्मेवारी सरेकासमेत ८२ विवाद प्रक्रियामा छन् ।

## चार वर्षमा ३४४ विवाद

तुलसीपुर उपमहानगरपालिकास्तरीय न्यायिक समितिमा चार वर्षमा ३ सय ४४ विवाद दर्ता भएका छन् । तीमध्ये २ सय २३ विवाद निरूपण गरिएको छ भने ३६ विवादमा पक्षले दावी छोडेका छन् । ८२ विवाद प्रक्रियमा छन् । चारवर्षमा १ सय ६१ विवादमा मिलापत्र भएको छ भने ३२ वटा विवादमात्रै इजलासबाट निर्णय भए । हालसम्म ३२ ठाडो उजुरीमा पनि मिलापत्र गराइएको न्यायिक समितिका कानुन अधिकृत आँचल बगालेले जानकारी दिनुभयो ।

## आफ्नै सुरक्षा आवास

पीडितलाई न्याय दिन त्यति सजिलो छैन । झगडियाहरूबीच छलफल गराउने र सकेसम्म मेलमिलापमा पुग्ने न्यायिक समितिको उद्देश्य हो । तर द्विपक्षीय छलफल गराउनु अघि नै पीडितलाई उजुरी नगर्न धम्की र उजुरी दर्ता भइहाले प्रलोभनमा पार्ने अधिकांश पीडकहरूको प्रयास हुन्छ । कतिपय विवादमा त पीडितलाई घर निकाला गर्नेदेखि भेटाए ज्यानै मार्नेसम्मको जोखिम हुन्छ । प्राय लैंगिक तथा घरेलु हिंसाका घटनामा पीडितलाई संरक्षणको समस्या हुन्छ । जसबाट पीडित हुनुपर्छ उसैकाविरूद्ध उजुरी दिएर उसँगै एउटै घरमा बस्नुपर्ने पीडितको बाध्यताले हिंसा सहनुपर्ने अवस्था विद्यमान छ। धेरैजसो हिंसा यिनै कारणले घरभित्रै रहने र ठूलो घटना हुने अध्ययनले देखाएको छ । यस्तै समस्यालाई मध्यनजर गर्दै तुलसीपुर उपमहानगरपालिकाले वास्तविक पीडितलाई न्याय दिलाउन सुरक्षा आवाससमेत सञ्चालन गरेको छ । हिंसामा परेका पीडितलाई सुरक्षित राख्न सुरक्षा आवास सञ्चालन गरिएको न्यायिक समिति सदस्य जानका रेग्मीले बताउनुभयो । बजारक्षेत्रमै चार कोठाको सुरक्षा आवास उपमहानगरले सञ्चालन गरेको छ। जहाँ २४ सै घण्टा पीडितको सेवामा खटिने कर्मचारीदेखि खाने–बस्नेलगायतका सेवा उपलब्ध छन् । चार कोठामा ८ वटा बेड छन् । घर भाडामा लिएर निर्माण गरिएको सुरक्षा आवासमा सुरक्षा गार्डसहित ३ जना कर्मचारी छन् । पीडितलाई खान, बस्न, उपचार, मनोविमर्शमात्रै होइन कानुनी उपचारका लागि समेत उपमहानगरपालिकाले व्यवस्थापन गरेको छ । ०७६/७७ देखि सुरू भएको सुरक्षा आवासबाट हालसम्म १८ जना पीडितले सेवा लिइसकेका छन् । तुलसीपुर उपमहानगरपालिकाले सुरक्षा आवासबाट सेवा लिने अवस्था, दिइने सेवा र अवधिबारे कार्यविधि नै तयार गरेको छ । एकजना पीडित एक पटकमा तीन महिनासम्म बस्न पाउने कार्यविधिले व्यवस्था गरेको छ । त्यसपछि उसलाई परिवार तथा सुरक्षित स्थानमै पुनःस्थापना गर्ने व्यवस्था गरिएको न्यायिक समिति सदस्य जानका रेग्मीले बताउनुभयो । सुरक्षित आवास सञ्चालन गरेपछि न्याय निरूपणमा धेरै सहजता आएको छ । जसले गर्दा हिंसाका घटना घरमै लुकाएर बस्ने अवस्थाको अन्त्य गर्न सजिलो भएको रेग्मीको भनाइ छ ।

## उजुरी सुन्न टोल फ्रि नम्बर

हिंसामा परेका व्यक्तिहरूको तत्काल सुनुवाइ गर्न तुलसीपुर उपमहानगरपालिकाले टोल फ्रि नम्बर

सञ्चालनमा ल्याएको छ । कतिपय अवस्थामा पीडित घरबाट बाहिर निस्कन नसक्ने अवस्था हुनसक्छ वा बन्धक समेत बनाइएको हुनसक्छ । अथवा रातको समयमा पनि हिंसामा पर्नसक्छ । त्यस्तो अवस्थामा पीडितले सिधै उपमहानगरपालिकामा सम्पर्क गरेर उद्धारका लागि सहयोग माग्न सक्नेछ । त्यसका लागि उपमहानगरपालिकाले १६६०८२१८००१ टोल फ्रि नम्बर सञ्चालनमा ल्याएको तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिकी संयोजक माया शर्माले जानकारी दिनुभयो । कुनै पनि ठाउँबाट आफनो समस्या सुनाउन पीडितले




कुरा गरेबापत पैसा तिर्नु पर्दैन । निःशुल्क कुरा गर्ने व्यवस्था गरेर पीडितको उद्धार र न्यायका लागि सहजता ल्याएको संयोजक शर्माले बताउनुभयो ।

## क्विक रेस्पोन्स

जुनसुकै समयमा जुनसुकै व्यक्ति हिंसाका कारण समस्यामा परे न्यायका लागि तुलसीपुर उपमहानगरपालिकाको टोल फ्रि नम्बर १६६०८२१८००१ मा कल गर्न सक्छन् । यो नम्बरमा फोन गर्दा पीडितलाई पैसा लाग्दैन । पीडितले फोन गरे तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिले रिसिभ गर्छ । न्यायिक समितिकी कानुन अधिकृतलगायत समितिका कर्मचारीले २४सै घण्टा उक्त फोन उठाएर सुनुवाइ गर्छन् । यदि पीडितलाई उद्धार नै गर्नुपर्ने अवस्था भए महिला बालवालिका शाखा, नेपाल प्रहरी वा सरोकारवालासँग तत्काल समन्वय गरी न्यायिक समितिले पीडितको उद्धारको व्यवस्था गर्छ । उद्धार गर्नुपर्ने अवस्था नभए हिंसामा परेका व्यक्तिले न्यायका लागि सुझाव लिने काममा पनि टोल फ्रि नम्बरमा फोन गर्न सकिने कानुन अधिकृत आँचल बगालेले बताउनुभयो । अप्ठेरै अवस्था भए हामी तत्काल उद्धारमा जान्छौँ बगालेले भन्नुभयो,- पीडितको अवस्था हेरेर सुझाव वा परामर्श मात्रैका लागि पनि फोन गर्न सकिनेछ ।

## ५९ मेलमिलापकर्ता, १८ तामेलदार

तुलसीपुर उपमहानगरपालिकाले विवाद समाधानका लागि ५६ मेलमिलापकर्ता सूचीकृत गरेको छ । हरेक वर्ष उपमहानगरले मेलमिलापकर्ताको सूची नविकरण गर्छ । सूचीकृत मेलमिलापकर्ताहरूले न्यायिक समितिमा आउने विवाद समाधानका लागि भूमिका खेल्छन् । उपमहानगरपालिकाका १९ वटै वडामा मेलमिलापकर्ता छन् तर सबै सूचीकृत छैनन् । वर्षेनी सूची नवीकरण गर्ने भएकाले धेरैजसो नवीकरणमा आउँदैनन् तर मेलमिलापका लागि सहजीकरण गर्न समस्या नभएको न्यायिक समितिले जनाएको छ । यसैगरी विपक्षीका नाममा म्याद तामेल गर्न उपमहानगरपालिकाले १८ जना तामेलदार नियुक्त गरेको छ । उनीहरूले १९ वटै वडामा म्याद तामेल गर्दै आएका छन् ।

## मेलमिलाप प्रक्रिया

झगडियाले निवेदन दर्ता गराएपछि न्यायिक समितिले १५ दिनको म्याद तामेल गर्छ । घटनाको प्रकृति र झगडियाको अवस्था हेरेर १५ दिनको म्याद तामेल गरिएको न्यायिक समितिले जनाएको छ । कुनै-कुनै विवादमा झगडियाहरू सहमत भए उजुरी दर्ता भएकै दिन पनि छलफल गर्न सकिने न्यायिक समिति संयोजक माया आचार्यले बताउनुभयो । नियमअनुसार १५ दिनभित्र प्रतिउत्तर लगाउनुपर्छ । त्यसपछि विवादका पक्ष र विपक्षबीच मेलमिलाप प्रयास गरिन्छ । मेलमिलापका लागि पक्ष र विपक्षीले सूचीकृत मेलमिलापकर्तामध्ये

आफ्नूले रोजेका मेलमिलापकर्ताको उपस्थितिमा तीनपटकसम्म मेलमिलापको प्रयास हुन्छ । दुवैपक्ष जीतको अवस्था ल्याउन सकिए मेलमिलाप भएर विवाद टुंगो लाग्ने नत्र इजलासबाट विवादबारे निर्णय हुन्छ । न्यायिक समितिमा हरेक मंगलवार र शुक्रवार इजलास बस्छ । मेलमिलापका लागि न्यायिक समितिले छुट्टै मेलमिलाप कक्षको व्यवस्था समेत गरेको छ ।

## मेलमिलाप केन्द्रको नीति

तुलसीपुर उमपहानगरपालिकाले समाजमा हुने विवादको निरूपण वडास्तरमै समाधान गर्न मेलमिलाप केन्द्रको नीति लिएको छ । उपमहानगरपालिकाका १९ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गर्न तयारी थालिएको उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले जानकारी दिनुभयो । चालु आव ०७७/७८ मै सबै वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने लक्ष लिएको उपमहानगरपालिकाले लकडाउनका कारण समस्या भएको बताएको छ । तर आव ०७८/७९ मा उपमहानगरका १९ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने तयारी छ ।

## वडा नं. १२ मा मेलमिलाप केन्द्र सञ्चालनमा

तुलसीपुर उपमनपा वडा नं. १२ ले मेलमिलाप केन्द्र सञ्चालन गरेको छ । वडामा जनप्रतिनिधि निर्वाचित भएर आएदेखि नै मेलमिलाप केन्द्र स्थापना गरिएको वडाध्यक्ष एवं तुलसीपुर उपमहानगरपाकिाका प्रवक्ता श्याम डाँगीले जानकारी दिनुभयो । 'गाउँका विवाद गाउँमै मिलाउँ भन्ने उद्देश्य हो' प्रवक्ता डाँगीले भन्नुभयो,- 'वडा नं. १२ मा सञ्चालनमै छ अब अरू सबै वडामा पनि मेलमिलाप केन्द्र सञ्चालन गर्छौं ।' वडा नं. १२ मा सञ्चालित मेलमिलाप केन्द्रले चार वर्षमा झण्डै १ सय विवाद मिलाएको छ । 'विवाद आए हामी छलफलमा बस्छौं' मेलमिलापकर्ता भीमबहादुर बस्नेतले भन्नुभयो,- 'धेरेजसो विवाद गाउँमै मिलाएका छौं । समस्या आए न्यायिक समितिमा रिफर गर्छौं ।' उहाँले मेलमिलाप गराए बापत एउटा विवादको एक हजारका दरले पारिश्रमिक दिने व्यवस्था वडा कार्यालयले मिलाएको छ ।

## ज्येष्ठ नागरिकलाई निवेदन दस्तुर छुट

न्यायिक समितिले ज्येष्ठ नागरिकका लागि निवेदन दस्तुरमा छुट दिएको छ । अरू पक्षका लागि निवेदन दिँदा राजश्वस्वरूप लिइने २ सय रूपैयाँ ज्येष्ठ नागरिकहरूका लागि छुट दिइएको समितिले जनाएको छ । यस्तै हिंसापीडित र यातनापीडितका लागि राजश्वस्वरूप लिइने दस्तुर छुट दिइएको न्यायिक समितिले जनाएको छ ।

## फैसला कार्यान्वयनका लागि अनुगमन

न्यायिक समितिले हरेक तीन-तीन महिनामा अनुगमन गरिरहेको छ । न्यायिक समितिमार्फत पछ्यौंट गरिएका विवादमा मेलमिलाप वा निर्णय व्यवहारिकरूपमा कार्यान्वयन भए नभएको हेर्न समितिले अनुगमन गरेको हो । मिलापत्रपछिको अवस्था र केही समस्या भए समाधान गर्ने प्रयासअनुरूप समितिले अनुगमन थालेको हो । निर्णय हुने तर कार्यान्वन नहुने समस्या आउँछन्, त्यसो हुन नदिन नियमित अनुगमन गर्छौं कानुन अधिकृत आँचल बगालेले भन्नुभयो,- अनुगमनले निर्णय कार्यान्वयनमा बल पुगेको छ । उहाँले नगर प्रहरी भए विवाद समाधानको प्रक्रियामा थप बल पुग्ने बताउनुभयो ।

# शिक्षा सुधारको मानक तुलसीपुर

गुणस्तरीय शिक्षाका लागि यहाँबाट बाहिरिनेको संख्या त कम भएको छ नै भित्रिने संख्या पनि उकालो लागेको छ ।



वसन्त आचार्य



जनप्रतिनिधि आएको चार वर्षमा तुलसीपुरको शैक्षिक क्षेत्रको स्वरूप फेरिएको छ । प्राविधिक र उच्च शिक्षाको लागि रेफर सेन्टर जस्तै बनेको तुलसीपुर शिक्षाको हबका रूपमा स्थापित हुन थालेको छ । पालिकाले शिक्षालाई उच्च प्राथमिकता दिएपछि तुलसीपुर हरेकखाले शिक्षाको बलियो गन्तव्यकारूपमा स्थापित हुँदैछ । गुणस्तरीय शिक्षाका लागि यहाँबाट बाहिरिनेको संख्या त कम भएको छ नै भित्रिने संख्या पनि उकालो लागेको छ । साना आकारका विद्यालय ठूला बन्दै गएका छन् । घर आँगनमा प्राविधिक विषय अध्यापन भइरहेको छ । गाउँगाउँमा देशैभरका स्वयंसेवक शिक्षकहरू छरिएका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूले अङ्ग्रेजी माध्यममा पढ्न पाएका छन् । परम्परागत शैलीबाट सञ्चालन भइरहेका सामुदायिक विद्यालयहरू पनि सुविधा सम्पन्न हुँदै गएका छन् । स्थानीय सरकारले गरेको पहलकदमीले सामुदायिक र संस्थागत विद्यालयको अवस्था सुधारिँदै गएको छ । विशेषगरी सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास पनि बढ्दै गएको छ । तथ्याङ्कले पनि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना र उत्तीर्णदर उकालो लागिरहेको देखाउँछ । शिक्षा क्षेत्रमा भएका

# तुलसीपुरको गौरव : मेट्रो कलेज




विभिन्न तहका प्राविधिक विषय पठनपाठनका लागि उपमहानगरपालिकाले तुलसीपुर मेट्रो कलेजको स्थापना गर्‍यो । शैक्षिक सत्र २०७६ बाट सञ्चालनमा आएको कलेजमा ५ सय विद्यार्थीहरूले विभिन्न तहमा अध्ययनका साथै तालिमहरू लिइसकेका छन् । कलेजमा सिटिइभिटीको साझेदारीमा डिप्लोमा तहमा वन विज्ञान, बाली विज्ञान, फुड एण्ड डेरी, मेकानिकल इन्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङको अध्यापन भइरहेको कलेजले जनाएको छ । कलेजले विभिन्न वडासँगको सहयोगमा नगरक्षेत्र भित्रका करिब १ सय जना विद्यार्थीहरूलाई छात्रवृत्तीमा समेत पठनपाठन गराइरहेको नगरप्रमुख घनश्याम पाण्डेले जानकारी दिए ।

त्यसैगरी कलेजमा लुम्बिनी बौद्ध विश्वविद्यालयको सहयोगमा बिएएलएलबी कार्यक्रम समेत सञ्चालनमा छ । कलेजले सामान्य सीप सिकेर जीवनयापन गर्न चाहनेहरूका लागि छोटो अवधिको तालिम समेत दिइरहेको छ । अहिलेसम्म कलेजले विभिन्न २ दर्जन तालिम सञ्चालन गरेको छ ।

कलेजलाई लुम्बिनी प्रदेशकै नमूना कलेजका रूपमा स्थापना गर्न लागिएको पनि नगरप्रमुख पाण्डेको भनाइ छ । कलेजले डिप्लोमा र स्नातक तहका थप नयाँ कार्यक्रम पनि सञ्चालन गर्न लागेको छ ।

तुलसीपुरका पहलकदमीले तुलसीपुर मात्रै होइन सिङ्गो नेपालमै चर्चा कमाएका छन् । यहाँका विभिन्न नमुना कामहरूले देशैभरका स्थानीय तहहरूलाई शैक्षिक यात्राको गोरेटो देखाइरहेका छन् ।

## बसालियो प्राविधिक शिक्षाको जग

तुलसीपुरभित्र प्राविधिक विषयको पठनपाठन नै थिएन । प्राविधिक शिक्षाकै लागि ठूलो जनशक्ति नगरबाट बाहिरिन बाध्य थियो । यसमा प्राविधिक शिक्षा खर्चिलो भएकाले पनि सबैको पहुँचमा थिएन । तर प्राविधिक शिक्षाको सर्वसुलभता र विकासका लागि उपमहानगरपालिकाले प्राविधिक शिक्षा सञ्चालन गर्ने सामुदायिक शिक्षालयहरूलाई अनुदान दिने नीति अख्तियार गरेपछि त्यो सपना साकार भएको छ । तुलसीपुर-१३ का अजय नेपालीको वनविज्ञ बन्ने लक्ष्य थियो । अहिले उनी तुलसीपुर बहुप्राविधिक शिक्षालयमा अध्ययन गरिरहेका छन् । "सानैदेखिको रहर भए पनि पढ्न पाउँदिन जस्तो लागेको थियो यहीं नै सञ्चालन भएपछि बल्ल पढ्न पाइएको छ" नेपालीले भने । अहिले नगरभित्र ६ वटा सामुदायिक विद्यालयहरूले प्राविधिक विषय अध्यापन गराएर प्रति विद्यालय १० लाख अनुदान लिइसकेका छन् । केही विद्यालयहरू प्राविधिक विषय थप गर्ने तयारीमा

**प्राविधिक र उच्च शिक्षाको लागि रेफर सेन्टर जस्तै बनेको तुलसीपुर शिक्षाको हबका रूपमा स्थापित हुन थालेको छ ।**

जुटेका छन् । प्राविधिक विषय अध्यापन हुन थालेपछि नगरमा पालिका बाहिरबाट समेत विद्यार्थीहरू आउने क्रम विस्तारै बढ्दै गएको छ । नगरप्रमुख घनश्याम पाण्डेले भन्नुभयो,–"हामीकहाँ हरेक वर्ष ४ सय बढी विद्यार्थीहरूले प्राविधिक विषय सामुदायिक विद्यालयमा मात्रै अध्ययन गर्ने गरेका छन् ।" उनले त्यसमा आधाभन्दा बढी विद्यार्थीहरू विभिन्न जिल्लाबाट आउने गरेको दावी गरे । पाण्डेले प्राविधिक शिक्षाको विकासले प्राविधिक जनशक्तिको माग पूरा हुँदै गएको दावी गरे । "हामीलाई चाहिने प्राविधिक जनशक्तिको अभाव विस्तारै पूरा हुँदैजाने देखिन्छ"–पाण्डेले भने । उपमहानगरपालिकाभित्र अहिले कृषि विज्ञान, प्राणी विज्ञान, सूचना प्रविधि, अमिन, वन विज्ञान, सिभिल इन्जिनियरिङलगायतका विषय सामुदायिक विद्यालयमा अध्यापन भइरहेको छ ।

### विद्यालय मर्ज

सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गए पनि केही विद्यालयमा भने विद्यार्थी निकै न्यून संख्यामा थिए । 'कतिपय विद्यालयमा विद्यार्थीभन्दा शिक्षकको संख्या धेरै थियो' शिक्षा महाशाखाका अधिकृत चक्र भण्डारीले बताए । उनले विद्यार्थी संख्या कम भएका विद्यालयहरूको सिकाइस्तर निकै कम भएको हुँदा मर्जको प्रक्रिया अगाडि बढाएको बताए । विद्यालय मर्जको प्रक्रिया अगाडि बढाएसँगै १३ वटा प्राविलाई बालविकास केन्द्र कायम राखी कक्षा स्थगन गरिएको छ । ८३ विद्यालयबाट अहिले ७० सामुदायिक विद्यालय पालिकाभित्र रहेका छन् । पहुँच र दुरी नबिग्रने गरी विद्यालय मर्ज गरिएको हो । तोकिएको भन्दा विद्यार्थी संख्या थोरै भएका विद्यालयहरूको सिकाइस्तर कमजोर भएकाले विद्यालय मर्जमा जानु परेको शिक्षा महाशाखा प्रमुख भाष्करराज गौतम बताउँछन् । मर्ज गरिएका विद्यालयका विद्यार्थी र शिक्षकहरूलाई नजिकैको विद्यालयमा स्थानान्तरण समेत गरिएको जानकारी दिए । "कतै विद्यार्थी कम शिक्षक धेरै, कतै विद्यार्थी धेरै शिक्षक कम, त्यसैले हामीले विद्यालय मर्जको अवधारणा अगाडि बढाएका हौँ" नगरप्रमुख पाण्डेले भने । कक्षा स्थगन भएका विद्यालयमा नमुना बालविकास सञ्चालन गरिएको छ । विद्यालय मर्ज भएर सिकाइ प्रक्रिया प्रभावकारी भएपछि कतिपय अभिभावकहरूले संस्थागत विद्यालयबाट सन्तानहरूलाई सामुदायिक विद्यालयमा पढाउन समेत थालेका छन् । 'हामीले विद्यार्थी संख्याको टार्गेट दिएका थियौँ, कतिपय विद्यालयहरूले त्यसलाई पूरा गरेर मर्ज हुनबाट जोगिएका थिए' पाण्डेले भने । अहिले उपमहानगरपालिका भित्रमा ७० सामुदायिक विद्यालय रहेका छन् । तुलसीपुरले सुरू गरेको विद्यालय मर्जको अभियानलाई नेपाल सरकारले समेत प्रोत्साहन रकम दिएर अवलम्बन गरेको पाण्डेले दावी गरे ।

### सामुदायिक विद्यालयमा सापेक्ष शिक्षा

सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउनका लागि अङ्ग्रेजी माध्यमको सुरूवात गरिएको छ । यहाँका १५ वटा सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट पनि पठनपाठन भइरहेको छ भने अन्य विद्यालयमा पनि सञ्चालनका लागि पहल थालिएको छ । अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुन थालेपछि अभिभावकहरूले बालबालिकालाई संस्थागत विद्यालय छाडेर सामुदायिक विद्यालयमै भर्ना गर्न थालेका छन् । 'सामुदायिक विद्यालयमै अङ्ग्रेजी माध्यमको पठनपाठन भएपछि किन संस्थागतमा खर्च गर्नु, मैले त संस्थागतबाट झिकेर सामुदायिक विद्यालयमै छोरालाई भर्ना गरेको छु" गुरूजजुर माविका अभिभावक खिमराज खनालले बताए । उनले सामुदायिक विद्यालयको पठनपाठनबाट सन्तुष्ट रहेको सुनाए । उनीजस्ता कयौँ अभिभावकहरूले अङ्ग्रेजी



माध्यमको पठनपाठन सुरूवात भएपछि सामुदायिक विद्यालयमा बालबालिकाहरू भर्ना गरिरहेका छन् । 'नेपाली माध्यममा अध्यापन भइरहेको सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमको पठनपाठन सुरूवात गर्न कठिनाइ रहेको थियो तर पनि अनुदान दिएर अङ्ग्रेजी माध्यमका शिक्षकहरू राखेपछि सहज बन्दै गएको छ' शाखा अधिकृत चक्र भण्डारीले बताए । उनले सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाउने कुरा सुरूमा अस्वाभाविक लागे पनि विस्तारै सहज बन्दै गएको बताए । 'अभिभावकले पनि अङ्ग्रेजी माध्यमका लागि केही लगानी गरेर सहयोग गर्नुभएको छ' गुरूजजुर माविकी प्राचार्य विष्णुकुमारी केसीले बताइन् ।

## कोभिडमा नमूना काम

शैक्षिक सत्र २०७६ को अन्ततिर कोभिड सङ्क्रमण दर उकालो लाग्यो । अन्य क्षेत्र जस्तै शिक्षण संस्था पनि ठप्प भए । कोभिड विकराल अवस्थामा जाँदै गर्दा शिक्षण संस्था सञ्चालनको वातावरण बिग्रदै गयो । विद्यालय भौतिक रूपमा सञ्चालनको अवस्था नहुँदा पनि तुलसीपुरले भने शिक्षण सिकाइलाई निरन्तरता दिएको शाखा अधिकृत भण्डारी बताउँछन् । उनका अनुसार विद्यार्थीहरूका लागि घरमै अध्ययन गर्ने स्वअध्ययन सामग्री प्रकाशन गरिएको थियो । सामाजिक दुरी पालना गरेर विद्यालयका शिक्षकहरूले घरघरमै पुगेर विद्यार्थीहरूलाई यस्ता सामग्री वितरण गरेका थिए । त्यस्तै कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई दुर शिक्षाअन्तर्गत रेडियोबाट समेत पठनपाठन गराइएको पनि उनले जानकारी दिए । विद्यालयहरूलाई अनलाइन प्रविधिबाट अध्यापन गराउनका लागि स्रोत साधन सम्पन्न समेत बनाइएको थियो । नगरप्रमुख पाण्डेले वैकल्पिक शिक्षालाई प्रभावकारी बनाउनका लागि पालिकाले शिक्षकको कोभिड बीमा समेत गरिदिएको बताउँछन् । "हामीले शिक्षकको कोभिड बीमा गरेपछि संघीय सरकारले पनि त्यसलाई निरन्तरता दिएको हो" उनले दावी गरे ।

कोभिडको समयमा बालबालिकाहरूका सिर्जनात्मक विकासका लागि अनलाइनबाट विभिन्न प्रतियोगितात्मक कार्यक्रम गरेको शाखा अधिकृत भण्डारीले भने । 'घरमै पनि विद्यार्थीहरू सिकाइ र सिर्जनात्मक काममा लागिरहून् भन्नका लागि सबै विद्यार्थीहरूलाई समेटेर यस्तो कार्यक्रम अगाडि बढाइएको हो'-भण्डारीले जानकारी दिए । अनलाइनमा सबै विद्यार्थीको पहुँच वृद्धि गर्नका लागि सिओजी सिम पनि वितरण गरिएको छ । 'विद्यार्थीलाई टेलिकमको सहयोगमा सिम निःशुल्क वितरण गर्नुका साथै अनलाइन कक्षाका लागि आवश्यक पर्ने डाटा समेत उपमहानगरपालिकाले ब्यहोर्ने भएको छ' शाखा अधिकृत भण्डारीले भने ।

## स्वयंसेवक शिक्षक परिचालन

शून्य दरबन्दी हुँदा पनि समुदायले आँटेर सञ्चालन गरिएका माध्यमिक विद्यालयहरूको नतिजा निकै दयनीय थियो । शिक्षक व्यवस्थापनका लागि टिच फर नेपालसँगको सहकार्यमा विभिन्न विद्यालयमा

अङ्ग्रेजी, विज्ञान र गणितका स्वयंसेवक शिक्षकहरू व्यवस्थापन गरिएको छ । 'पहिलो वर्ष ६ वटा र दोस्रो वर्ष १० वटा सामुदायिक विद्यालयमा २ वटा शिक्षकका दरले यस्ता शिक्षक उपलब्ध गराइएको हो' शाखा अधिकृत भण्डारीले भने । उनले स्वयंसेवक शिक्षक परिचालन गरिएका विद्यालयको शैक्षिक गुणस्तर वृद्धि भएको पनि बताए । विद्यार्थीहरू सबैभन्दा धेरै अनुत्तीर्ण हुने विषयका शिक्षकहरूको व्यवस्थापन गरेपछि गुणस्तर र नतिजा उकालो लागेको हो । उपमहानगरपालिकाले साना कक्षाको सिकाइस्तर उकास्नका लागि चेन्जिङ स्टोरीको सहयोगमा विभिन्न ८ वटा विद्यालयमा ३० वटा ग्रुप सञ्चालन गराएर स्वयंसेवकहरू परिचालन पनि गरेको छ । 'बालबालिकाको सिकाइस्तर सानैदेखि नै बलियो बनाउनका लागि नमुनाका रूपमा यो कार्यक्रम लागु गरेका छौँ' महाशाखा प्रमुख गौतमले जानकारी दिए । गौतमका अनुसार सानो कक्षाका विद्यार्थीहरूको सिकाइस्तर वृद्धिका लागि किताबका अलावा विभिन्न सिर्जनात्मक क्रियाकलापमा पनि ध्यान दिइएको छ ।

## शिक्षक करारनामा

सामुदायिक विद्यालयका शिक्षकलाई जिम्मेवार बनाउनका लागि उपमहानगरपालिकाले प्रधानाध्यापक र शिक्षकसँग करारनामा गरेको छ । शिक्षा महाशाखा प्रमुख गौतमका अनुसार करारनामा बमोजिम काम भएको या नभएको भन्ने बारेमा नियमित अनुगमन गरेर शिक्षकको मूल्याङ्कन समेत हुने गरेको छ । उपमहानगरपालिकाले प्रधानाध्यापक र प्रधानाध्यापकले शिक्षकसँग यस्तो करारनामा गर्ने गरेका छन् । करारनामामा वर्षभरी गर्नुपर्ने कामको विवरण हुने भएकाले मूल्याङ्कन गर्न सहज बनेको छ ।

'एउटा शिक्षकले वर्षभरि हिंड्नुपर्ने बाटो कुन हो भन्ने थाहा पाउन सकेन भने त्यसले कसरी सिकाइको स्तर बढाउँछ ?' शिक्षा महाशाखा प्रमुख गौतमले भने । शिक्षकले पनि विद्यार्थीसँग करारनामा गर्ने गर्दछन् । यसरी एक अर्काका सबै बाँधिएपछि सिकाइ उपलब्धिको नजिक पुग्न अहिले सबैलाई सहज भएको छ । 'यसले हाम्रो कमजोरी कहाँनेर छ भनेर औंल्याउनुका साथै शिक्षक र विद्यार्थीलाई नियमित, जिम्मेवारीबोध र जवाफदेही पनि बनाउँदछ" महाशाखा प्रमुख गौतमले भने ।

## इलेक्ट्रिक हाजिरी

सामुदायिक विद्यालयमा शिक्षक उपस्थितिलाई पारदर्शी बनाउनका लागि उपमहानगरपालिकाले पहिलो चरणमा सबै माध्यमिक विद्यालयहरूमा इलेक्ट्रिक हाजिरीको व्यवस्था गरेको छ । शाखा प्रमुख भण्डारीका अनुसार इलेक्ट्रिक हाजिरीको सबै विवरण शिक्षा महाशाखामा आउने भएकाले विवरण अपटेड गर्न सहज भएको छ । "मनलाग्दो ढङ्गले विद्यालयमा आउने क्रमको अन्त्य मात्रै भएको छैन, कामको बहानामा बीचमै विद्यालय छाडेर जान पनि रोकिएको छ" भण्डारीले भने । उपमहानगरपालिकाले २३ वटा माध्यमिक विद्यालयमा यस्तो हाजिरी प्रणालीको सुरूवात गरेको छ ।

## भौतिक संरचना र प्रविधिमैत्री

सामुदायिक विद्यालय भन्ने बित्तिकै जीर्ण भवन, पानी चुहिने छानो, साना अँध्यारा कोठा भन्ने मिथक नै बनेको थियो । प्रविधिको नाममा राम्रोसँग नचल्ने पुरानो कम्प्युटरबाहेक केही पनि हुँदैन थियो । तर अहिले सामुदायिक विद्यालयहरू स्रोत साधन सम्पन्न हुँदै गएका छन् । शैक्षिक गुणस्तर वृद्धि र विद्यार्थी आकर्षणका लागि भौतिक संरचनाको विकास अत्यावश्यक भएकाले उपमहानगरपालिकाले भौतिक संरचनाको विकासलाई पहिलो प्राथमिकताका साथ अगाडि बढाएको देखिन्छ । 'हामीले पालिकास्तरबाट गर्नसक्ने यतैबाट गरेका छौँ, प्रदेश र संघमार्फत हुने ठूला योजनाका लागि पहल गरेका छौँ' नगरप्रमुख पाण्डेले भने । उनका अनुसार विद्यालयको भौतिक संरचनाका साथै साधन सम्पन्न बनाउने काम समेत भएको छ । "आज हरेक विद्यालयमा इन्टरनेट पुगेको

छ, कम्प्युटर ल्याबमा विद्यार्थीलाई पुग्ने कम्प्युटर छ, विज्ञान प्रयोगशाला र पुस्तकालय अधिकांश विद्यालयमा पुगेको छ” नगरप्रमुख पाण्डेले दावी गरे । शाखा अधिकृत भण्डारीका अनुसार हालसम्म २० वटा विद्यालयमा पुस्तकालय, ११ वटा विद्यालयमा विज्ञान प्रयोगशाला र १० वटा विद्यालयमा सूचना प्रविधि कक्षाको व्यवस्था पालिकास्तरबाट गरिएको छ । उपमहानगरपालिका भित्रका २१ वटा विद्यालयहरूमा कक्षा कोठा, छात्रावास भवन, शौचालयलगायतका भौतिक संरचना निर्माणको काम सम्पन्न भइसकेका छन् । अधिकृत भण्डारीकाअनुसार विद्यार्थी संख्याका आधारमा भौतिक संरचना निर्माणको काम अगाडि बढाइएको हो । ‘जहाँ विद्यार्थी त्यहाँ संरचना भन्ने नीतिका आधारमा हामीले कक्षाकोठाको अभाव भएका विद्यालयहरूमा संरचना निर्माण गरेका हौँ’ अधिकृत भण्डारीले भने ।

## मातृभाषामा पठनपाठन

स्थानीय भाषिक समुदायलाई लक्षित गरेर उपमहानगरपालिकाले सानो कक्षामा मातृभाषामै पठन पाठन सुरू गरेको छ । मातृभाषामा पढ्न पाउँदा विद्यार्थीहरूको आकर्षण बढेको वडा नं. १ का अध्यक्ष लक्ष्मण भण्डारी बताउँछन् । वीरेन्द्र मावि भ्युडहर सुनपुरमा मगर भाषाको कक्षा सञ्चालन गरिएको छ । पाठ्यपुस्तक समेत स्थानीयस्तरमा तयार गरेर कक्षा सञ्चालन गरिएको शिक्षा महाशाखाले जनाएको छ । ‘घरमा बोल्ने भाषामा स्कुलमा पढाइ हुँदा रमाइलो लागेको छ’ अनिस मगरले भने । अन्य स्थानीय भाषामा पनि कक्षा सञ्चालनका लागि तयारी गरिएको महाशाखाले जनाएको छ ।

## शिक्षाको असर परीक्षण

तुलसीपुरको वास्तविक शैक्षिक अवस्था बुझ्नका लागि पालिकाले सामुदायिक र संस्थागत विद्यालयका बालबालिका बीचमा सिकाइ उपलब्धि मूल्याङ्कन गरेको छ । टिचफर नेपालसँगको सहयोगमा कक्षा १ देखि ८ सम्मका सम्पूर्ण विद्यार्थीका बीचमा गरिएको सर्वेक्षणमा आधारित रहेर अहिले हरेक विद्यालयले एकीकृत विद्यालय सुधार योजना बनाएका छन् । “हाम्रो सिकाइमा कहाँनेर त्रुटी छ भन्ने कुरालाई सूक्ष्म ढङ्गले असर टेष्टमा पहिचान गरिएको छ’ तुलसीपुर उपमहानगरपालिकाका शिक्षा सल्लाहकार शिशिर खनालले बताए । उनले असर टेस्टलाई आधार मानेर उपमहानगरपालिकाको नयाँ शैक्षिक नीति तर्जुमा गरेको पनि जानकारी दिए । ‘कक्षा चढेको भरमा विद्यार्थीले सबै सिकेको छ भन्ने हुँदैन, वास्तविक सिकाइ कस्तो छ भन्ने कुरालाई हामीले जोड दिएका छौँ” खनालले भने ।

## नीति निर्माणका तीव्रता

शिक्षा क्षेत्रमा स्थानीय सरकार सञ्चालन ऐनले विभिन्न क्षेत्राधिकार तोके पनि कानुनको अभावमा कयौँ कामहरू अगाडि बढ्न सकेका थिएनन् । ‘हामीले कानुन निर्माणको कुरालाई प्राथमिकतामा राखेर काम गर्‍यौँ, फलतः सोचे अनुसार काम गर्न सकियो’ शिक्षा समितिका पूर्व संयोजक देवराज विकले भने । उनले शिक्षा ऐनका साथै आवश्यकता अनुसार विभिन्न कार्यविधि र मापदण्ड समेत नगरसभा र कार्यपालिकाबाट पारित भएको जानकारी दिए । उपमहानगरपालिकामा शिक्षासँग सम्बद्ध ६ वटा कार्यविधिहरू निर्माण भइसकेका छन् । महाशाखा प्रमुख गौतमका अनुसार कक्षा ८ को आधारभूत तह उत्तीर्ण सम्बन्धी कार्यविधि, विद्यालय शिक्षक सहयोगी कार्यकर्ता तथा कर्मचारी छनोट सम्बन्धी कार्यविधि, नगर शिक्षा समिति गठन सम्बन्धी कार्यविधि, कोचिङ तथा ट्यूसन कक्षा सम्बन्धी कार्यविधि, शिक्षक सरूवा सम्बन्धी कार्यविधि र सिकाइ सहजीकरण सम्बन्धी कार्यविधिलगायतका कार्यविधि निर्माण भएका छन् । यस्तै शिक्षकहरूलाई उत्प्रेरित गर्न शिक्षाविद् विद्यानाथ कोइराला र धनञ्जय शर्माको सहयोगमा हामी पनि सक्छौँ अभियान सञ्चालन, सफ्टवेयरमा आधारित कार्य प्रणालीको विकास, कक्षा ११ सञ्चालनका लागि सहयोग गर्ने काम पनि भएको छ ।




# स्मार्ट छोरी स्वस्थ आमा



दशरथ घिमिरे

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि देशमा नयाँ व्यवस्था लागु भयो । नयाँ संविधानअनुसार तीन तहमा सरकार गठन भए । जसअन्तर्गत जनताको प्रत्यक्ष दिनचर्यासँग स्थानीय सरकार जोडिएको छ । अधिकार सम्पन्न स्थानीय सरकारले जनताको सुःख, दुःखसँग आफ्ना कार्यक्रम तर्जुमा गरे र जनताको अनुहारमा खुशी छर्न तल्लिन र सफल भएका उदाहरणहरू भेटिएका छन् । तुलसीपुर उपमहानगरपालिकाले कार्यान्वयनमा ल्याएको ‘स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी’ कार्यक्रम र ‘सुत्केरी प्रोत्साहन पोषण भत्ता’ कार्यक्रमले जनस्तरमा प्रभाव छोड्न सफल भएको छ । मातृ शिशु मृत्युदर घटाउन सुत्केरी प्रोत्साहन पोषण भत्ता कार्यक्रम सफल देखिन्छ भने, छोरीहरूमा शिक्षाको पहुँच बढाउन, बाल विवाहलाई निरूत्साहित गर्न, छोरीको वृद्धिविकासमा लगानी गर्नुपर्छ भन्ने सन्देश दिन स्मार्ट छोरी कार्यक्रम तुलनात्मक रूपमा सफल मानिएको छ ।

### तुलसीपुरमा ‘स्मार्ट छोरी’

रूपाकुमारी रसाइली खुशी छिन् । उनको खुशी नातिनी इरिसासँग जोडिएको छ । रूपालाई सम्झना छ घरमा छोरी जन्मियो भने हेला गरिन्थ्यो । सुत्केरी हुँदासमेत स्याहारसुसारमा कमी पर्थ्यो । छोरा जन्मियो भने उत्सव मनाउने, छोरीको जन्म भयो भने गुपचुप राख्ने कुसंस्कार हुर्किदै आयो । तर, अचेल छोरीको जन्म हुँदा रूपाकुमारी मात्रै होइन, सिङ्गो समाज अनि परिवार खुशीमा रमाउने गर्छ । परिवारले मात्रै होइन अचेल सरकारले छोरीको जन्महुँदा

खुशी साट्ने गर्छ । तुलसीपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ बाट स्मार्ट छोरी, बिहेबारी २० वर्ष पारी कार्यक्रम सञ्चालन गरेको छ । यो कार्यक्रमले जनस्तरमा सकारात्मक प्रभाव पारेको छ । 'छोरी जन्मदा परिवारभित्र आमा र बच्चाले हेंला, दुर्व्यवहार खेप्नुपर्ने अवस्था छ । यो अवस्थालाई हटाउन स्मार्ट छोरी कार्यक्रमले भविष्यमा ठूलो उपलब्धि हासिल गर्ने छ' रूपाले भनिन्–'गाउँ घरमा यो कार्यक्रमको चर्चा छ ।'

रूपा तुलसीपुर उपमहानगरपालिका वडा नं. १७ की वडा सदस्य पनि हुन् । उनलाई यो कार्यक्रमले प्रभावित बनाएको छ । कसैको घरमा छोरी जन्मियो भने रूपा त्यो घरमा खुशीको कुरा सुनाउन पुग्छिन् । त्यो खुशीको कुरा स्मार्ट छोरी कार्यक्रमसँग जोडिएको हुन्छ । 'गाउँमा प्रचार गर्दै हिंड्छु । छोरी जन्मिएको खबर पाउना साथ खुशी साट्न पुग्छु' रूपाले भनिन्–'तुलसीपुर उपमहानगरपालिकाले यो कार्यक्रम सञ्चालन गरेर धेरै आमा र बच्चाको समस्या सम्वोधन गरेको छ ।' तुलसीपुर उपमहानगरपालिका–८ निवासी सिवानी सापकोटा पहिलो सन्तानको रूपमा घरमा लक्ष्मी बनेर भित्रिइन् । उनको स्वागतमा परिवार जुट्यो । अनि सरकारले पनि साथ दियो । स्मार्ट छोरी कार्यक्रमले सिवानीको नाममा खोलिएको बैंक खातामा एकमुष्ट १२ सय रूपैयाँ दाखिला गरिदियो । वार्षिक १२ सय रूपैयाँ छोरीको बैंक खातामा सरकारले राखिदियो ।'हामी परिवारका सदस्य सबै खुशी थियौं । त्यो खुशीमा उपमहानगरपालिकाले



खुशी थप्ने काम गऱ्यो' सिवानीका बुवा सन्दीप सापकोटाले भने–'छोरीमाथी सरकारले लगानी गरेर समाजमा सकारात्मक सन्देश प्रवाह भएको छ । यसले छोरी माथि हुने हिंसा, दुर्व्यवहार अन्त्य गर्न सघाउ पुग्ने छ ।'

## छोरीमाथि लगानी

तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख घनश्याम पाण्डे र उनको टिमले 'स्मार्ट छोरी, विहेबारी २० वर्ष पारी' कार्यक्रमको अवधारणा अघि सारेको हो । बालविवाह न्यूनीकरण गर्ने र विद्यालय शिक्षामा छोरीको पहुँच बढाउने उद्देश्यले यो कार्यक्रम अघि सारिएको हो । यो कार्यक्रमले लिएको लक्ष्य पूरा हुन र यसको प्रभाव देखिन केही समय पर्खनु पर्ने हुन्छ । महिला, बालबालिका तथा सामाजिक विकास शाखाका कर्मचारी राधा भट्टराईका अनुसार यो कार्यक्रमले भविष्यमा समाज रूपान्तरणको लागि ठूलो उपलब्धि दिने बताउँछिन् ।'मासिक १०० रूपैयाँ छोरीको खातामा राखिए पनि घर परिवारले यसको अर्थ बुझ्न केही वर्ष कुर्न पर्छ' उनले भनिन्–'छोरीको शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा सबैमा सरकारले ध्यान दिएको छ । यसैगरी सबै पक्षले ध्यान दिनुपर्नेछ भन्ने सन्देश पनि हो ।'

तुलसीपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ बाट कार्यविधि तयार पारेर 'स्मार्ट छोरी' कार्यक्रम लागु गरेको हो । उमेर नपुगेर विवाह हुने समस्या छ । यसले गर्दा छोरीको सर्वाङ्गीण विकासमा असर पार्ने गर्छ । एउटा पक्षको मात्रै विकास हुने, अर्को पक्षको विकास नहुने समस्याले समाज विकासमा गहिरो असर पार्छ । अधिकारकर्मी विकिरण गौतमले स्मार्ट छोरी कार्यक्रमले बालविवाह न्यूनीकरणमा टेवा पुग्ने बताए ।'बालबालिकाको क्षेत्रमा जल्दोबल्दो समस्या भनेको बालविवाह हो । यसलाई घटाउन स्मार्ट छोरी कार्यक्रमले सघाउँछ' उनले भने–'२० वर्ष अघि बिवाह गर्न र बैंकमा राखिएको रकम निकाल्न पाइने छैन ।'

तुलसीपुर उपमहानगरपालिकाले २०७७ साउन १ गतेबाट जन्मिएका छोरीलाइ स्मार्ट छोरी कार्यक्रममा समेटेको छ । मासिक १ सय रूपैयाँ गरी वार्षिक १२ सय रूपैयाँ छोरीको खातामा राखिदिने गरिएको हो । आर्थिक वर्ष ०७७/७८ मा कार्यक्रमको लागि १५ लाख बजेट विनियोजन गरिएको थियो । अहिलेसम्म १०७ जना छोरीको खातामा रकम जम्मा गरिएको छ । वडा नं. १ देखि ८ सम्मका लाभग्राहीले सिभिल बैंक र वडा नं. ९ देखि १९ सम्मकाले मेगा बैंकमा खाता खोल्नुपर्ने छ । उपमहानगरले यी बैंकसँग स्मार्ट छोरी कार्यक्रम सञ्चालनको लागि सम्झौता गरेको छ ।

### कार्यविधि पारित गरेर कार्यक्रम सञ्चालन

तुलसीपुर उपमहानगरपालिकाले स्मार्ट छोरी, बिहेवारी २० वर्ष पारी कार्यक्रम सञ्चालन गर्न कार्यविधि तयार पारेको छ । सोही कार्यविधिको आधारमा २०७७ साल साउन १ गतेबाट कार्यक्रम सञ्चालन भएको हो । यो कार्यक्रम अन्तर्गत छोरीको खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले २० वर्ष पूरा भएको र माध्यामिक तहसम्मको शिक्षा पूरा गरेको प्रमाणसहितको निवेदन तुलसीपुर उप-महानगरपालिकामा पेश गर्नु पर्नेछ । यस्तो निवेदन प्राप्त भएपछि तुलसीपुर उप-महानगरपालिकाले रकम भुक्तानी दिनको लागि सम्बन्धित सेवा प्रदायक संस्थालाई लेखी पठाउनेछ । यसरी लेखी आएपछि मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रूपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ । कार्यक्रम सञ्चालनका लागि तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिकाले हरेक आर्थिक वर्षमा बजेट विनियोजन गरी खर्च व्यवस्थापन गर्नेछ ।

### पोषण भत्ताले 'आमा' खुशी

कमला डिसी मानपुर स्वास्थ्य चौकीको

**छोरीको शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा सबैमा सरकारले ध्यान दिएको छ । यसैगरी सबै पक्षले ध्यान दिनुपर्नेछ भन्ने सन्देश पनि हो ।**

बर्थिङ सेन्टरमा सुत्केरी सेवा लिन पुगिन् । सुत्केरी भएर डिस्चार्ज भएको दिन नगद १८ सय पाइन् । गाडीभाडाको रूपमा उनलाई सो रकम दिइयो । सुत्केरी सेवा लिनु अघि गर्भबसेपछि उनको चार पटक जाँच भएको थियो । अनि बच्चा जन्मेपछि तीन पटक आमा र बच्चाको स्वास्थ्य जाँच भयो । यी सबै प्रक्रिया पूरा भएपछि कमलाले थप ३२ सय रूपैयाँ पोषण भत्ता पाइन् । सुत्केरी भएको दिन एक हजार ८ सय र त्यसपछि प्राप्त गरेको तीन हजार २ सय गरी जम्मा ५ हजार पोषण भत्ता उनले बुझिन् । कमलाले तुलसीपुर उपमहानगरपालिकाले दिएको पोषण भत्ता बचत गरेर छोरीको नाममा राखिदिनु भएको छ । अनि घरपरिवारले उहाँको पोषण र बच्चाको स्वास्थ्यमा लगानी लगाएको थियो । 'माछा, मासु, गेडागुडी, दूध, घ्यू खुवाउन परिवारले ध्यान दियो । सुत्केरी भएपछि परिवारको माया पाए । सरकारले त्यो मायालाई बढाउने काम गर्‍यो' उनले भनिन्-'सरकारले पोषण भत्ता दिएर आमाको हौसला बढाएकोमा खुशी लाग्यो ।'

तुलसीपुर उपमहानगरपालिकाले सुत्केरी पोषण भत्ता लागु गरेको तेस्रो वर्ष पूरा भएको छ । यो कार्यक्रम लागु भएपछि घरमा हुने सुत्केरी दर शून्यमा झरेको छ । आर्थिक वर्ष २०७७/०७८ मा घरमा सुत्केरी नभएको, सबै आमा अस्पतालमा पुगेर सुत्केरी भएको तुलसीपुर उपमहानगरपालिका स्वास्थ्य महाशाखाकाका सिनियर अनमि निरिक्षक राधिका गौतमले जानकारी दिइन । ६ ओटा वर्थिङ सेन्टरमा गत साउन १ देखि वैशाख महिनाको अन्तिमसम्म १

सय ४६ जना आमा स्वास्थ्य चौकीमा सुत्केरी भएको तथ्याङ्क छ । यहाँ सुत्केरी हुने, तुलसीपुर प्रादेशिक अस्पतालसहित जिल्ला बाहिरका स्वास्थ्य संस्थामा पुगेर सुत्केरी सेवा लिने ८ सय २२ जना आमाले पोषण भत्ता लिएको उपमहानगरपालिकाको स्वास्थ्य महाशाखाले जनाएको छ ।

सुत्केरी सेवालाई प्रभावकारी बनाउन, आमा र बच्चाको स्वास्थ्य जाँचको लागि घरमै पुगेर स्वास्थ्य सेवा दिन अनमि परिचालन गरिएको डुरूवा स्वास्थ्य चौकीका प्रमुख बसन्तकुमार आचार्यले जानकारी दिए । तुलसीपुर उपमहानगरपालिका भित्र आर्थिक बर्ष २०७५/०७६ मा १ हजार ४ सय ७३ जना आमा सुत्केरी भएका छन । सुत्केरी आमाहरूले सुत्केरी पोषण प्रोत्साहन भत्ता अन्तरगत ३७ लाख २ हजार बुझेका छन । जस मध्य सबै प्रोटोकल पूरा गर्ने आमाको संख्या ३ सय २४ जना रहेको छ । स्वास्थ्य संस्थामा सुत्केरी भएको तर, बच्चा जन्मिएपछि गराउनुपर्ने तीन पटक स्वास्थ्य जाँच नगराउनेको संख्या उच्च छ । स्वास्थ्य संस्थामा सुत्केरी भएपनि जाँच नगराउनेको संख्या ८ सय ६५ छ । स्वास्थ्य संस्था जादै गर्दा बाटोमा अथवा घरमा बच्चा जन्माउने आमाको संख्या २८ मात्रै छ ।

यस्तै आर्थिक बर्ष २०७६/०७७ मा सबै स्वास्थ्य प्रोटोकल पूरा गर्ने आमाको संख्या ५ सय ५७ छ । स्वास्थ्य संस्थामा सुत्केरी हुने तर, तीन पटक आमा र बच्चाको जाँच नगराउने दर ६ सय १७ छ । घर अथवा बाटोमा बच्चा जन्माउने आमाको संख्या तुलनात्मक रूपमा घट्दो छ । आर्थिक वर्ष २०७६/०७७ मा यो संख्या ८ मात्रै रहेको छ । स्वास्थ्य संस्थामा पुगेर सुत्केरी हुने आमाको संख्या १ हजार १ सय ८२ छ । जसमध्ये आमाहरूले ३० लाख २४ हजार ४ सय रूपैयाँ सुत्केरी पोषण प्रोत्सहन भत्ता बुझेका छन् ।

### कार्यविधि अनुसार सुत्केरी स्याहार पोषण भत्ता

मातृ तथा शिशु मृत्युदर घटाउने मुख्य उद्देश्यले सुनौलो हजार दिनका महिलाका लागि लक्षित गरेर यो कार्यक्रम सञ्चालन गरिएको हो । मातृ तथा शिशु मृत्युदर कम गर्ने, गुणस्तरीय स्वास्थ्य सेवा बढाउन स्वस्थ आमा, शिशु र बालबालिका स्वास्थ्यमा सुधार ल्याई स्वस्थ समाज निर्माण गर्ने साथै नेपालको संविधान बमोजिम आधारभूत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि स्वस्थ आमा स्वस्थ शिशु स्वस्थ परिवार देश विकासको मुल आधार' भन्ने प्रमुख नारा रहेको छ । सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता २०७४ को कार्यक्रम तुलसीपुर उपमहानगरपालिकाको २०७४ भदौ २८ गतेको कार्यपालिका बैठकले पारित गरेको हो । सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम आर्थिक वर्ष २०७४/०७५ बाट लागु भएको हो । यो कार्यक्रम तुलसीपुर उपमहानगरपालिकाका सम्पूर्ण वडाहरूमा एकसाथ लागु भएको छ ।





# हामीले भोट दियौं, सरकारले छाना दियो



एकराज भण्डारी

**'बर्खाभरि छानो चुन्थ्यो, घर भत्केर चाँप्छ कि भन्ने डर ! जेठमासभरी वनमा आगो लाग्दा, घर डढ्छ कि भन्ने डर !' यतिबेला भने उनी भयमुक्त आवासमा छिन् ।**

आधा भाग लिपपोत गरिएको छ । चारसल जति इँट्टा थपेर थोरै गारो बढाइएको छ, जुन भाग बुढाबुढीले पोत्न भ्याएका छैनन् । त्यसमाथि टिनको एकपाखे छानो छ । तुलसीपुर-१६ पर्कर्रे गाउँको पुछारतिर वरपरभन्दा अलिक फरक एउटा घर छ । जसमा ७० वर्ष काटिसकेका चौरी चौधरी र डेफु चौधरीको दम्पती मात्रै बस्छ । यही घरमा टिनको छानो हाल्ने चौरी चौधरीको वर्षौंदेखिको सपना यसै वर्ष पूरा भयो । त्यसैले त चौधरी दम्पतीको अनुहारमा हाँसो छ ।

वर्षौंदेखि यही घरमा टिनको छानो हाल्ने आशामा चौधरी दम्पतीका हाड घोटिए तर सोचें जस्तो कहाँ भयो र ? घरमा खरको छानो हुँदाका ती दिन सम्झँदा चौरी चौधरीका अझै आँखा रसाउँछन् । 'आफन्तका घरमा कहिल्यै बास बसिन, केटाकेटीले घर डढाउँछन् कि भन्ने डर लाग्थ्यो ।

बसिहाले पनि ज्यान त्यहाँ, मन घरमै हुन्थ्यो' उहाँ भन्नुहुन्छ–'केटाकेटी साना छउन्जेल उनीहरूकै पालन पोषण र पढाइ लेखाइमा कमाइ सकियो, बलबुता सकियो । जब ठूला भए, कमाउने भए, आ–आफ्नो गृहस्थीमा गए, त्यसपछि हाम्रो आशा पनि सकियो ।' पोहोर सालको वर्षामा खरको छानो चुहिएरै आधा घर भत्कियो । बचेको आधा घरलाई मर्मत सम्भार गरेर अहिले टिन लगाइएको छ । उहाँले भोट दिएको सरकारले उहाँलाई छानो दियो । यतिबेला भने चौधरी दम्पत्तिको मनमा कुनै चिन्ता छैन, न पानी पर्दा घर भत्केर च्याप्ला भन्ने डर न त आगो लाग्ला भन्ने जल्त्रास । उहाँ भन्नुहुन्छ– 'सरकारले ढुक्क हुने छानो दियो, मानो त कमाएरै खाउँला ।'

**चौधरी दम्पतीको मनमा कुनै चिन्ता छैन, न पानी पर्दा घर भत्केर च्याप्ला भन्ने डर न त आगो लाग्ला भन्ने जल्त्रास । उहाँ भन्नुहुन्छ– 'सरकारले ढुक्क हुने छानो दियो, मानो त कमाएरै खाउँला ।'**

मुसुक्क हाँस्नुहुन्छ रामसरि विक आजभोलि अनि भन्नुहुन्छ– 'अब त पानी पर्दा घरभित्र चुहिन्न कि ?' जङ्गल छेवैमा घर भएकाले हिउँदभर घर डढ्छ कि भन्ने त्रास खेपेकी विकलाई विगत आठ वर्षयता भने वर्षा नै अभिषाप भयो, घरभित्र पानी चुहिने समस्याले । छानो त टिनकै थियो तर जब पानी पर्न थाल्थ्यो तब घरमा भएका सबै भाँडाले काम पाउँथे, चुहिने ठाउँमा भाँडा थाप्नुपर्ने । अब भने त्यो समस्या हट्यो, यो वर्ष उहाँको छानोमा नयाँ टिन टल्किए । गतवर्ष उहाँले श्रीमान् गुमाउनुभयो । 'घरमा पुराना टिन फालेर नयाँ टिन लगाउने भनेर धेरै दुःख गरिम् तर भन्याजस्तो कहिल्यै नहुनी । ईट्टाभट्टामा काम गर्थिम् । दुःख, बिरामी, खानपिन र कपडालत्तामै सबै कमाइ सकिन्थ्यो ।' उहाँले विगत सम्झनुभयो– 'झन् पोहोर साल उहाँ (श्रीमान्) बितुभयो । अब त कसरी सकुँला र ? भन्ने लाग्थ्यो, सरकारले दियो ।' यतिबेला भने उहाँलाई कोही नहुनेको सरकार छ भन्ने लागेको छ ।

आर्थिक अवस्था नाजुक भएकै कारण तुलसीपुर–१६ की ५० वर्षीया रामसरी विकको घर छाउन भनेर तुलसीपुर उपमहानगरपालिकाले २७ पाता टिन दियो । आजभोलि घर चिटिक्क देखिन्छ । अनि उहाँको अनुहारको निस्फिक्री हाँसो देख्दा लाग्छ कि, साँच्चिकै उहाँलाई सरकार छ भन्ने अनुभूति भएको छ ।

♦♦♦♦♦♦♦♦

जब वर्षा लाग्थ्यो, तब छानो चुहिएरै घर भत्किन्छ कि भन्ने जलत्रास । खडेरीभरि घर डढ्छ कि भन्ने सन्त्रास । त्रासैत्रासमा तुलसीपुर–७ कि देवीकुमारी भण्डारीको आधा उमेर ढल्कियो । एउटी छोरी, श्रीमान् र उनी, तीनजनाको परिवार थियो, हाँसी खुशीको परिवार तर केही वर्ष यता भने न जीवनमा उमङ्ग, न मनमा केही गर्ने हिम्मत । आठ वर्षअघि छोरीको बिहे भयो । त्यसको केही समयपछि श्रीमान्ले अर्की श्रीमती लिएर बेपत्ता भए, त्यसपछि पो उनको मनमा घरदेखि पारीको रानीघाटमा हरेकसाल अउनेभन्दा ठूलो बाढी आयो, हरेकसाल घर छेवैको जङ्गलमा लाग्नेभन्दा ठूलो डढेलो लाग्यो ।

घरमा खरको छाना थियो । उसो त वरपरका छिमेकीको घरमा पनि खरै थियो तर विस्तारै गाउँका अन्य घरहरूमा खर हट्दै टिन टल्किन थाले । 'टिन लागाउन पा हुन्थ्यो भन्ने त मन थ्यो तर के गर्नु, न समाउने हाँगो, न टेक्ने डाली । साथमा न कमाउने सन्तान छ, न आफ्नो जोडा' उनी भन्छिन्– 'पछिपछि खरकट्टी

सप्पै मास्सिए, खर पनि पाइन छोड्यो । बर्खाभरि छानो चुन्थ्यो, घर भत्केर चाँप्छकि भन्ने डर । जेठमासभरी वनमा आगो लाग्दा, घर डढ्छकी भन्ने डर ।' यतिबेला भने उनी भयमुक्त आवासमा छिन्, अर्थात् तुलसीपुर उपमहानगरपालिकाको 'मेयर सुरक्षित आवास' अभियानले समेटिसकेको छ, उनलाई ।

१६ वटा वडाका जम्मा ८ सय ७० घरमा खरका छाना विस्थापित गरेर टिनका छाना लगाइसकेको छ भने यसै आर्थिक वर्षमा संघीय सरकारको अर्को कार्यक्रम सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत ८ सय १८ घरमा खरका छाना हटाएर टिन लगाउने काममा उपमहानगर जुटेको इन्जिनियर हिमाल शर्माले जानकारी दिए । इञ्जिनियर शर्मा भन्छन्-




उनलाई तुलसीपुर उपमहानगरपालिका भइसक्यो भन्नेसम्म पनि थाह छैन, भन्छिन्- 'नगरपालिकाले परार साल टिन द्रयायो । आजभोलि त घर चुन्न, आगो लाग्ला भन्ने डर पनि छैन ।' उनी शब्दमा व्यक्त गर्न त सक्दिनन् तर उनका कुरा सुन्दा लाग्छ, स्थानीय सरकारको यो कदम उनलाई र उनीजस्तै निम्नवर्गीय परिवारका लागि वरदान नै सावित भएको छ ।

♦♦♦♦♦♦♦♦

माथि उल्लेख गरिएका प्रतिनिधि पात्रहरू मात्रै हुन् । संघीय सरकारको विशेष अनुदान 'सुरक्षित जनता आवास' कार्यक्रम र 'मेयर सुरक्षित आवास' कार्यक्रमअन्तर्गत जस्तापाता वितरण कार्यक्रममार्फत तुलसीपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा ७५, २०७६/०७७ मा ६४ र २०७७/०७८ मा ७ सय ३१ गरी तुलसीपुरका

'लकडाउनका कारण काम अलि ढिला शुरू भयो । काम शुरू भए लगत्तै निरन्तर वर्षा भइरहेकोले काममा केही बाधा उत्पन्न भएको छ यद्यपि हामी काम छिटै सम्पन्न गर्न लागिरहेका छौँ ।'

## सुरक्षित आवास हरेक नागरिकको अधिकार हो : मानवअधिकारकर्मी

मानवअधिकारका हिसाबले सुरक्षित आवास र व्यवस्थित बसोबास हरेका नागरिकको अधिकार हो । यसलाई नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत धारा ३७ ले पनि ग्यारेन्टी गरेको छ कि- 'हरेक नागरिकलाई सुरक्षित आवासको हक हुनेछ ।' यतिबेला तुलसीपुर उपमहानगरपालिकाद्वारा सञ्चालित 'मेयर सुरक्षित आवास' कार्यक्रममार्फत उपमहानगरभित्र बसोबास गर्ने बिपन्न परिवारका खरका छाना विस्थापित गरेर टिन लगाउने र आवासलाई सुरक्षित गर्ने कार्य सराहनीय भएको

मानवअधिकारकर्मीहरू बताउँछन् ।

मानवअधिकारकर्मी सुशील बस्नेत भन्छन्– 'उपमहानगरपालिकाको यो अभियान सुरक्षित आवासको सन्दर्भमा नागरिकमैत्री र मौलिकअधिकारको कार्यान्वयनको पक्षमा देखिएको छ । स्थानीय सरकारले आशा लाग्दो काम गरिरहेको छ यद्यपि आवास सुरक्षित गर्ने भनेर लागाइएका टिन साँच्चिकै जनताका आवास सुरक्षित गर्ने खालका होउन् न कि क्षणिक समय टल्किने खालका मात्र, भन्नेतर्फ हामी सबै सचेत हुन चैं जरूरी छ ।'

**यो अभियान मनोसामाजिकरूपले उपयुक्त छ : मनोविमर्शकर्ता**

ढुक्क हुने खालको एउटा घर बनाउन पाए भन्ने आम मानिसको चाहना हुन्छ । कतिपय अवस्थामा विविध कारणवश मान्छे यो चाहनाबाट बञ्चित भइरहेका हुन्छन् । अधिकांश मानिसले सुरक्षित आवासका लागि आफ्नो सम्पूर्ण मानसिक तथा शारीरिक ऊर्जा खचिर्ने गरेको मनोविमर्शकर्ताहरूको बुझाइ छ । सामाजिक मनोविमर्शकर्ता दीपा धिताललाई तुलसीपुर उपमहानगरले सञ्चालन गरेको 'मेयर सुरक्षित आवास' अभियान खुबै मन परेको छ । 'खरको छानो र सानो घर भएकालाई गरिब मान्ने हाम्रो मनोविज्ञान छ अनि उनीहरूलाई हेयको दृष्टिले हेर्ने हाम्रो यथार्थ । स्थानीय सरकारको यो अभियानले साँघुरो सोचाइ भएका हामीलाई अलि बृहत् बनाउनतर्फ भूमिका निर्वाह गर्न सक्छ ।' उनी भन्छिन्– 'तुलसीपुर उपमहानगरपालिकाले यस्ता थुप्रै कामहरू गरेको छ । ती मनोसामाजिक विषयको पक्षमा छन् । खरका छाना विस्थापित गर्ने काम पनि तीमध्ये एक हो ।'

**नगरवासीलाई भयमुक्त आवासको व्यवस्था गर्नु हाम्रो कर्तव्य हो : मेयर पाण्डे**

समाजमा थुप्रै किसिमका विभेदहरू छन् । जसमध्ये एक हो– धनी र गरिबबीचको विभेद । 'ठूलो घर, ढलान घर, टिन लगाएको घर आदि धनी हुनुका संकेत हुन् भने सानो घर, खरले छाएको घर आदि चाहिँ गरिब हुनुका संकेत मानिन्छन् हाम्रो समाजमा ।' मेयर घनश्याम पाण्डे भन्छन्– 'हामी जनताको माझमा जाँदा नै यो विभेदको अन्त्य गर्छौं र जनतालाई सुरक्षित आवासको व्यवस्था गर्छौं भन्ने एजेण्डा बोकेर गएका थियौं । त्यसैअनुसार काम गरिरेका छौं । यस वर्षदेखि त संघीय सरकारले पनि यो अभियानलाई आत्मसात गर्‍यो, हामीलाई अझ सजिलो भयो ।' जनताले अमूल्य मत दिएर चुनेका प्रतिनिधि भएकोले पनि जनतालाई भयमुक्त आवासको व्यवस्था गर्नुपर्ने आफूहरूको कर्तव्य भएको मेयर पाण्डेको बुझाइ छ ।





आ.व. ०७७/७८ देखि ७० वर्ष नाघेका ज्येष्ठ नागरिक र गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्सको सेवा दिन थालिएको छ ।

# जनताको घरमै स्वास्थ्य सेवा



नारायण खड्का

२०७४ सालमा तुलसीपुर उपमहानगरपालिकाले मेयरका रूपमा घनश्याम पाण्डे आउँदा समुदाय स्तरमा जनस्वास्थ्यसम्बन्धी कार्यक्रम चल्दैनथे । उतिखेर तुलसीपुरमा जम्मा ८ वटा मात्रै स्वास्थ्य संस्था थिए । तुलसीपुरको दोघरे र छिल्लीकोटमा सामुदायिक स्वास्थ्य इकाइहरू थिए । संघीय सरकार मातहतका ती स्वास्थ्य संस्थाहरू स्थानीय सरकारलाई हस्तान्तरण भए । तर, आवश्यक भौतिक पूर्वाधार र जनशक्ति उपलब्ध थिएन । लगभग अन्यौलको स्थिति थियो । तै पनि मेयर पाण्डे र सिङ्गो जनप्रतिनितिले नागरिकको मौलिक हकका रूपमा रहेको स्वास्थ्य सेवा दिने अठोट गरे । कम्मर कसे । त्यही अनुरूप कदम अगाडि बढाए । अनि तुलसीपुरका प्रत्येक वडाहरूमा नगरस्वास्थ्य क्लिनिक स्थापना गर्ने निर्णय भयो । धमाधम नगरस्वास्थ्य क्लिनिक वडाहरूमा स्थापना भए । त्यसले सबै वडाहरूमा आधारभूत स्वास्थ्य सेवा जस्तै खोप, परिवार नियोजन, क्षयरोग निवारणजस्ता कार्यक्रमहरू सञ्चालन गर्न सम्भव भयो । हाल तुलसीपुरका १९ वटै वडाहरूमा नयाँ थपिएका ११ स्वास्थ्य केन्द्रसहित २१ स्वास्थ्य संस्थाहरू छन् । मेयर पाण्डेको यो कदम जनस्वास्थ्यमा एउटा नयाँ सुरूवात थियो ।

ती स्वास्थ्य संस्थाहरूमा ३८ प्रकारका औषधि निःशुल्क वितरण गर्नुपर्ने थियो । केन्द्रबाट पठाउने औषधिले पुग्दैनथ्यो । ती औषधि नगर आफैले खरिद गर्नुपर्ने दायित्व थपिन गयो । २०७४ सालदेखि नै ती औषधिहरू नगरले आफै खरिद गरी निःशुल्क उपलब्ध गराउँदै आएको छ । त्यसका लागि नगरले आव २०७७/७८ मा मात्रै २० लाख बजेट खर्च गऱ्यो । उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख ओमप्रसाद न्यौपानेले संघीय सरकारको मापदण्ड अनुसार औषधि खरिदको काम गर्दै आएको जानकारी दिए । तुलसीपुर-८ दोघरेमा २०७५ सालमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना भयो । जहाँ एक जना मेडिकल अफिसर, एकजना कविराजको दरबन्दी पनि छ । आयुर्वेदिक औषधिको उपचार सुरू भएपछि राज्यले निःशुल्क रूपमा दिने ३८ थरिको औषधिबाहेक थप सेवा

पनि सर्वसाधारणले पाउन थाले । नसर्ने रोगहरूको जाँच तथा उपचारका साथै त्यहाँ योग, ध्यान जस्ता कुराहरू कविराजले सिकाउँदै आएका छन् ।

मधुमेह, उच्च रक्तचाप, दम जस्ता रोगहरूका लागि औषधि वितरण हुँदै आएको छ । जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख न्यौपानेले तुलसीपुरका तीनवटा स्वास्थ्य संस्थाहरू वडा नं. १३ को फूलबारी, १६ नं. वडाको बिजौरी र वडा नं. १ को पवननगर स्वास्थ्य चौकीबाट आपतकालीन स्वास्थ्य सेवा पनि प्रदान गर्दै आएको बताए । ती ठाउँमा नगरले नै एम्बुलेन्सको पनि ब्यवस्था गरेको छ । आव ०७७/७८ देखि ७० वर्ष नाघेका ज्येष्ठ नागरिक र गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्सको सेवा दिन थालिएको छ । घर बस्ती वा स्वास्थ्य चौकीदेखि रिफर गरेर तुलसीपुर बजारसम्म ल्याउनुपरेको खण्डमा वा मेट्रो हस्पिटलसम्म ल्याउनु परेमा एम्बुलेन्स सेवा निःशुल्क हुन्छ । बाहिरी जिल्ला जानेहरूको हकमा भने त्यो नियम लागु हुँदैन ।

पवननगगर स्वास्थ्य चौकीले सुत्केरी सेवा लिनेहरूका हकमा यसअघि नै यस्तो निःशुल्क एम्बुलेन्स सेवा दिँदै आएको छ । चालु आर्थिक वर्षमा थप दुईवटा र आगामी आर्थिक वर्षमा थप तीनवटामा गरी आठवटै स्वास्थ्य चौकीबाट आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य लिइएको छ ।

तुलसीपुरको प्रतापकोट र छिल्लीकोट जस्ता विकट वस्तीहरू पनि नगरस्वास्थ्य केन्द्रको इकाइमार्फत सेवा प्रदान गर्दै आएको शाखा प्रमुख न्यौपानेले जानकारी दिए । तुलसीपुर-४ रक्षाचौरमा पनि नगरस्वास्थ्य इकाइको स्थापना हालसालै गरिएको छ । तुलसीपुर-१५ डुरूवामा ३ कोठे अत्याधुनिक बर्थिङ सेन्टरको निर्माण कार्य जारी छ । स्थानीय तहको लागत सहभागितामा वडा नं. ८ र वडा नं. २ मा भवन निर्माण कार्य पूरा भइसकेको छ । वडा नं. ६, १६, ७, ३ मा आधारभूत स्वास्थ्य केन्द्र निर्माण भइरहेका छन् । आगामी वर्षमा वडा नं. १२, १८, १४ मा पनि नयाँ भवन निर्माण गर्ने लक्ष्य राखिएको छ । जहाँ हाल भाडाको घरमा स्वास्थ्य संस्था सञ्चालन हुँदै आएका छन् ।

स्थानीय सरकार बनेपछि बर्थिङ सेन्टर भएका स्वास्थ्य संस्थालाई प्रोत्साहन स्वरूप नगद ५० हजार, बर्थिङ सेन्टर नभएका स्वास्थ्य संस्थालाई ४० हजार र नगर स्वास्थ्य केन्द्रलाई ३० हजारका दरले सञ्चालन खर्चको रूपमा उपलब्ध गराउँदै आएको छ । नगरको गाउँ टोलहरूमा सेवा दिन तथा स्वास्थ्य चेतना फैलाउन २ सय १८ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू रहेका छन् । उनीहरूका लागि यातायात र सूचना खर्च बापत केही बजेट छुट्याउँदै आएको छ । समय समयमा गोष्ठी र तालिमको समेत व्यवस्था गर्दै आइएको छ । अनमीहरूलाई घरमै पठाएर सुत्केरी र नवजात शिशुको स्वास्थ्य जाँच गर्ने र जोखिम अवस्था रहे अस्पतालमा रिफर गर्ने गरिएको स्वास्थ्य शाखा प्रमुख न्यौपानेले जानकारी दिए । स्वास्थ्य सेवालाई डिजिटलाइज्ड गर्न प्रत्येक स्वास्थ्य संस्थाहरूलाई ल्यापटप र इन्टरनेटको व्यवस्था चालु आर्थिक वर्षभित्रै गरिसक्ने लक्ष्य लिइएको छ ।

नगरले क्यान्सर, मुटु, किड्नी, अल्जाइमर्स, सिकलसेल एनिमिया, ढाड तथा टाउकोमा घातक चोट पटक लागेका जस्ता 'असाध्य रोगी' व्यक्तिहरूलाई राज्यको नीति अनुरूप निःशुल्क उपचारको लागि सम्बन्धित ठाउँहरूमा सिफारिस गर्ने गरेको छ । सन्तानको रहर पूरा भएका वा नचाहँदा नचाहँदै गर्भ रहन गएका महिलाहरूले हालसम्म गैरसरकारी संस्था मेरिस्टोप्सलगायतका संस्थामा सेवा शुल्क तिरेर सेवा लिन जानुपर्ने बाध्यता छ । नयाँ आर्थिक वर्षदेखि कानुनले निर्धारण गरे अनुसारको गर्भपतन तुलसीपुर-६ स्थित नगरस्वास्थ्य केन्द्र दोघरेमार्फत गर्ने व्यवस्था मिलाइएको न्यौपानेले बताए । त्यहाँ परिवार कल्याण स्मार्ट सेवा केन्द्र सञ्चालन गर्ने तयारी भइरहेको छ । जसबाट सुरक्षित गर्भपतन




सेवा र परिवार नियोजनका साधनहरू प्राप्त गर्न सकिने न्यौपानेले बताए ।

किशोर-किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्यबारे जानकारी दिन सूचना तथा परामर्श केन्द्र स्थापना गर्ने नीति लिएको छ । हाल तुलसीपुर-८ स्थित भीमसेन सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा मनोपरामर्श सेवा सञ्चालन हुँदै आएको छ । जसबाट मनोसामाजिक समस्या भएका व्यक्तिहरूले लाभ लिइरहेका छन् । उपमहानगरपालिका कार्यालयभित्रै स्तनपान कक्ष विगत वर्षदेखि नै सञ्चालनमा रहेको छ । जहाँ सेवाग्राही र कर्मचारीले आफ्ना नानीहरूलाई स्तनपान गराउने गर्छन् । उक्त स्तनपान कक्षमा बालबालिकाका लागि खेल्ने सामग्रीको समेत राखिएका छन् । तुलसीपुर-१२ नं. वडाको पहलमा पशुपति मावि हरिपौरी र महेन्द्र मावि कपडादेवीमा महिनावारीको समयमा किशोरीको समस्या समाधान गर्न निःशुल्क स्यानेटरी प्याडको सुरूवात दुई वर्ष पहिले नै भइसकेको छ । तुलसीपुरका केही वडाध्यक्षहरूले ज्येष्ठ नागरिकलाई सम्मानस्वरूप घरमै पुगेर जाडो दिनमा न्यानो कपडा वितरण र

**८४ वर्षभन्दा माथिकालाई स्वास्थ्यकर्मी घरमै गएर निःशुल्क स्वास्थ्य जाँच गर्न थालिएको छ ।**

पोषिलो आहार वितरणजस्ता कार्यक्रम सञ्चालन गर्दै आएका छन् । जसबाट ज्येष्ठ नागरिक लाभान्वित भएका छन् । ८४ वर्षभन्दा माथिकालाई स्वास्थ्यकर्मी घरमै गएर निःशुल्क स्वास्थ्य जाँच गर्न थालिएको छ । त्यस्तै राप्ती आँखा अस्पतालको सहकार्यमा तुलसीपुरमा विगत दुई वर्षदेखि 'मोतीयाबिन्दु मुक्त' नगर बनाउने अभियान अन्तर्गत निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ । पहिचान भएका त्यस्ता ५७ जना बिरामीले तुलसीपुर नगरबाट सिफारिस लगेर आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया तथा उपचार गराएको जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख ओम न्यौपानेले जानकारी दिए । तुलसीपुरले स्वास्थ्य क्षेत्रमा गरेको अर्को महत्वपूर्ण कार्य २०७४ सालबाट सञ्चालन हुँदै आएको महिला

सशक्तीकरण र आमा बचाउ कार्यक्रम पनि हो । जसअन्तर्गत नगरले पोषण प्रसूति प्रोत्साहन भत्ता वितरण गर्दै आएको छ । सुत्केरी भएको २४ घण्टादेखि सातौं दिनसम्म पटक/पटक घरमै नर्सहरू पुगेर स्वास्थ्य जाँच पनि गरिँदै आएको छ । त्यसरी सेवामा खटिने नर्सहरूका लागि यातायात र खाजाको व्यवस्था नगरले नै गर्दै आएको छ । तुलसीपुरका १९ वटै वडाहरूमा करार सेवामा स्वास्थ्य जनशक्ति परिचालन गर्दै आएको र त्यसका लागि नगरले गत वर्ष २ करोड बढी बजेट छुट्याएको न्यौपानेले जानकारी दिए ।

गतवर्ष विकट वस्ती तुलसीपुर-४ खुमखानीमा पुगेर निःशुल्क स्वास्थ्य शिविर, पोषण शिविर सञ्चालन गरेको छ । त्यस्तै अन्य विकट वस्तीमा पुगेर निःशुल्क शिविर सञ्चालन गर्ने योजना राखिए पनि कोभिड-१९ को महामारीका कारण त्यो सम्भव नभएको न्यौपानेले बताए । कोरोना महामारीसँग जुध्न तुलसीपुरले पहिलो लकडाउनका समयमा तुलसीपुरका १२ वटा विद्यालयमा क्वारेन्टिन तथा आइसोलेसन निर्माण गरेको थियो । घातक दोस्रो लहरबाट नगरवासीलाई जोगाउन तुलसीपुर-८ अश्वारामा कोभिड हस्पिटल सञ्चालनमा ल्याइएको छ । विपद्को समयमा मेयरको भूमिका कारण हस्पिटल सञ्चालनका लागि आवश्यक आर्थिक, भौतिक तथा स्वास्थ्य उपकरणहरू समेत देश विदेशमा रहेका नागरिकले सहायता पठाएका थिए । तुलसीपुरको बेलझुण्डीस्थित कोरोना विशेष अस्पतालको सञ्चालन तथा व्यवस्थापनमा समेत तुलसीपुर नगरले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

अस्पताललाई पटक/पटक आर्थिक सहायता उपलब्ध गराउनुका साथै बिरामीलाई खाना र स्वास्थ्यकर्मीलाई तुलसीपुरका होटेलहरूमा महिनौंसम्म बसाउने काम तुलसीपुरले नै गरेको थियो । प्रदेश सरकारले सञ्चालन गरे पनि नजिक हुनुको नाताले जनशक्ति व्यवस्थापनलगायत अस्पताल सञ्चालनको सम्पूर्ण दायित्व तुलसीपुरका मेयर घनश्याम पाण्डेकै काँधमा आइपरेको स्वास्थ्यकर्मीहरू बताउँछन् ।

कोभिडको दोस्रो लहरको क्रममा जताकतै अक्सिजन र जनशक्तिको चरम अभाव हुँदा मेयर पाण्डे आँफै अक्सिजन सिलिन्डर बोकेर मध्यरातमा समेत बेलझुण्डी पुगेको अस्पतालका व्यवस्थापक द्रोण वलीले बताए । विपद्को समयमा मेयर पाण्डेको साथ समर्थन नभइदिएको भए धेरै मानिसहरू मृत्युको मुखमा पुग्ने उनले बताए । 'मेयरसापले धेरैको ज्यान जोगाउन रातदिन खटेर काम गर्नुभयो,' वलीले भने 'आफ्नो ज्यानको समेत प्रवाह नगरी उहाँ बिरामीका लागि जीवन वायु बटुल्न रातदिन संयन्त्र बनाएर खट्नुभएको थियो ।' तुलसीपुरका कोरोना फोकल पर्सन विमल केसीले मेयर पाण्डेको सक्रियताविना तुलसीपुरमा कोरोनाका कारण ठूलो मानवीय क्षति हुने कुरा नकार्न नमिल्ने बताए । 'मेयर साप र हामी स्वास्थ्यकर्मी रातदिन नभनी सँगै खटेर काम गरेका हौं' केसीले अगाडि भने 'त्यतिखेर वास्तवमै मेयर पाण्डेको व्यक्तित्व र जनताप्रतिको प्रेम मैले बुझ्ने अवसर पाएको थिए । तुलसीपुर मेट्रो हस्पिटल सञ्चालनमा भएपछि गौरवपूर्ण र नमुनायोग्य कार्यका रूपमा मेयर पाण्डेले अर्थ्याए । निर्वाचनको समयमा आफूले गरेको वाचा अनुरूप आम नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा पुऱ्याउन मेट्रो हस्पिटलको स्थापना भएको हुँदा त्यो सबै नगरवासीको साझा सम्पत्ति भएको मेयर पाण्डेले तर्क गरे ।

तुलसीपुरले राप्ती प्रादेशिक अस्पतालमा आइसियू भवन निर्माण गर्न ५० लाख र राप्ती आँखा अस्पतालको भवन निर्माण गर्न ५० लाख रकम उपलब्ध गराएको थियो । ती दुवै ठाउँमा भवन तयार भइसकेका छन् । जसले तुलसीपुर क्षेत्रको स्वास्थ्य सेवा थप सुविधा सम्पन्न हुने आशा गरिएको छ । बितेको आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रका लागि ४ करोड बजेट छुट्याएको थियो ।



# घर आँगनमै रोजगारी

> "भारतमा पनि विवाह पार्टीमा दैनिक ज्यालादारीमै काम गर्ने गरेको बताउने भण्डारीले महिनामा २०/२२ दिन मात्रै काम पाएको अनुभव छ। कोरोना सङ्क्रमणको अघिल्लो लहरमा पनि घर आउने खर्च समेत नहुँदा घरबाटै पैसा मगाएर फर्केको तीतो अनुभव छ भण्डारीसँग।"

खाना खाएर घरको आँगनमा आराम गरिरहेका तुलसीपुर-७ गणेशपुरका ३६ वर्षीय खिमलाल भण्डारीको मोबाइलमा म्यासेजको घण्टी बज्यो । टेलिकमले ब्यालेन्स सकियो भन्दै पठाउने म्यासेजबाट वाक्क भएका भण्डारीलाई मोबाइलमा आएको म्यासेज हेर्न उति जाँगर चलेन । बैंकको खाता खाली-खाली छ । काम गरेको ठाउँबाट पैसा आउने ठेगान छैन तर घर खर्च र छरछिमेकमा तिरनतारन पनि गर्नुपर्ने छ । अझ यसैबेला मोबाइलमा आएको म्यासेजले झन् रिस उठ्यो खिमलाललाई । सधैँ झैं ब्यालेन्स रिचार्ज गर भन्ने टेलिकमको म्यासेज हो कि भनेर । झोक चलेर म्यासेज नै डिलिट गर्न आँटेका खिमलाललाई यसपाली त्यही म्यासेजले खुसी दिलायो ।

भण्डारीलाई खुसी दिने म्यासेज थियो-नेपाल इन्भेष्टमेन्ट बैंकबाट आएको आफ्नो खातामा पैसा जम्मा भएको म्यासेज । आफ्नै घर अगाडिको राप्ती शान्ति उद्यान तथा सामुदायिक वनमा उहाँले १०० दिन काम गरेको ज्याला बैंक खातामा आएपछि भण्डारीको घर खर्च र तिरनतारनको समस्या टर्‍यो । खिमलाल भण्डारीलाई घर आगनमै रोजगार र बैंक खातामा कामको ज्याला आउने अवसर तुलसीपुर उपमहानगरपालिकाले जुराइदिएको हो ।

रोजगारीका लागि तुलसीपुर उपमहानगरपालिका रोजगार सेवा केन्द्रमा सूचीकृत हुन फाराम भरेर भण्डारी भारतको पञ्जाव छिर्नुभएको थियो । तर पञ्जाव गए लगत्तै कोरोनाको दोस्रो लहरले महामारीको रूप लिएपछि गत बैशाखमा रित्तै हात घर फर्कनु पर्‍यो । श्रीमती र दुई बच्चा पालनपोषणका लागि भारत छिरेका भण्डारी रित्तै घर फर्किदा निकै निराश हुनुन्थयो । तर घर आएको २/४ दिनमै आफ्नै घरअगाडि काम पाउँदा भने उहाँलाई ठूलो राहत मिल्यो । "यही कामका लागि

# श्रम बैंकको अवधारणा

कोरोना सङ्क्रमणले महामारीको रूप लिएपछि समस्यामा परेका नागरिकलाई रोजगारी दिन तुलसीपुर उपमहानगरपालिकाले ‘श्रम बैंक’को अवधारणा अघि सा¥यो । महामारीको समयलाई उपयोग गर्दै उपमहानगरपालिकाले छाक बसेकाहरूलाई थोरै भए पनि राहत दिलायो । श्रम गरेर उनीहरूलाई छाकको जोहो गर्न सहज बनाउने उद्देश्यका साथ उपमहानगरले ८ सय बढीलाई अल्पकालीन रोजगारी दियो ।

मान्छेहरू रोजगारी नपाएर विदेश जाने वा स्वदेशमै भौंतारिने अनि रोजगारदाताहरू कामदार नपाएर छट्पटाउने समस्या समाधान गर्ने सोचका साथ श्रम बैंकको अवधारणा उपमहानगरपालिकाले ल्याएको तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख घनश्याम पाण्डे बताउनुहुन्छ । ‘श्रम गर्ने व्यक्तिहरूलाई स्थानीयस्तरमै रोजगारी दिने उद्देश्यका साथ हामीले यो अवधारणा ल्याएका हौं’ पाण्डेले भन्नुभयो ‘श्रमको सम्मान पनि हुने कामदारहरू पनि सहजै उपलब्ध हुने भएकोले यो अवधारणा ल्याएका हौं ।”

उपमहानगरपालिकाले श्रम बैंकलाई व्यवस्थित गरी बजारमा आवश्यक श्रमशक्तिको उपलब्धताका लागि काम अघि बढाएको छ । बेरोजगार जनशक्तिलाई श्रम बैंकमा सूचीकृत गरी उनीहरूलाई आफ्नो सीप र क्षमताको आधारमा अवसर दिनेगरी उपमहानगरपालिकाले तयारी गरिरहेको छ ।

भारत गएको थिएँ तर अहिले आफ्नै ठाउँमा काम पाउँदा निकै खुसी छु” भण्डारी भन्नुहुन्छ “बेरोजगार भएको बेला घर छेउँमै काम पाउँदा जाँगर पनि उत्तिकै लागेको छ ।” भारतमा पनि विवाह पार्टीमा दैनिक ज्यालादारीमै काम गर्ने गरेको बताउने भण्डारीले महिनामा २०/२२ दिन मात्रै काम पाएको अनुभव छ । कोरोना सङ्क्रमणको अघिल्लो लहरमा पनि घर आउने खर्च समेत नहुँदा घरबाटै पैसा मगाएर फर्केको तीतो अनुभव छ भण्डारीसँग । “यस्तै काम आफ्नै ठाउँमा पाए विदेश जाने रहर कसलाई पो छ र ?” भण्डारी भन्नुहुन्छ “कामको ज्याला पनि पाइने विकास पनि आफ्नै ठाउँको हुने, यो भन्दा हामीलाई के नै चाहियो र ?” फेरि पनि स्थानीयस्तरमै रोजगारीको अवसर पाउने आशामा हुनुहुन्छ भण्डारी ।

तुलसीपुर ११ बेलगनारकी ४१ चमेली चौधरी पनि आफ्नै गाउँठाउँमा काम पाउँदा निकै खुसी हुनुहुन्छ । यतिका वर्ष घरधन्दामै समय बिताएकी चौधरीले २/४ दिन गाउँछिमेकमा काम



गरेको भन्दा अरू कुनै अनुभव छैन । वडाका विभिन्न स्थानमा बाटो तथा नाला बनाउने काममा तुलसीपुर उपमहानगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिनको रोजगारीबाट ५१ हजार १ सय ८३ रूपैयाँ त्यो पनि आफ्नै खातामा आउँदा उहाँको मुहारमा छुट्टै चमक देखिन्थ्यो । चमेली र खिमलालजस्तै २ सय ६१ जनाले कोरोना महामारीको बेलामा पनि रोजगार पाए । आ.व. २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत तुलसीपुरमा झण्डै ढाइ करोड बजेट आएको तुलसीपुर उमहानगरपालिकाका रोजगार संयोजक किरण गौतम बताउनुहुन्छ । प्राप्त बजेटबाट उपमहानगरपालिकाकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बिपन्न वर्गका व्यक्तिहरूलाई १०० दिनको रोजगारी दिएको उहाँ बताउनुहुन्छ । दैनिक ५ सय १७ रूपैयाँका दरले सूचीकृत बेरोजगारहरूले आफ्नै वडाभित्र काम गरेका छन् । कामको ज्याला बापतको रकम पनि सम्बन्धित व्यक्तिको बैंक खाताबाटै भुक्तानी गर्ने गरेको संयोजक गौतमले जानकारी दिनुभयो ।

**रोजगारका लागि के गर्ने ?**

प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीयस्तरमै रोजगारीको राम्रो माध्यम हो । हरेक वर्ष तुलसीपुर उपमहानगरपालिकाअन्तर्गत रोजगार सेवा केन्द्रले सूचीकृत हुनका लागि आवेदन आह्वान गर्छ । सूचीकृतहरूमध्येबाट प्राथमिकताक्रमका आधारमा



न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराउँदै आएको तुलसीपुर उपमहानगरपालिकाका रोजगार संयोजक किरण गौतम बताउनुहुन्छ । आफ्नै ठाउँको विकास र आफ्नै गोजीमा पैसा आउने भएकोले यो कार्यक्रम सबैको प्रीय बनेको छ । मेसिनको प्रयोग नगरी श्रममूलक आयोजनाहरूमा कामदार खटाइने भएकोले स्थानीयस्तरमै रोजगारीका प्रवर्द्धनमा यो कार्यक्रम उपलब्धिपूर्ण सावित भएको छ । आर्थिक वर्ष २०७७/०७८ मा तुलसीपुर उपमहानगरपालिकाले यस कार्यक्रमअन्तर्गत २ सय ६१ जनालाई कुल २३ हजार ८ सय ६३ दिनको रोजगारी प्रदान गरेको छ । कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्षका लागि ज्याला बापत ३ करोड रकम विनियोजन भएको रोजगार संयोजक किरण गौतमले जानकारी दिनुभयो ।

**सीपसँगै स्वरोजगार**

उपमहानगरपालिकाले रोजगारीका मात्रै नभएर विभिन्न स्वरोजगारका कार्यक्रमहरू समेत सञ्चालन गर्दै आएको छ । तुलसीपुर उपमनपा-१२ रझेनाकी २५ वर्षीया प्रमिला बुढाथोकीले ब्युटिपार्लर तालिम सिकेर अहिले व्यवसाय पनि सुरू गरिसक्नुभएको छ । मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमअन्तर्गत तुलसीपुर बहुप्राविधिक शिक्षालयमा ६५ दिनको तालिम लिएकी बुढाथोकी अहिले आफ्नै हेयर कटिङ, ब्युटिपार्लर एण्ड सिलाइकटाइ सेन्टरमा व्यस्त हुनुहुन्छ । "सिलाइ कटाइ पहिले नै सिकेकी थिएँ अहिले ब्युटिपार्लर तालिम लिएपछि दुवै व्यवसायलाई सँगै जोडेर पसल खोलेकी छु" उहाँले भन्नुभयो- "सानो व्यवसाय देखिए पनि आफ्नो खर्च जुटाउन सहज भएको छ ।" तालिमसँगै ब्युटिपार्लरका लागि आवश्यक सम्पूर्ण सामग्रीहरू तुलसीपुर उपमहानगरपालिकाले उपलब्ध गराएको वली बताउनुहुन्छ । उपमहानगरपालिकाले कुर्सी, कपाल काट्ने औजारहरू, मेसिन, आइरन, क्रिमलगायतका सामग्री दिएको वलीले बताउनुभयो । अहिले सिलाइकटाइ र ब्युटिपार्लर सँगसँगै अघि

बढाएकी बुढाथोकीले व्यवसाय बढाउँदै अन्य व्यक्तिलाई समेत रोजगारी दिने सोच बनाउनु भएको छ । "घरव्यवहार चलाउन र बालबच्चा पढाउन अरूसँग हात फैलाउनु परेको छैन" उहाँ भन्नुहुन्छ "आफ्नो खर्च आफैले जुटाउँदा निकै आनन्द आउँदो रैछ ।"

आव ०७७/७८ मा मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमअन्तर्गत तुलसीपुर उपमहानगरपालिकाले मोटरसाइकल मर्मत, प्लम्बिङ, च्याउ खेती, प्लास्टिक विस्थापनका लागि गार्मेन्ट झोला बनाउने तालिम, फलफूलका बेर्ना उत्पादनका लागि ग्रिनहाउस निर्माण तालिम, डेरीका परिकारसम्बन्धी तालिम, बाँसको ढकिया तथा सामग्री बनाउने तालिम, इन्टरलक ईट्टा तथा टायल निर्माण तालिम, कपाल काट्ने जस्ता विभिन्न किसिमका सीपमूलक तालिम सञ्चालन गरिसकेको छ । उनीहरूलाई पूर्ण रूपमा सीप सिकाउनुका साथै व्यवसाय सुरूवातका लागि आवश्यक सामग्री समेत उपमहानगरपालिकाले उपलब्ध गराएको छ । सीप सिकेकाहरू पनि आर्थिक अभावका कारण बेरोजगारै बस्ने गरेको पाइएको हुँदा व्यवसाय सुरूवात गर्नका लागि आवश्यक आधारभूत सामग्रीहरू उपलब्ध गराउने गरेको कार्यक्रमका सहजकर्ता श्रीधरकुमार राजभण्डारी बताउनुहुन्छ ।

तुलसीपुर उपमहानगरपालिकाले स्थानीयस्तरमै रोजगारीलाई प्रवर्द्धन गर्नका लागि विशेष कार्यक्रममा जोड दिएको नगरपालिका प्रमुख घनश्याम पाण्डे बताउनुहुन्छ । पहिलो लहरको कोरोनाले छाकवास टुटेकालाई लक्षित गरी उपमहानगरपालिकाले श्रम बैंकको अवधारणा नै ल्यायो । महामारीको बेला ८ सय बढीलाई अल्पकालीन रोजगारी दिलाएको उपमहानर श्रम बैंकको अवधारणालाई सार्थक बनाउने अभियानमा लागेको नगर प्रमुख पाण्डे बताउनुहुन्छ । "स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गर्न तुलसीपुर उपमहानगर लागिरहेको छ" उहाँ भन्नुहुन्छ "हामीले आफ्नो पालिका मात्रै नभएर छिमेकी पालिकाहरू बबई, दङ्गीशरण, शान्तिनगर र कपुरकोटलाई समेत साथमै लिएर रोजगारी सिर्जनाका लागि प्रयासरत छौँ ।" सहकारी तथा उत्पादनलाई बढावा दिँदै सामूहिक श्रमको थालनी गर्न सके स्थानीयस्तरमा काममा अवसरहरू पर्याप्त पाइने उहाँ बताउनुहुन्छ ।

यो वर्ष मात्रै कार्यक्रमबाट ९८ जनालाई सीपमूलक तालिम प्रदान गरिएको छ । तालिम लिएका व्यक्तिहरूमध्ये केहीले व्यवसाय दर्ता गरी सुरूवात समेत गरिसकेको सहजकर्ता राजभण्डारीले बताउनुभयो ।



रोजगार कार्यक्रम अन्तर्गत पर्यटकीय स्थल थर्कोटमा निर्माण गरिएको ट्रेकिङ मार्ग

# लिफ्टिङ गरेर टाकुरामा पानी
# पूराभयो मुल्कोटवासीको सपना



वसन्त परियार

**"हाम्रै पालामा घरमै पानीको धारा आउला भन्ने सपना जस्तै थियो । अहिले पानीको धारा आयो मुलकोटवासी खुसी छौँ ।"**

तुलसीपुरको विकट भनेर चिनिने वडा ४ नं. हो । त्यो वडाकै विकट वस्ती हो मुलकोट । जहाँ वर्षौसम्म खानेपानीको समस्या थियो । गाग्रीको पानी डोकोमा बोकेर घण्टौ हिँड्नुपर्ने बाध्यता अब इतिहास भएको छ । उपमहानगरले खानेपानी पुर्‍याइदिएपछि मुलकोटवासीलाई खानेपानीको दुःख हटेको छ । विगतका धेरै निर्वाचनमा आश्वासन पाएका थियौं तर स्थानीय सरकारले हाम्रा माग पूरा गर्‍यो स्थानीय ज्येष्ठ नगारिक गुमानसिंह पुनले भन्नुभयो,-'हाम्रै पालामा घरमै पानीको धारा आउला भन्ने सपना जस्तै थियो । तर पानीको धारा आयो मुलकोटवासी खुसी छौँ । उक्त खानेपानीबाट झण्डै ३२ घरधुरी लाभान्वित भएका छन् । लिफ्टिङ प्रविधिमार्फत त्यस वस्तीमा पानी पुर्‍याईएपछि पानीकै दुःखले वस्ती छाड्ने दर पनि घटेको छ । पानीको समस्याले बसाई नै सार्ने अवस्था अहिले नभएको पुन बताउनुहुन्छ ।

तुलसीपुर उपमहानगरपालिकाबाट ८ लाख ७० हजार, वडा कार्यालयबाट ७ लाख ७० हजार



र स्थानीय जनश्रमदानबाट लिफ्टिङ योजनाको निर्माण गरिएको हो । जसबाट गुराँसेमा २० हजार लिटर र मुहान क्षेत्रमा १० हजार लिटर क्षमताको टङ्की निर्माण गरिएको मुलकोट टोल विकास संस्थाका अध्यक्ष ऋषिराम पुनले बताउनुभयो । पानी लिफ्ट गर्नका लागि दुईसय ६५ वाटको ३१ वटा सोलार पाता समेत जडान गरिएको छ । वर्षौंदेखि खानेपानी नपुगेको विकट वस्तीमा खानेपानी पुऱ्याएर गाउँको जीवन बदलिएको अध्यक्ष पुनको भनाइ छ । उहाँले भन्नुभयो–'गाउँ विस्थापन भएर छुटेका नाङ्गो र खाली भएका पहाडमा अब वस्ती फर्किने विश्वास छ' ।


वडा अध्यक्ष बालकृष्ण रानाले आफूहरूको अथक पहल र सहयोगमा मुलकोट जुम्लेटाकुरामा पानी पुगेको बताउनुभयो । निर्वाचित भएर आएपछि वडाको विकासमा लागि परेको बताउँदै अझै केही अरू वस्तीमा पनि खानेपानीको समस्या समाधान गर्न लागि परेको बताउनुभयो । 'वडाको मजुवा, खुमखानीमा पानीको समस्या छ, त्यहाँको समस्या पनि समाधान गर्न लागेको छु' उहाँले भन्नुभयो । निर्वाचनका बेला गरिएको प्रतिबद्धता अनुसार नै मुलकोटमा बाटो र पानीको समस्या पूरा गरेको नगर प्रमुख घनश्याम पाण्डेले बताउनुभयो । उक्त वस्तीसम्म खानेपानी विस्तार गर्नु जटिलता भए पनि सफल भएको उहाँको भनाइ छ । उपमहानगरपालिकाले अघि सारेको समृद्धि तुलसीपुरको परिकल्पना अनुसार मुलकोट जुम्लेटाकुरा गाउँको जीवन फर्काएको उहाँ बताउनुहुन्छ ।

त्यसो त अश्वारा खानेपानी तथा सरसफाई संस्थाले वडा नं. ८ को अश्वारा क्षेत्रमा खानेपानी आपूर्ति गरिरहेको छ । वडामा घर धाराको संख्या बढेसँगै पानीको समस्या बढ्न थाल्यो । पानी भण्डारणको लागि ट्याङ्कीको आवश्यकता भएपछि तुलसीपुर उपमहानगरले ६ लाख बजेट उपलब्ध गरायो । उक्त बजेटबाट वडाको मालभुङ एकता टोलमा ट्याङ्की निर्माण भयो । ७५ हजार लिटरको ट्याङ्की निर्माण भएपछि अहिले स्थानीयको घर-घरमा पानी वितरणमा सहज भएको अध्यक्ष शिवहरी भण्डारी बताउनुहुन्छ । अहिले त्यस आसपासका एक सय घरधुरीमा धारा पुगेको छ । यतिमात्रै होइन उपमहानगरका थुप्रै वस्तीमा खानेपानी पुऱ्याइएको छ ।

**१६ वटा कुवा निर्माण**

खानेपानीको पहुँचमा नभएका तुलसीपुर उपमहानगरपालिका वडा नं. १५ चौधरी टोलवासीहरूलाई कुलो खोल्साको पानी पिउने बाध्यता थियो । वर्षायामको समयमा धमिलो पानी पिउनुपर्ने बाध्यता थियो । तर अब ती दिनको अन्त्य भएको स्थानीय निर्मला चौधरी बताउनुहुन्छ । 'साँझ बिहान पानीको समस्याले पिरोल्थ्यो अब घर नजिकै





कुवा छ धेरै सहज भयो' निर्मलाले भन्नुभयो । पानीको लागि समय पनि बचत भयो । वडाका विभिन्न स्थानमा खानेपानीको समस्या भएका गाउँ टोलहरू छनौट गरी कुवा निर्माण गरिएको हो । खानेपानीको समस्याबाट मुक्ति मिलेको चौधरी टोल खानेपानी कुवा निर्माणका अध्यक्ष जगमनिया चौधरीले बताउनुभयो । उक्त टोलमा पाँच घरधुरीको लागि एउटा कुवा निर्माण गरिएको हो ।

वडामा रहेका केही टोलमा खानेपानीको समस्यालाई पहिचान गरी वडामा यो वर्ष मात्रै ११ वटा कुवा निर्माण गरिएको छ। विभिन्न स्थानमा खानेपानीको समस्या टार्न कुवा निर्माण गरिएको वडाध्यक्ष लक्ष्मण चौधरीको भनाइ छ । वडामा निर्माण गरिएका कुवाबाट एक सय बढी घर धुरी लाभान्वित भएका छन् । यस्तै, उपमहानगरको वडा नं. ४ मा २, वडा नं. ८ मा १ र वडा नं. १४ मा ३ गरी १६ वटा कुवा निर्माण गरिएको छ । नगरस्तरीय ८ लाख ३३ हजार बजेटबाट १६ योजनामार्फत एकैवर्षमा १६ वटा कुवा निर्माण गरिएको हो ।

**खेतमा पानी पुगेपछि.....**

तुलसीपुर उपमहानरपालिका वडा नं. ८ चन्द्रगञ्जका टंकबहादुर बस्नेतको खेतमा हिउँदको समय पानी नचर्ने समस्या थियो । जसले गर्दा उहाँलाई हिउँदे बाली लगाउन सकस थियो । कुलो सरसफाइ गरेर धौ-धौ लगेको पानीले खेतीलाई पुग्दैनथ्यो । पानी नपुग्दा बाली उत्पादन सोचेजस्तो हुँदैनथ्यो । तर समय फेरिएको छ अहिले उहाँको खेतमा सजिलै पानी पुग्छ । तुलसीपुर उपमहानगरपालिकाले स्थानीय किसानको माग बमोजिम चन्द्रगञ्ज सिँचाइ कुलो निर्माण गरिदिएपछि किसानका दुःख-सुखमा परिणत भएका छन् । 'वर्षेखेती लगाउन समेत मुस्किल हुन्थ्यो अब भने सहज भएको छ' - अर्का स्थानीय देवकली सुनारले भन्नुभयो । 'खेतमा पानी नचर्ने समस्याले रातदिन हैरान थियो अब सजिलै खेतमा पानी जान्छ ।' सबै खुसी छौँ । अब त हिउँदमा पनि मकै र अन्य तरकारी लगाउन सजिलो भएको छ सुनारले भन्नुभयो,-'प्रशस्त सिँचाइ हुने भएपछि केही गर्ने आँट आएको छ ।' उपमहानगरको १३ लाख ८६ हजार ५ सय २२ रूपैयाँमा सम्पन्न भएको योजनाबाट १ सय ५० घरधुरी लाभान्वित भएको उपभोक्ता समितिका सचिव चन्द्र वलीले बताउनुभयो । चमिखोला दुधेनाबाट सिँचाइ कुलोमा पानी ल्याइएको छ ।

उपमहानगरको वडा नं. १५ मा केही वर्ष अघि बुलबुले सोतामा लिफ्ट सिँचाइ आयोजना निर्माण भयो । तर किसानले लामो समय सिँचाइ गर्न पाएनन् । तर त्यो समस्या समाधान जनप्रतिनिधिबाट भयो । आव ०७६/७७ मा वडा कार्यालयबाट २ लाख ५० हजार र आव ०७७/७८ मा १ लाख ३२


हजार बजेटबाट मर्मत सम्भार तथा मोटर खरिद गरेपछि किसानको खेतबारीमा पानी पुगेको बुलबुले लिफ्ट सिँचाइ आयोजनाका शेरबहादुर केसीले जानकारी दिनुभयो । उक्त सिँचाइ आयोजनाबाट ३५ बिगाह जमिनमा सिँचाइ सुविधा पुगेको छ । 'सिँचाइ नहुँदा आकाशकै भर पर्नुपर्थ्यो अब ढुक्क भएर खेतीपाती गर्छौं' स्थानीय मेघराज केसीले भन्नुभयो– 'हिउँदमा मकै र तरकारी फलाउन सफल भएका छौँ । यो आयोजनाबाट वडा नं. १६ का किसानले समेत लाभ लिइरहेका छन् ।'

## खानेपानी र सिँचाइमा उल्लेख्य सुधार

स्थानीय तहमा लामो समय जनप्रतिनिधिविहीन हुँदा जनताका धेरै अपेक्षा पूरा भएनन् । सडकदेखि लिएर खानेपानी, सिँचाइमा अब भने जनताकै चाहनाअनुसार काम हुन थालेपछि नागरिकमा खुसी छाएको छ । आव ०७७/७८ मा मात्रै उपमहानगरपालिकाले सिँचाइका २३ वटा साना तथा ठूला योजनाहरू निर्माण गरेको योजना शाखा प्रमुख अनन्त गौतमले बताउनुभयो । यी योजनाहरूबाट ५ हजार ४ सय २२ मिटर सिँचाइ कुलो निर्माण भएको गौतमले बताउनुभयो । उपमहानगरले सबैभन्दा बढी वडा नं. ४ मा गहतेरा घोरानेटी बगाले सिँचाई कुलो निर्माण गरेको छ । त्यहाँ ६५ लाख ८१ हजार २४ रूपैयाँमा २ हजार २ सय ३८ मिटर सिँचाइ कुलो निर्माण भएको छ । यसबाट सयौं किसान लाभान्वित भएका छन् । कृषिको पकेट क्षेत्रका रूपमा रहेको वडालाई योजनाले थप उत्साहित बनाएको छ ।

सिँचाइसँगै खानेपानीमा पनि उपमहानगरले उल्लेख्य कार्य गरेको छ । आव ०७७/७८ मा मात्रै एक दर्जन बढी साना तथा ठूला आयोजना सम्पन्न भएका छन् । पाइप विस्तारदेखि लिएर ट्याङ्की निर्माणका कामहरू समेत भएका छन् । शुद्ध खानेपानी नागरिकको मौलिक अधिकारका रूपमा रहेको हुँदा सबैलाई खानेपानीको पहुँचमा ल्याउनेगरी काम थालेको नगर प्रमुख घनश्याम पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो– 'अब केही विकट वस्तीहरूमा मात्रै खानेपानीको अभाव छ, अधिकांश नागरिक खानेपानीको पहुँचमा छन् । 'एक घर-एक धारा' अभियानलाई अघि सार्दै पाइपलाइनबाट खानेपानी सुविधा पुगेका घरपरिवार ५३.७६ प्रतिशत रहेकोमा आगामी वर्षमा ६० प्रतिशत पुऱ्याइने उपमहानगरको योजना छ ।

खानेपानीसँगै सिँचाइमा समेत उपमहानगरले फड्को मारेको छ । कृषिको पकेट क्षेत्रका रूपमा रहेका वडाहरूमा विशेष ध्यान दिँदै सिँचाइ सुविधा पुऱ्याएको उहाँले बताउनुभयो । 'वडा नं. २, ४ र १५ लगायतका वडा कृषिको राम्रो उत्पादन क्षेत्र हो' उहाँले भन्नुभयो । त्यहाँ सिँचाइको सुविधा प्रशस्त हुँदैछ । जनतालाई कृषिमा आत्मनिर्भर बनाई उद्यमी बनाउन सिँचाइको अभाव हुन नदिने उपमहानगरको योजना छ ।





# नीतिले डोऱ्याएको तुलसीपुर

तुलसीपुर उपमहानगरपालिका–१६ मावि सङ्क्रामका प्रधानाध्यापक सूर्यबहादुर बस्नेतलाई आफ्नो विद्यालयमा थप दरबन्दीका लागि नगर प्रमुख र शिक्षा शाखा प्रमुखको गुणगान गाइरहनु पर्दैन । जहाँ विद्यार्थी, त्यहाँ शिक्षकको अवधारणासहित तुलसीपुर उपमहानगरपालिकाले शिक्षा ऐन, २०७५ जारी गरिसकेको छ । दरबन्दीको प्राप्ति मात्र होइन, नयाँ विद्यालयको स्थापना, विद्यालयको अपग्रेड, शिक्षक समायोजन, शिक्षक सरूवा, काजमा खटाउने लगायतका विविध विषयहरू नगर शिक्षा ऐनमा उल्लेख गरिएका छन् । सोही ऐनमा टेकेर विद्यालय मर्जदेखि सिकाइ केन्द्रको स्थापनासम्मका शिक्षा क्षेत्रका यावत् समस्याहरूलाई समाधान गर्न ऐन जारी भएको हो । संघीय कानुन र प्रदेश कानुनमा आधारित रहेर तुलसीपुर उपमहानगरपालिकाले शिक्षा ऐन जारी गरेको छ ।

दीर्घायु मेडिकल एण्ड पोलिक्लिनिकका सञ्चालक जेपी ओलीले आफ्नो क्लिनिकलाई स्तर वृद्धिगरी अस्पतालका रूपमा सञ्चालन गर्न चाहेमा कुनै जनप्रतिनिधिको नजिक हुनपर्ने छैन । उपमहानगरपालिकाले जारी गरेको नगर स्वास्थ्य ऐन २०७५ ले अस्पताल खोल्नका लागि आवश्यक भौतिक पूर्वाधारहरू, प्रयोगशालाको न्यूनतम सुविधा, जनशक्तिको न्यूनतम व्यवस्थापनलगायतका विभिन्न मापदण्ड तोकेको छ । मापदण्ड र नीतिमा आधारित रहेर ओलीले आफ्नो निजी स्वामित्वको अस्पताल खोल्न सक्नेछन् ।

तुलसीपुर उपमहानगरपालिका–१६ का जडिबुटि व्यवसायी परवीर पुनले आफूले फलाएका मालागेडीको व्यापार गर्नका लागि तुलसीपुर उपमहानगरपालिकालाई कति कर बुझाउने भनेर लेखासँग जानकारी लिइरहनु पर्ने छैन । संशोधन

नहुन्जेलका लागि तुलसीपुर उपमहानगरपालिकाले कुन सेवाको कति कर तिर्ने भनेर आर्थिक ऐन बनाएको छ । त्यसैगरी राजश्व तथा गैर राजश्व कर ऐन पनि जारी गरेको छ । यी ऐनहरूमा भूमिकर, सम्पत्ति कर, घरजग्गा बहाल करलगायतका थुप्रै प्रकृतिका करहरू समेटिएका छन् । फलानाको जग्गाको कर किन यति थोरै, मेरोको किन बढी भनिरहनुपर्ने छैन, राजश्व कर ऐनले कुन जग्गाको कति कर लिने भनेर स्पष्ट पारिसकेको छ । पछिल्लो समयमा सहकारिताको विकास अवधारणा पनि त्यत्तिकै जनसहभागिताको आधार हो । गाउँगाउँमा विभिन्न समूहहरू स्तरवृद्धि हुँदै सहकारीमा जान चाहेका हुन्छन् । यसका लागि उनीहरूलाई अब सहकारी कार्यालय धाएर जानकारी लिइरहनुपर्ने छैन । सहकारीलाई कसरी सञ्चालन गर्ने, कसरी व्यवस्थित गर्ने लगायतका विभिन्न विषयलाई समेटेर सहकारी गठन तथा दर्ताका लागि नगर सहकारी ऐन जारी गरेको छ ।

मुलुकमा संघीय गणतन्त्रको स्थापना भैसकेको अवस्थामा पछिल्लो समयमा केही पालिकाहरूमा कर्मचारी र जनप्रतिनिधिहरूबीचको सम्बन्धमा तिक्तता पनि आएको छ । कारण विधिको शासनभन्दा जनप्रतिनिधिको दबाबमूलक कार्यशैलीले कर्मचारीतन्त्रमा नैराश्यता पनि आएका छन् । जनप्रतिनिधिका काम कर्तव्य र अधिकार तथा कर्मचारीका काम कर्तव्य र अधिकारका सन्दर्भमा तुलसीपुर उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ जारी भएको छ ।

बसपार्कको तुलसीपुर पेट्रोलपम्प सञ्चालन तथा व्यवस्थापन गर्ने बनेको ऐन २०७७ एउटा बेग्लैखालको ऐन हो । जुन उपमहानगरपालिकाको आधुनिक बसपार्कलाई व्यवस्थित एवं सुविधा सम्पन्न गराउने एउटा गुरूयोजनाभित्रको कडी पनि हो । बसपार्कभित्र सवारीसाधनहरूले सहज रूपमा इन्धन



प्राप्त गर्नका लागि तयार गरिएको यो ऐन पनि नेपालको संविधानको एउटा धारामा अडिएर जारी भएको छ । जुन पम्प बेग्लै अस्तित्वको संस्था हुनेछ । पम्प सञ्चालन कसले गर्ने भन्ने कुरा ऐनले स्पष्ट रूपमा निर्दिष्ट गरिसकेको छ । नेताले होइन, नीतिले चलाउने छ तुलसीपुरलाई अब । भावी जनप्रतिनिधिका लागि पनि यी ऐनहरूले विशेष महत्व राख्नेछन्, अनि समयानूकुल संशोधन र परिमार्जन हुन पनि सक्नेछन् ।

कुन पालिकाले कति ऐन कानुन निर्माण गर्ने, कति कार्यविधि र कति विनियम बनाउने भन्ने सम्बन्धित कार्यपालिकाको तात्कालीन आवश्यकताले निर्धारण गर्ने हो । नेपालको मूल संविधानले पनि पालिकालाई यतिवटा कानुन बनाउनुपर्नेछ भनेर कतै उल्लेख गरेको विषय पनि होइन, आवश्यकताले कानुन जन्माउने हो । जस्तो कि पेट्रोलपम्प सञ्चालन कार्यविधि सडक यातायातले नछोएको पालिकाका लागि आवश्यक पर्नेछैन । अर्को सबैभन्दा महत्वपूर्ण कानुन भनेको स्थानीय तहका कर्मचारीहरूको व्यवस्थापन गर्न बनेको ऐन पनि हो । आवश्यक भएका क्षेत्रमा कर्मचारीको अभाव हुने र कामको चाप कम भएको स्थानमा कर्मचारीको खचाखच भीड हुनसक्ने सम्भावनासँगै अनावश्यक रूपमा अस्थायी कर्मचारी भर्ना गर्ने प्रवृत्तिको अन्त गर्नका लागि विशेष ऐन जारी भइसकेको छ । जसले पहुँचका आधारमा भन्दा आवश्यकताका आधारमा कर्मचारी व्यवस्थापन गर्नेछ । कृषि व्यावसाय प्रवर्द्धन ऐन एउटा अर्को महत्वपूर्ण ऐन हो । जसले कृषि व्यवसायलाई आधुनिकीकरण गर्दै निर्भरमुखी कृषिलाई निर्यातमुखी कृषिका रूपमा विकाश गर्नेछ । यसका लागि उत्पादित कृषि उपजको बजारीकरण गर्न आवश्यक व्यवस्थापन उपमहानगरपालिकाले गर्ने उल्लेख छ । कृषि बजार सम्बन्धी व्यवस्था, कृषि व्यवसाय ऋण, कृषि प्राविधिक सहयोगको आवश्यकतासहित यो ऐन जारी भएको छ । जसले किसानलाई अनुदान प्राप्त गर्न पनि एउटा कानुनी बाटो खुलेको छ ।



तुलसीपुर उपमहानगरपालिकाको नवौं नगरसभा

सामान्य विवादमा घरमा दैनिकजसो हुने श्रीमान् श्रीमतीको पारिवारिक झगडा, अंशवण्डामा सामान्य असहमति र बेमेल, सिँचाइ कुलो विवादलगायत विभिन्न गैरफौजदारी समस्याहरूमा अब न्याय खोज्न अदालत धाइरहनुपर्ने छैन । संघीय कानुनमा भएको व्यवस्थाबाहेक थप कानुनी व्यवस्था गर्नका लागि न्यायिक समिति (कार्यविधि) ऐन २०७५ तुलसीपुर उपमहानगरपालिकाले जारी गरिसकेको छ । विकास निर्माणका काममा सहजता ल्याउन, समावेशी र समानुपातिक विकासको अवधारणालाई कार्यन्वयनमा ल्याउन तथा सस्तो मूल्यमा विकास निर्माणका लागि आवश्यक कच्चा पदार्थ उत्पादन तथा प्रशोधनसमेत गर्न सक्ने, जनशक्ति परिचालन गर्न सक्ने, कर्मचारी र श्रमिकको व्यवस्थापन गर्न सक्नेगरी तुलसीपुर पूर्वाधार विकास प्राधिकरण गठन तथा सञ्चालन गर्न बनेको ऐन २०७६ जारी भैसकेको छ । यसै प्राधिकरणमार्फत तुलसीपुर उपमहानगरपालिकाले पहिलो चरणमा हरेक वडामा कम्तिमा ३ किमि सडक स्तरोन्नति गरी कालोपत्रे गर्ने काम यो आर्थिक वर्षमा सम्पन्न गरिसकेको छ । वडाकै सिफारिसमा यस्ता सडकहरू स्तरोन्नति हुने प्राधिकरण ऐनले व्यवस्था गरिसकेको छ ।

कसैको व्यक्तिगत स्वार्थ र कसैको पहुँचमा भन्दा पनि आवश्यकताका आधारमा विकास निर्माणका काम गर्न ऐनले स्पष्ट रूपमा प्रेरित

गरेको छ । ऐनले सडक, सिँचाइ, ढल निकास, खानेपानी योजना, मेट्रो यातायात, वैकल्पिक ऊर्जा, पर्यटन, नाला निर्माण, पूर्वाधार निर्माणको स्रोत पहिचान परिचालन, नीति तर्जुमा लगायतका कामहरू प्राधिकरणको कार्याधिकारमा उल्लेख छ । यद्यपि सबै नीति तर्जुमा नगरसभाबाट स्वीकृत भए बमोजिम हुने छन् ।

माथि उल्लिखित केही ऐन प्रतिनिधि ऐन मात्र हुन् । तुलसीपुर उपमहानगरपालिकाले हालसम्मको कार्यकालमा कम्तिमा २८ वटा ऐन निर्माण गरिसकेको छ । जुन तुलसीपुर उपमहानगरपालिकाको राजपत्रमा प्रकाशित भइसकेका छन् । यी ऐनहरूलाइ कार्यन्वयन गर्नका लागि सहज होस् भनेर उपमहानगरपालिकाले विभिन्न ऐनमा आधारित ४२ वटा कार्यविधि बनाएको छ । ६ वटा निर्देशिका, ३ वटा मापदण्ड नीति तथा अन्य ८ वटा गरी जम्मा ८६ वटा कानुन निर्माण गरिसकेको विधान समितिका संयोजक अमर नेपालीले बताए ।

**विधिको शासन**

मुलुकमा करिब ७ दशक लामो विभिन्न चरणका आन्दोलनपछि संघीय गणतन्त्रको स्थापना भयो । यससँगै संघात्मक संविधान जारी भयो । जसको अर्थ सिंहदरवारमा केन्द्रित रहेको शक्तिलाई विकेन्द्रित गरी वडा तहसम्म ल्याउनु थियो । लोकतन्त्र भनेकै यही हो । जहाँ विधिको शासन हुन्छ, त्यहाँ लोकतन्त्रको पूर्ण प्रत्याभुति हुनसक्छ । अर्को अवधारणा मुलुकलाई नेताले होइन, नीतिले चलाउनुपर्छ भन्ने पनि हो । यो अवस्थामा संघीय कानुनकै आधारमा रहेर प्रदेश कानुन र स्थानिय तह सञ्चालन कार्यविधि वमोजिम स्थानिय तह सञ्चालनका लागि विभिन्न ऐन निर्माण पनि उत्तिकै आवस्यक विषय पनि हो । कुनै पालिकामा जडिबुटीको प्रचुर सम्भावना रहेको हुनसक्छ, कुनै पालिकामा नदीजन्य पदार्थले पनि आर्थिक समृद्धिलाई टेवा पुऱ्याएको हुनसक्छ । कुनैमा कृषि उपजको निर्यातले पनि पालिकाको अर्थतन्त्रलाई चलायमान



सम्मान ग्रहण गर्दै नगरप्रमुख घनश्याम पाण्डे

बनाएको हुन्छ । यी सबै सम्भावनाहरूलाई समेटी काम गर्न सके मात्र पालिकाले समृद्धि हासिल गर्न सक्छ । यी सबै सम्भावनाहरूको व्यवस्थापनका लागि संघीय कानुनले मात्र मार्ग प्रशस्त गर्ने अवस्था नहुन सक्छ । त्यसका लागि पालिकाहरूले आ–आफ्नै अनुकूलका ऐन कानुन निर्माण गर्नसक्ने संवैधानिक व्यवस्था पनि छ ।

अर्को महत्वपूर्ण विषय त के हो भने हरेक पालिका सकेसम्म हरेक क्षेत्रमा आत्मनिर्भर हुने अपेक्षा गर्न लालायित हुन आवश्यक छ । हरेक पालिकाहरूका भिन्नाभिन्नै पहिचान हुन सक्छन् । यी पहिचानलाई राष्ट्रिय प्रवाहमा जोड्नका लागि पनि स्थानीय पालिका ऐन निर्माण अपरिहार्य हो । जहाँ समस्या, त्यहाँ समाधान पनि सँगै जोडिएर आएको हुन्छ, समस्याको समाधान न्यायसम्मत रूपमा सम्पन्न गर्नु पालिकाको दायित्व पनि हो । 'स्थानीयस्तरमा आवश्यक कानुन निर्माणमा तुलसीपुर उपमहानगरपालिकाले खेलेको भूमिका अहं छ', तुलसीपुर उद्योग बाणिज्य संघका अध्यक्ष रामप्रसाद चालिसे भन्छन्, 'अझै केही विषयमा कानुन बन्न आवश्यक छ, नगर प्रहरी ऐनदेखि अन्य धेरै ऐन बनाउन सके तुलसीपुरको समग्र स्वाभिमान पनि उचो हुन सक्ने छ ।' यी ऐनहरू भविष्यमा जनप्रतिनिधिहरूका लागि पनि सहयोगी दस्तावेज बन्ने छन्, अनि आवश्यकता अनुसार थप संशोधन र परिमार्जन हुँदै जानेछन् । ऐन बनाउनुको अपेक्षा कानुनी शासनको प्रत्याभूति पनि हो । त्यसैगरी पारदर्शिताको सूचक पनि हो । सुशासनको प्रमुख आधार हो ।



# देशकै पहिलो विकास प्राधिकरण

तुलसीपुर–सार्वजनिक खरिद ऐनको झन्झटिलो र लामो प्रक्रियामात्रै होइन उपभोक्ता समितिको लापरवाहीले विकासे काममा ढिलासुस्ती बढेको छ । ठेक्कापट्टा लगाउँदा पनि कामको गुणस्तर भनेजस्तो छैन । यतिमात्रै होइन काम बाहिरको जनशक्तिले पाउने र स्थानीय बेरोजगार बस्ने वर्षौंदेखिको समस्या अब तुलसीपुरमा हट्ने भएको छ ।

तुलसीपुर उपमहानगरपालिकाले सडक यातायात गुरूयोजना कार्यान्वयनसम्बन्धी ऐन ल्याएर सहज विकासकै निम्ति छुट्टै तुलसीपुर विकास प्राधिकरण गठन गरेर काम थालेपछि विकासमा हुने झन्झटिला र लामो प्रक्रियालगायतका समस्या हटेको उपमहानगरपालिकाले जनाएको छ । आफ्नै साधन स्रोत, उपकरण, जनशक्ति तथा जनसहभागिताको सदुपयोगले सामान्य अवस्थामा भन्दा विकासमा गुणस्तर, छिटोछरितो काम हुन थालेको हो ।

स्थानीय सरकार सञ्चालन ऐनले आफ्नो विकास गर्न उपमहानगरपालिकाले छुट्टै मोडेलको विकास गर्नसक्ने अधिकार दिएको छ । त्यही अधिकारको प्रयोग गर्दै तुलसीपुरले ऐन ल्याएर आव ०७५/७६ को मध्यतिर तुलसीपुर विकास प्राधिकरण गठन गर्‍यो । त्यसपछि आव ०७६/७७ देखि कामको थालनी पनि गर्‍यो । तर विकास प्राधिकरणका लागि चाहिने उपकरण व्यवस्थापनमा समय लागेपछि काम थालेको दुई वर्षसम्म फूलफेजमा काम गर्न गाह्रो भयो । तर विकास निर्माणका लागि तुलसीपुरमा छुट्टै अध्यायको सुरूवात भने भएको छ ।

**देशकै पहिलो र नमूना**

सामान्यतया विकासका काम भइरहेका बेला तुलसीपुर विकास प्राधिकरण गठन गरिनु धेरैलाई नौलो लागेको पनि छ । कतिपयले त शंका पनि व्यक्त गरे । तर यो विकासको बेग्लै र नमूना काम भएको विज्ञहरूले बताएका छन । सम्भवतः देशभरका स्थानीय तहहरूमा विकासको यो मोडेल अपनाएर काम गर्ने तुलसीपुर उमपहानगरपालिका देशकै पहिलो हो । आफ्नो क्षेत्रको विकासका लागि आफ्नै मोडेलको विकास गरेर कम लगानीमा गुणस्तरीय

काम गर्ने तथा उक्त काममा स्थानीयलाई रोजगारी दिने बहुउपयोगी प्रयास देशकै नमुना रहेको तुलसीपुर विकास प्राधिकरणका विषय विज्ञ नहकुल केसीले बताउनुभयो । हाम्रो सार्वजनिक खरिद प्रक्रिया निकै झन्झटिलो छ, जसले विकासे काममा ढिलासुस्ती निम्त्याएको छ विकास विज्ञ केसीले भन्नुभयो,- 'आफ्नै उपकरण, स्रोत, जनशक्ति र जनसहभागिताले विकासमा छरितोपन र गुणस्तर ल्याउने काम गरेको छ ।' उहाँले तुलसीपुरको यो काम नेपालकै नमूना भएको बताउनुभयो ।

**प्राधिकरणको संरचना**

तुलसीपुर विकास प्राधिकरण उपमहानगरभन्दा अलग्गै संयन्त्र होइन । उपमहानगर मातहतकै विकासे काममा सहजता ल्याउन विज्ञसहितको अधिकार प्राप्त संरचना हो । जसको नेतृत्व उपमहानगरका प्रमुख घनश्याम पाण्डेले नै गर्नुभएको छ । जसमा जनप्रतिनिधि, विषय विज्ञ, कर्मचारी र पूर्व जनप्रतिनिधिसमेत १५ जनाको सहभागिता छ । विकास प्राधिकरणको अध्यक्षमा नगरप्रमुख घनश्याम पाण्डे र उपाध्यक्षमा उपप्रमुख



माया आचार्य हुनुहुन्छ । यस्तै वडाध्यक्षहरू श्याम डाँगी, लक्ष्मण भण्डारी, विजय विक, टोपबहादुर केसी र राजु आचार्य हुनुहुन्छ भने कार्यपालिका सदस्य अमर नेपाली पनि प्राधिकरणको सदस्य हुनुहुन्छ । यसैगरी वडा सदस्यहरूबाट धर्मा श्रेष्ठ र सिता केसी सदस्य हुनुहुन्छ । त्यस्तै पूर्व जनप्रतिनिधिबाट मेघराज भुसाल र उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पनि सदस्य हुनुहुन्छ । प्राधिकरणको विषय विज्ञमा नहकुल केसी र मधुकर राजभण्डारी हुनुहुन्छ भने प्राधिकरणको सदस्य सचिवमा उपमहानगरपालिकाका इञ्जिनियर पवन योगी हुनुहुन्छ ।

**फाइदै फाइदा**

विकासका काम प्राधिकरणले गर्दा उपमहानगरवासीलाई फाइदै फाइदा छ । सबैभन्दा सार्वजनिक खरिद प्रक्रियाको झन्झटबाट मुक्त भएपछि कामलाई छिटोछरितो बनाइएको छ । सानो कामका लागि पनि उत्तिकै लामो प्रक्रियामा जानुपर्ने बाध्यता अब हटेको छ र उक्त प्रक्रियामा लाग्ने समय र आर्थिक खर्च जोगिएको छ । नगरवासीका लागि अर्को फाइदा कम लगानीमा धेरै कामको सुनिश्चितता भएको छ । त्यही काम गर्दा दोस्रो पक्षले लिने मुनाफा जोगिएको छ । दोस्रो पक्षले काम गर्दा केही न केही कसरी जोगाउने भन्ने ध्यान हुन्छ । तर प्राधिकरणले बचेको रकम कोषमै राखेर अर्को काममा लगाउँछ । त्यसो हुँदा अर्को ठाउँको विकास हुन्छ । अर्को फाइदा काममा गुणस्तर आउनु हो । सम्बन्धित क्षेत्रका उपभोक्ताको चाहनामा विकासको काम हुन्छ । उनीहरूले स्टिमेटमा भएको मात्रा थोरै वा कम गुणस्तरजस्तो लाग्यो भने उपभोक्ताले मात्रा बढाएर क्षेत्र कम गर्न सक्छन । अर्को फाइदा भने प्राधिकरणले गर्ने विकासमा जुन वडामा काम हुने हो त्यही वडाका व्यक्तिलाई रोजगारको प्राथमिकता निर्धारण गरिएको छ । सम्बन्धित क्षेत्रकै व्यक्तिले काम गर्छु भनेपछि अरूले रोजगारी पाउँदैनन् । अर्को फाइदा भनेको उक्त विकासे कामका लागि

प्राधिकरणले आफ्नै उपकरणका प्रयोग गर्छ । अरू कसैलाई चर्को मूल्य तिर्नु पर्दैन त्यसैले काममा ढिलासुस्ती गर्ने र समय बढाएर उपकरणको भाडा असुल्ने जोखिम हटेर गएको छ । यस्ता थुप्रै फाइदाका कारण विकास प्राधिकरण गठन गरिएको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले बताउनुभयो । प्राधिकरणका फाइदै फाइदा छन् नगरप्रमुख पाण्डेले भन्नुभयो, 'यसले उपमहानगरको विकासमा गणुस्तर, छिटो विकास, स्थानीयलाई रोजगारी सिर्जना गरेको छ ।' उहाँले विकास प्राधिकरणकै माध्यमबाट समृद्ध उपमहानगर सम्भव भएको बताउनुभयो ।


**"हाम्रो सार्वजनिक खरिद प्रक्रिया निकै झन्झटिलो छ, जसले विकासे काममा ढिलासुस्ती निम्त्याएको छ" विकाश विज्ञ नहकुल केसीले भन्नुभयो,- "आफ्नै उपकरण, स्रोत, जनशक्ति र जनसहभागिताले विकासमा छरितोपन र गुणस्तर ल्याउने काम नेपालकै नमूना भएको छ ।"**

## प्राधिकरणले कसरी गर्छ विकास

तुलसीपुर विकास प्राधिकरण गठन भएपछि प्राधिकरणले एकलौटी काम गर्ने हो कि भन्ने शंका आम नागरिकमा थियो । तर प्राधिकरणले आफैले योजना निर्माण गर्दैन । नगरसभाले दिएको म्यान्डेटमै रहेर विकासका काम गर्ने व्यवस्था छ । सबैभन्दा पहिले सम्बन्धित वडाले त्यस वडाको कुन ठाउँको कुन काम गर्ने हो क्षेत्र तोकेर योजना विषयगत समितिमा ल्याउँछ । विषयगत समितिले छलफल गरी कार्यपालिकामा पठाउँछ र कार्यपालिकाले निर्णय गरेर नगरसभामा पठाउँछ । उपयुक्त योजना भए नगरसभाले पास गर्छ । नगरसभाबाट स्वीकृत भएका योजनामा मात्रै विकास प्राधिकरणले काम गर्छ । प्राधिकरणले योजना छान्ने वा योजनाका लागि बजेट छुट्याउने काम गर्नै पाउँदैन । 'नगरसभाले यस वर्ष यो-यो काम गर्ने भन्ने प्राथमिकता तोक्छ' तुलसीपुर उपमहानगरपालिकाका इञ्जिनियर पवन योगीले भन्नुभयो,- 'नगरसभाकै प्राथमिकताका क्षेत्रमा उसैले तयार गरेका योजना सम्पन्न गर्ने काम प्राधिकरणले गर्छ ।' नगरसभाले पास गरेका योजनामा सम्बन्धित वडाका प्राविधिकले स्टिमेट गरेपछि प्राधिकरणले रूजु गरेर मात्रै काम हुन्छ । प्राधिकरणले गर्ने काम सम्बन्धित क्षेत्रकै जनताको निगरानीमा हुन्छ । 'मानौँ दुई सय मिटर लम्बाई र सात मिटर चौडाइको बाटो कालोपत्रे गर्ने छ तर जनताले साढे सात मिटर चौडाइ बनाऔँ भनेपछि लम्बाइ घटाएर चौडाइ बढाउन सकिन्छ । वा तीन इन्चको कालोपत्रे चार इन्च बनाउने र गुणस्तर थप बलियो बनाऔँ भनेपछि जनताले भनेअनुसार गरेर त्यसको लम्बाइ घटाइन्छ' तुलसीपुर उपमहानगरपालिकाका प्रवक्ता श्याम डाँगीले भन्नुभयो-'स्थानीय जनताको निगरानी र उनीहरूको इच्छाअनुसार प्राधिकरणले काम गर्छ । त्यसले नै विकासमा गुणस्तर ल्याउने हो ।'

## आफ्नै उपकरण

तुलसीपुर विकास प्राधिकरणले विकासका काम गर्न आफ्नै उपकरण खरिद गरेको छ । जसले चाहेकै बेलामा विकासका काम गर्न सरल, सहज र किफायती भएको उपमहानगरपालिकाले जनाएको छ । प्राधिकरणसँग अहिले १२ वटा उपकरण छन् । एउटा स्क्याभेटर, २ वटा लोडर, २ वटा ब्याकुलोडर, २ वटा ट्रिप्पर, एउटा विट्मिन डिस्ट्रिब्यूटर, २ वटा हटमिक्स प्लान्ट र २ वटा टेक्टर रहेको विकास प्राधिकरणका सदस्य सचिव तथा इञ्जिनियर पवन योगीले जानकारी दिनुभयो । आफ्नै उपकरण भएपछि समयमै काम गर्न सहज भएको उहाँको भनाइ छ । त्यसो त प्राधिकरणले आफ्नै पेट्रोल पम्प सञ्चालनको तयारी समेत गरेको छ । विकासे




कामका लागि चाहिने ठूलो मात्राको इन्धन भनेको बेलामा नपाइने हुँदा काममा समस्या आउने भन्दै आफ्नै पेट्रोलपम्प स्थापनाका लागि प्रक्रिया थालिएको नगर प्रमुख घनश्याम पाण्डेले जानकारी दिनुभयो । प्राधिकरणले विकासमा थप सहजता ल्याउन आफ्नै क्रसर उद्योग समेत सञ्चालन गर्ने योजना बनाएको थियो । तर त्यसमा विवाद आउने र काममा समस्या आउनसक्ने जोखिमलाई मध्यनजर गर्दै तत्काललाई उक्त योजनाबाट फिर्ता भएको नगरप्रमुख पाण्डेले जानकारी दिनुभयो ।

**काममा पाइला सर्दै**

तुलसीपुर विकास प्राधिकरण दुईवर्ष अघि गठन भयो । समिति गठन भए पनि ऊसँग कामका लागि संरचना र उपकरण थिएनन् । बिस्तारै प्राधिकरणलाई चाहिने उपकरणहरू खरिद भए । उपकरण आएसँगै प्राधिकरणले काम पनि थालेको छ । विकास प्राधिकरणले हरेक वर्ष प्रत्येक वडामा ३ किलोमिटर ग्रामीण सडक कालोपत्रे गर्ने योजना बनाएको छ । १९ वटै वडामा ३ किलोमिटरको दरले कालोपत्रे गर्दा वर्षमा कम्तीमा ५७ किलोमिटर सडक कालोपत्रे हुन्छ तर प्राधिकरण वर्षमा ६० किलोमिटरको लक्ष्य लिएको छ ।

यस्तै एकहजार किलोमिटर सडक ग्राभेल तथा बेसको काम गर्ने लक्ष्य रहेको इन्जिनियर पवन योगीले जानकारी दिनुभयो । गतवर्ष खासै काम भएन यसपालि २५ किलोमिटर ग्रामीण सडक कालोपत्रे गरेका छौं इन्जिनियर योगीले भन्नुभयो,– '६० किलोमिटर ग्राभेल तथा बेसको काम भएको छ । कोभिडका कारणले पनि समस्या भयो । आउने कात्तिक, मङ्सिरसम्म ६० किलोमिटर सडक कालोपत्रे गर्छौं ।' प्राधिकरणले थप एकसय किलोमिटर ग्रामीण सडकको डिपिआर तयार गरिसकेको छ । यस्तै आगामी दिनमा सडकमात्र नभई सिँचाइ, खानेपानी तथा आइटी पार्कका लागि पनि प्राधिकरणले काम गर्नेछ ।



तुलसीपुर उपमहानगरपालिकालाई स्पोर्टस् सिटीका रूपमा विकास गर्न सकिने आधारसहितको अध्ययन प्रतिवेदन राष्ट्रिय खेलकुद परिषद्ले ०७५ साउन ६ गते तुलसीपुर उपमहानगरपालिकालाई हस्तान्तरण गऱ्यो । त्यही अध्ययन प्रतिवेदनको आधारमा उपमहानगरलाई स्पोर्टस् सिटीका रूपमा विकास गर्न कामको थालनी भयो । राष्ट्रिय खेलकुद परिषद्का विज्ञ टोलीले उपमहानगरपालिकाका १९ वटै वडामा खेल संरचना निर्माण गर्न सकिने सुझाव उपमहानगरपालिकालाई दिएको छ । त्यही सुझावका तुलसीपुरकै बेलझुण्डीमा यसअघि नै अन्तर्राष्ट्रिय स्तरको फुटबल रङ्गशाला छ । रङ्गशालाकै कारण तुलसीपुर उपमहानगरपालिका स्पोर्टस् सिटीका रूपमा छनौट हुने देशकै तीनमध्ये एक पालिका हो । राष्ट्रिय खेलकुद परिषद्ले देशका पोखरा, इटहरी र तुलसीपुरलाई स्पोर्टस् सिटीका रूपमा विकास गर्न पालिकालाई अनुमति दिएको थियो । यी तीनमध्ये सबैभन्दा पहिले तुलसीपुरलाई नै राखेपले सम्भाव्यता अध्ययन गरेर स्पोर्टस् सिटीको पूर्वाधार विकासका लागि प्रतिवेदन तयार गरेको हो । अध्ययन टोलीका

# स्पोर्टस् सिटी

## जग बसाल्दै तुलसीपुर



आधारमा खेलकुद पूर्वाधारदेखि खेल गतिविधि अघि बढाइएको उपमहानगरपालिकाले जनाएको छ ।

तुलसीपुर आफैमा खेलकुद गतिविधि हुने क्षेत्र हो । जहाँ खेलकुदका पूर्वाधार जिल्लाका अरू पालिकाभन्दा धेरै छन् र खेलकुदसँग सम्बन्धित व्यक्तिहरू पनि तुलसीपुरमै भएकाले तुलसीपुरलाई स्पोर्टस् सिटी बनाउन अरूलाई भन्दा सहज छ । सदस्य तथा जिल्ला खेलकुद विकास समिति दाङका पूर्वअध्यक्ष डिल्ली डाँगीका अनुसार अन्तर्राष्ट्रियस्तरको रङ्गशाला तुलसीपुरमै भएका कारण तुलसीपुर स्पोर्टस् सिटीका रूपमा छानिएको हो । 'सम्भावना देखेरै सबैभन्दा पहिले राखेपले विज्ञ टोली पठाएर अध्ययन प्रतिवेदन तयार गऱ्यो र स्थानीय सरकारलाई उक्त अध्ययन प्रतिवेदन बुझाएको हो' पूर्वअध्यक्ष डाँगीले



भन्नुभयो,–'अब त्यही अध्ययन प्रतिवेदनअनुसार पूर्वाधारको विकास गर्न उपमहानगरले अलि गति बढाउनुपर्छ ।'

स्पोर्टस् सिटीको आधार निर्माण गर्न उपमहानगरपालिकाले थालनी गरेको छ । 'तुलसीपुरलाई स्पोर्टस् सिटी बनाउने आधार पनि प्रशस्तै छन्' पूर्वाधार अध्ययन टोलीमा सहभागी एक सदस्य एवं खेलकुद पत्रकार संघ दाङका अध्यक्ष लक्ष्मण बस्नेतले भन्नुभयो,– 'पूर्वाधार विकासमा स्पिड बढाउन जरूरी छ ।' उपमहानगरले तुलसीपुरलाई स्पोर्टस् सिटीका रूपमा विकास गर्न आफ्ना नीति, कार्यक्रममा समेट्नु सकारात्मक भन्दै बस्नेतले सोहीअनुसारको पूर्वाधार विकासलाई अलि तीब्रता दिन आवश्यक रहेको बताउनुभयो । 'जग हालिएको छ, यो सुखद पक्ष हो' अध्यक्ष बस्नेतले भन्नुभयो,– 'स्पोर्टस् सिटी बनाउन अझै मेहनत जरूरी छ ।' कम्तीमा खेलकुदका पूर्वाधार र सामग्रीको उपलब्धतामा ध्यान दिनुपर्ने बस्नेतको सुझाव छ ।

तर आर्थिक अवस्था कमजोर भएको देश र पालिकामा रातारात सबै पूर्वाधार विकास गर्न चूनौतीपूर्ण नै रहेको भलिबलका राष्ट्रिय खेलाडी देवेन्द्र वैरागीले बताउनुभयो । स्पोर्टस् सिटीका लागि थुप्रै पूर्वाधार आवश्यक पर्ने भन्दै उहाँले बिस्तारै तुलसीपुरलाई स्पोर्टस् सिटीका रूपमा स्थापित गर्न सकिनेमा आशा व्यक्त गर्नुभयो । त्यसको सुरूवात तुलसीपुर उपहानगरपालिकाले गरिसकेकोमा भने उहाँले खुसी व्यक्त गर्नुभयो । पहिलेभन्दा अहिले खेलकुद गतिविधि पनि बढेका छन् । 'खेल प्रवर्द्धनका लागि सहयोग पनि भइरहेकै छ' राष्ट्रिय खेलाडी बैरागीले भन्नुभयो,– 'अब पूर्वाधार विकासमा पनि ध्यान दिनुपर्छ । त्यसको सुरूवात भइसकेको छ ।' वैरागीले तुलसीपुरले पहिलोपटक दाङमा 'बिचभलिबल' प्रतियोगिताको आयोजना गरेर नमुना कार्यको थालनी गरेको बताउनुभयो । 'बबई सभ्यतालाई चिनाउन, दाङ र तुलसीपुरलाई चिनाउन बिचभलिबलले ठूलो भूमिका खेलेको छ' वैरागीले भन्नुभयो,– 'बबईको बगरमै राष्ट्रिय बिचभलिबल प्रतियोगिता गर्ने योजना बनाएका छौँ ।'

'खेलकुद क्षेत्रमा धेरै राम्रा प्रयास भएका छन्, दाङका लागि यो सुखद् पक्ष नै हो' लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्य तथा फुटवल खेलाडी नरेन्द्र पुनले भन्नुभयो,– दाङमा स्पोर्टस् सिटी निर्माण हुनु विकास र स्वास्थ्यका लागि पनि महत्वपूर्ण उपलब्धि हो ।' उहाँले तुलसीपुरमा धेरै पूर्वाधार तयार भएको भन्दै अझै धेरै आउट डोर, इन्डोर गेमका पूर्वाधार निर्माण प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । कम्तिमा राष्ट्रिय मान्यताप्राप्त खेलका पूर्वाधार बनाउनतर्फ उपमहानगरले ध्यान दिनुपर्ने उहाँको सुझाव छ । जिल्लाका खेलाडीमात्रै होइन खेलकुदप्रेमीहरू पनि तुलसीपुरलाई स्पोर्टस् सिटीका रूपमा विकास गर्न लागिएकोमा हर्षित छन् । तर त्यसको पूर्वाधार विकासमा पनि छिटोछरितो काम होस् भन्ने चाहना पनि छ ।

**एक वडा एक खेल मैदान**

तुलसीपुर उपमहानगरपालिकालाई स्पोर्टस् सिटीको रूपमा विकास गर्न उपमहानगरले 'एक वडा एक खेलकुद' मैदानको अवधारणा अघि सारेको छ । तुलसीपुरमा १९ वटा वडा छन् । ती १९ वटै वडामा खेलकुद मैदान निर्माणको काम थालिएको छ । तर हरेक वडामा रहेको सम्भाव्यताको आधारमा खेलकुद पूर्वाधार बनाउने योजना उपमहानगरपालिकाको छ । 'कुनै वडामा भलिबल होला, कुनैमा फुटबल, कतै

क्रिकेट होला भने कतै अरू इन्डोर गेमका पूर्वाधार' तुलसीपुर उपहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले भन्नुभयो– 'हामीले १९ वटै वडामा खेलकुद पूर्वाधार बनाउन थालेका छौँ ।' एक वडा एक खेलकुद मैदानको अभियान नै लिएर स्पोर्टस् सिटीको पूर्वाधार विकासमा उपमहानगर लागेको नगरप्रमुख पाण्डेले बताउनुभयो ।

उपमहानगरपालिकाले अहिले १० वटा वडाका लागि खेलकुद मैदान निर्माण गरेको छ । तुलसीपुरको वडा नं. १ मा मदन भण्डारी फुटबल रङ्गशाला, वडा नं. २ मा बालापुर खेलमैदान, वडा नं. ५ मा फुटसल ग्राउन्ड, वडा नं. ६ मा गौरीडाँडा खेलमैदान, वडा नं. ७ मा गैरीखाली खेलमैदान, ८ र ९ का लागि दुवीचौर खेलमैदान र वडा नं. १९ मा सङ्क्राम खेलमैदान निर्माण गरेको तुलसीपुर उपमहानगरपालिकाका कार्यपालिका सदस्य एवं युवा तथा खेलकुद विकास समितिका संयोजक अमर नेपाली माइकलले जानकारी दिनुभयो । बाँकी वडाहरूमा पनि खेलमैदान निर्माणको तयारी भइरहेको माइकलले जानकारी दिनुभयो । 'खेलमैदान पहिलो पूर्वाधार हो हामी त्यसतर्फ गम्भीर भएर लागेका छौँ' खेलकुद संयोजक माइकलले भन्नुभयो,– 'पूर्वाधार विकासका लागि स्रोतको व्यवस्था उपमहानगरले गर्छ ।'

**एक विद्यालय एक खेल शिक्षकको अवधारणा**

खेलकुद स्वास्थ्यका लागि पनि हो भन्ने कुराको ज्ञान दिने र खेलाडी उत्पादन गर्ने उद्देश्यले तुलसीपुर उपमहानगरपालिकाले एक विद्यालय एक खेल शिक्षकको अवधारणा अघि सारेको छ । आव ०७७/७८ मै खेल शिक्षक नियुक्तिको तयारी गरे पनि कोरोना महामारीका कारण विद्यालयमा खेल शिक्षक पुग्न सकेनन् । तर महामारीपछि तुलसीपुर उपमहानगरका विद्यालयमा खेल शिक्षक नियुक्तिको तयारी भइहेको खेल संयोजक माइकलले जानकारी दिनुभयो । तुलसीपुर उमपहानगरपालिकामा अहिले ७० वटा सामुदायिक विद्यालय छन् । सामुदायिक विद्यालयमा उपमहानगपालिकाले नै खेल शिक्षक उपलब्ध गराउनेछ भने संस्थागत विद्यालयमा साझेदारीमा खेल शिक्षक राख्ने तयारी छ । 'खेल शिक्षक यसै शैक्षिक सत्रबाट पठाउने तयारी छ' नगरप्रमुख घनश्याम पाण्डेले भन्नुभयो,– 'खेलाडी उत्पादनका आधार विद्यालयहरू नै हुन् । त्यसैले एक विद्यालय एक खेल शिक्षकको अवधारणा ल्याएका छौँ ।'

**नमुना पूर्वाधार**

तुलसीपुर उपमहानगरपालिकामा संघीय सरकार र निजी क्षेत्रबाट खेलकुदका नमुना पूर्वाधार निर्माण भएका छन् । यसले उपमहानगरपालिकालाई स्पोर्टस् सिटी निर्माण गर्न थप सहज भएको छ ।



बेलझुण्डीस्थित अन्तर्राष्ट्रिय रङ्गशाला



निजी लगानीमा निर्माण गरिएको फुटसल मैदानमा खेलाडीहरू

त्यसो त यिनै नमुना पूर्वाधारकै कारणले पनि तुलसीपुर उपमहानगरलाई स्पोर्टस् सिटीका रूपमा छनौट गरिएको हो । ठूला र नमुना खेल पूर्वाधार हुनु स्पोर्टस् सिटीका लागि आधार बलियो हुनु नै हो । तुलसीपुर उपमहानगरपालिका-१७ बेलझुण्डीमा ०७५ सालमा संघीय सरकारको २४ करोड २४ लाख २४ हजारको लगानीमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण भएको छ । यो नै स्पोर्टस् सिटीको बलियो पूर्वाधार हो । त्यसैगरी तुलसीपुर-६ गाइडहरमा मल्टीप्रपोज कबर्डहल निर्माण भएको छ भने निजी तथा संस्थागत लगानीमा तेक्वान्दो हल, पब्लिक प्रहरी व्याडमिन्टन कोर्ड निर्माण भएर सञ्चालनमा छन् ।

## निजी क्षेत्रको व्यवसायिक फुटसल

सरकारीस्तरबाट खेलकुद गतिविधिमा जोड दिइरहेका बेला निजीस्तरबाट समेत व्यवसायिक खेलकुद पूर्वाधार निर्माण हुन थालेका छन् तुलसीपुरमा । युवा व्यवसायी डिल्ली केसीलगायतको टोलीले तुलसीपुर उपमहानगरपालिका-६ शिखरकोलनीमा व्यवसायिक फुटसलको सुरूवात गरेको छ । निजीस्तरबाट समेत व्यवसायिक खेलको पूर्वाधार तयार हुनु अन्ततः खेल प्रवर्द्धनमा टेवा पुग्ने नगरप्रमुख पाण्डको भनाई छ । पैसा तिरेरै खेल खेल्न सकिने सिटीका रूपमा पनि तुलसीपुर विकास हुँदै गएको उहाँको भनाइ छ । निजीस्तरमा निर्माण गरिएको फुटसल खेल्नका लागि समयअनुसार ८ सय, १ हजार र १२ सय तिरेर निश्चित समय खेल्न पाउने व्यवस्था गरिएको छ ।


## प्रोत्साहन र प्रवर्द्धनमा जोड

तुलसीपुर उपमहानगरपालिकाले खेलाडीहरूको प्रोत्साहन र खेलकुद प्रवर्द्धनका लागि पुरस्कार र सहयोगको नीति अवलम्वन गरेको छ । उपमहानगरले क्षेत्रीय तथा राष्ट्रियस्तरको प्रतियोगितामा शिल्ड प्राप्त गर्ने खेलाडीहरूलाई प्रोत्साहन रकम दिंदै आएको छ भने वडा कार्यालयको सिफारिसमा खेलकुद सामग्री, आर्थिक सहयोग समेत उपलब्ध गराउँदै आएको उमपहानगपालिकाले जनाएको छ । यसैगरी खेलकुद क्षेत्रको विकासका लागि उपमहानगरपालिकाले हरेक वर्ष मेयरकप प्रतियोगिताको सुरूवात गरेको छ भने दाङमै पहिलो पटक बबई नदीमा बिचभलिबल प्रतियोगिता गरेको छ ।



अरनीको मैदानमा फुटसल खेल्दै खेलाडीहरू

# सरकारले पुऱ्यायो गिनिज बुकसम्म




गिनिज बुकले ०७७ माघ ५ गते जम्पिङ जक्समा विश्व रेकर्ड कायम भएको जानकारी दियो । तर त्यसको प्रमाणपत्र मैले ०७८ असार २ गते मात्रै पाएँ । यो मेरा लागि त विशेष हो नै मलाई आर्थिक सहयोग गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्डसम्म पुऱ्याउने तुलसीपुर उपमहानगरपालिका, दाङवासी, साथीहरू, आफन्त, शुभेच्छुकहरूका लागि पनि गौरवको विषय हो । म सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।

तुलसीपुर उपमहानगपालिका वडा नं. ३ रानागाउँ घर हो मेरो । पेशाले म इलेक्ट्रिसियन हुँ । जीविकोपार्जनका लागि सानोतिनो पसल पनि गरेको छु । खेलप्रति मेरो रूचि छ । मुख्यगरी जम्पिङ, हातले टेकेर हिँड्नेजस्ता थुप्रै अभ्यासमा म छु । जीवनमा केही गरेर देखाउँछु भन्ने लागिरहन्छ । त्यो हुट्हुटी पहिलेदेखि नै थियो तर आर्थिक समस्याले केही गर्न सकिएको थिएन । आफूसँग प्रतिभा छ भन्ने मलाई थियो र छ । त्यसैले आफूले जानेको विधामा विश्व रेकर्ड गर्ने हुट्हुटी जागेको थियो । साथी, आफन्त र शुभेच्छुकको प्रोत्साहनले कस्सिएँ पनि । गिनिज बुकमा नाम लेखाउने सपना पूरा गर्न आर्थिक अभाव भयो । सहयोग पाइन्छ कि भन्दै तुलसीपुर उपमहानरपालिकामा निवेदन दिएँ ।

नगरप्रमुख घनश्याम पाण्डे, जनप्रतिनिधिहरू, कर्मचारीहरूले मेरो कामप्रति विश्वास गर्नुभयो र मलाई एक लाख आर्थिक सहयोग गर्नुभयो । गिनिज बुकसम्म पुग्ने अवस्था भएन । भिडियो रेकर्ड र आवश्यक डकुमेन्टेसनको काम उपमहानगरले दिएको रकमले ठूलो राहत दियो । एक मिनेटमा एक सय २३ पटक जम्प गरेर ०७६ पुस १६ गते यी सबै प्रमाण गिनिज बुकमा पेश गरे । गिनिज बुकले ०७७ माघ ५ गते जम्पिङ जक्समा विश्व रेकर्ड कायम भएको जानकारी दियो । तर त्यसको प्रमाणपत्र मैले ०७८ असार २ गते मात्रै पाएँ । यो मेरा लागि त विशेष हो नै मलाई आर्थिक सहयोग गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्डसम्म पुऱ्याउने तुलसीपुर उपमहानगरपालिका, साथीहरू, शुभेच्छुकहरूका लागि पनि गौरवको विषय हो । म सबैप्रति आभार व्यक्त गर्न चाहन्छु र अझै हातले टेकेर हिँड्नेलगायतका विधामा थप रेकर्डको प्रक्रिया अघि बढाएको छु । यस्तै साथ सहयोगको अपेक्षामा छु । धन्यवाद !

# कोभिड व्यवस्थापनमा

# नयाँ अभ्यास



दीपक बोहरा



सिंहदरवारलाई जनताको घरदैलोमै ल्याउने चुनावको मुख्य ऐजण्डा थियो । उम्मेदवारले ल्याएको त्यो 'एजेण्डा' जनताले भने त्यति विश्वास गरेनन् । सर्वसाधारणले भन्थे 'यो भोट माग्ने चालमात्रै हो ।' तर अहिले तिनै सर्वसाधारण भन्छन,- कोरोना महमारीमा जनप्रतिनिधिको भूमिकाले प्रष्ट भयो 'घर आँगनमै सिंह दरवार आएकै रहेछ ।'

विश्वव्यापी कोरोना महामारीका बेला जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरूले खेलेको भूमिकाले धेरै बिरामीले नयाँ जीवन पाए । स्वास्थ्य संरचना निर्माण, स्वास्थ्य सामग्रीको व्यवस्थापनमा जनप्रतिनिधि खाइ नखाई खटिए भने बिरामीको हेरचाहमा स्वास्थ्यकर्मी अहोरात्र लागे । ज्यान जोखिममै राखेर भएको खटनपटनले नै धेरै तुलसीपुरवासीले कोरोना जितेर नयाँ जीवन पाए । तुलसीपुर उपमहानगरपालिका-६ गोलौराका ढकराज गिरीले भने-'म सङ्क्रमित हुँदा घरमै स्वास्थ्यकर्मी, मनोपरामर्शकर्ताहरू आएर मलाई हौसला दिनुभयो । सबैको हौसला र खानपीनले कोरोना जित्न सफल भएँ ।'

तुलसीपुर उपमहानगरपालिकाले अस्पतालमा भर्ना भएकाहरूको मात्रै होइन होम आइसोलेसनमा बसेकाहरूको हेरचाह गर्न स्वास्थ्यकर्मी, मनोपरामर्शदाताहरूलाई घर घरमै पुऱ्यायो । कोरोनाले च्यापेको बेला घर-घरमै पुगेर चिकित्सकहरूको सेवा पाउँदा आफूलाई घर आँगनमै सरकार आएको अनुभूति भएको तुलसीपुर-७ का श्यामप्रसाद घिमिरेले बताए । यी त उदाहरणमात्रै हुन् । उपमहानगरपालिकाले सङ्क्रमतिहरूको जिउधनको सुरक्षाका लागि अहोरात्र खट्यो र धेरैको जीवन जोगायो । कोरोनासँग जुध्न उपमहानगरपालिकाले रातारात अस्पताल निर्माणदेखि, औषधि व्यवस्थापन, स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापन, अक्सिजन तथा सिलिन्डरको उपलब्धतालाई समेत प्रभावकारी बनायो ।

**अक्सिजनका लागि अभियान**

अक्सिजन नपुगेर बिरामीहरूको ज्यान जान थालेपछि तुलसीपुर उपमहानगरपालिका अक्सिजन सिलिन्डरको व्यवस्थापनमा जुट्यो । जिल्लामा उत्पादित



अक्सिजन व्यवस्थापन गर्दै अभियन्ताहरू

अक्सिजनले थेगेन । बाहिरी जिल्लाबाट अक्सिजन ल्याउन अक्सिजन सिलिन्डरकै अभाव खड्कियो । तर तुलसीपुर उपमहानगरपालिकाले सार्वजनिक आह्वान गरेर सिलिन्डरको व्यवस्थापन गऱ्यो । जसमा सामाजिक संघसंस्था तथा समाजसेवीहरूको सिलिन्डर सङ्कलन तथा अक्सिजन व्यवस्थापनमा नमुना साथ रह्यो । तुलसीपुरका व्यवसायीहरूबाट अक्सिजन सिलिन्डर सङ्कलन गर्ने र सङ्क्रमितको घर-घरमै पुऱ्याउने काम भयो ।

अक्सिजन तथा सिलिन्डर व्यवस्थापनका लागि उपमहानगरपालिकाले तुलसीपुरका व्यवसायी पदमप्रसाद पोखरेललाई त्यसको जिम्मा दियो र उनले घर-घरमै अक्सिजन सिलिन्डर मात्रै पुऱ्याउने काम गरेनन्, व्यवसायीहरूसँग भएका सबै सिलिन्डरहरू खोजी गरे र कोरोना विशेष अस्पताल बेलझुण्डी र तुलसीपुर उपमहानगरपालिकाले सञ्चालन गरेको मेट्रो अस्पताल तथा आइसोलेसनमा उपलब्ध गराए । उनीसँगै जेसीजका नारायण भट्टराई, युवा हिमाल डाँगी 'अक्सिजनका लागि मेरो एक हजार रूपैँया' अभियान सञ्चालन गरेरै लागे । देवेन्द्र वैरागी, जनक खराललगायतका व्यक्तिहरू पनि सङ्क्रमितलाई अक्सिजन पुऱ्याउन र उपचारका लागि आफ्नै गाडीमा हालेर अस्पतालसम्म पुगे । जसले महामारीको असहज परिस्थितिलाई कम गर्न बल पुग्यो ।

## अटो एम्बुलेन्स सेवा

लकडाउनको समयमा सवारीसाधन बन्द थिए । कोभिड बाहेकका बिरामी र कोरोना सङ्क्रमितलाई एक ठाउँबाट अर्को ठाउँमा पुग्न समस्या हुन थाल्यो । त्यस्तो अवस्थामा जिल्लामै पहिलोपटक तुलसीपुर उपमहानगरपालिकाले अटो एम्बुलेन्स सेवा सञ्चालनमा ल्यायो । तुलसीपुरका युवा व्यवसायी मोहन स्वर्णकारले यसको नेतृत्व गरे र अटोबाट सङ्क्रमितलाई अस्पतालदेखि घर-घरमा पुऱ्याउने कार्य भयो । सामान्यखालको बिरामीलाई उपचारका लागि अस्पताल पुऱ्याउन समस्या थियो । त्यसैले जुनसुकै बिरामीको उपचार समयमै होस् भनेर अटो



कोभिड महामारीका बेला बिरामीको सहजताका लागि सञ्चालनमा ल्याइएका अटो एम्बुलेन्स

एम्बुलेन्स सञ्चालन गरिएको उपमहानगरपालिकाका प्रवक्ता श्याम डाँगीले बताउनुभयो । समयमै नागरिकहरूले उपचार पाउन् भनेर उपमहानगरका १९ वटै वडामा ब्यानरसहित अटो एम्बुलेन्स सञ्चालन गरियो । सहजताका लागि अटो एम्बुलेन्स चालकको सम्पर्क नम्बर राखेर सार्वजनिक गरियो ।

चलनचल्तीकै भाडामा एम्बुलेन्स सेवा पाएपछि उपचारमा सहज भएको उपमहानगरवासीहरूको भनाइ छ । उपमहानगरपालिकाले महामारीकै बीचमा थप दुईवटा एम्बुलेन्स पनि खरिद गऱ्यो । अहिले तुलसीपुर उपमनपाले ५ वटा एम्बुलेन्सबाट सेवा दिइरहेको छ । सङ्क्रमित बोक्नुपर्ने भएकाले केही एम्बुलेन्स चालकसमेत सङ्क्रमित भएपछि समस्या उत्पन्न भयो । तर उपमहानगरले त्यसको समाधान पनि निकाल्यो, त्यो पनि स्वयंसेवक चालक खोजेर । तुलसीपुर-१३ फुलबारी निवासी मोहन पौडेलले कुनै पारिश्रमिक नलिएर एम्बुलेन्स चलाए ।

शव व्यवस्थापनमा पनि उत्तिकै चुनौती



सीतलपुर घाट सरसफाइ गर्दै अभियन्ताहरू

थियो । उपमहानगरपालिकाले पदम पोखरेललाई शव व्यवस्थापनको जिम्मा दिएपछि पोखरेलले नै शव व्यवस्थापन गरे । दाउराको उत्तिकै समस्या हुन थाल्यो । तुलसीपुरको सितलपुर घाटमा दैनिक रूपमा ४/५ वटा शव जलाउनुपर्ने अवस्था आएपछि दाउराको अभाव सिर्जना भयो । यो अवस्था देखेपछि पत्रकार देवीराम कुसारीले दाउरा सङ्कलन अभियान थाल्नुका साथै सङ्क्रमितको शव जलाउनका लागि उपमहानगरको सहयोगमा छुट्टै शवदाह स्थान निर्माण गरे ।

**घरमै पुगेर सङ्क्रमितलाई मनोपरामर्श**

तुलसीपुर उपमहानगरपालिकाले कोरोना सङ्क्रमितहरूको मनोबल बढाउन घरमै पुगेर मनोपरामर्श सेवा पनि दियो । त्यसका लागि मानव अधिकारकर्मी सुशील बस्नेतको संयोजकत्वमा समिति नै गठन गरेर सेवा दिइयो । "सामाजिक सञ्जालमा हुने विभिन्न सामग्रीहरूले गर्दा सङ्क्रमितहरूको मनोबल घट्ने गरेको थियो, यस्तो अवस्थामा हामीले सकेसम्म घर-घरमै पुगेर सङ्क्रमितलाई मनोसामाजिक परामर्श दियौं" अधिकारकर्मी बस्नेतले भने-"घरमा पुग्न नसक्ने अवस्थामा फोनबाटै पनि मनोसामाजिक परामर्श दियौं ।" यतिमात्रै होइन लामो लकडाउनले गर्दा श्रमिक, अतिबिपन्न परिवारहरूलाई दैनिकी चलाउन समस्या भएपछि उपमहानगरको सहजीकरणमा राहत वितरण कार्य समेत थालियो । समाजसेवी व्यवसायीहरू पदमप्रसाद पोखरेल, सुनिल आचार्य, हिमाल डाँगी, अरूण लहरेसहितको टोलीले बिपन्नकै घरमा खाद्यान्न पुर्‍याएको थियो ।

**रातारात बन्यो 'मेट्रो हस्पिटल'**

कोरोना विशेष अस्पतालमा सङ्क्रमितले बेड नपाउने अवस्था आउन थालेपछि तुलसीपुर उपमहानगरपालिकाले नगरवासीहरूको उपचारका लागि रातारात हस्पिटल निर्माण गर्‍यो । वैशाख अन्तिम हप्तामा मेट्रो अस्पताल निर्माणको काम पूरा भयो । तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डे भन्छन् 'एक हप्तामै हामीले अस्पताल निर्माणको काम पूरा गर्‍यौं ।"

सरकारी अवधारणा अनुसार आर्थिक वर्ष



कोभिड सङ्क्रमितको उपचारका लागि मेट्रो अस्पताल निर्माण गर्दै जनप्रतिनिधिसहितको टोली

२०७६/०७७ देखि अश्वारास्थित खानेपानी भवनमा भीमसेन सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना भएको थियो । बजेटको अपर्याप्तताले निर्माण अपुरो रहेको उक्त केन्द्रलाई उपमहानगरपालिकाले १५ बेडको अस्पताल सञ्चालन गर्नेगरी काम अघि बढाए पनि पिलर मात्रै उठाइएको थियो । महामारीलाई अवसरका रूपमा सदुपयोग गर्दै सोही ठाउँमा अस्पताल निर्माण गर्न तुलसीपुर उपमहामनगरपालिकाका मेयर तथा अधिकांश जनप्रतिनिधिहरू खटिनुभयो । युवाहरू पनि स्वयंसेवकका रूपमा खटिए । फलस्वरूप हप्तादिनमै अस्पताल निर्माणको काम पूरा भयो । "सबैको सक्रियता भयो, सबै दत्तचित्त भएर लाग्यौं, कसैले केही पनि स्वार्थ हेरेनौं", जिल्ला युवा सञ्जालका उपाध्यक्ष गणेश भण्डारीले भन्नुभयो "पिलरसम्म मात्रै काम भएको थियो, तर, हामीले एक हप्तामै फिनिसिङ गर्‍यौं ।"

निर्माण भएलगत्तै उक्त भवनमा ४० बेडको कोभिड अस्पताल सञ्चालनमा आयो । "अहिले कोरोना महामारी भएकाले हामीले त्यहाँ कोरोना सङ्क्रमित राख्यौं, निर्माणको काम पनि हुँदै गर्‍यो, कोरोना सङ्क्रमितलाई पनि राख्दै गर्‍यौं", तुलसीपुर उपमहानगरपालिकाका कोरोना फोकल पर्सन विमल केसीले भन्नुभयो "सङ्क्रमितहरूका लागि अक्सिजनको उचित व्यवस्थापन पनि रहेको छ ।" उपमहमानगरपालिकाले ४० बेडको अस्पताल सञ्चालनमा ल्याएपछि नगरवासीमात्र नभई अन्य स्थानीय तहले पनि सङ्क्रमितलाई पठाउन थाले र उनीहरूलाई पनि उपचार गरिएको केसीले बताए ।

अस्पतालमा अहिले नवौं तहका चिकित्सकसहित ७५ जना करार कर्मचारी थप गरिएका छन् । योसँगै अस्पतालमा ८५ जना कर्मचारी रहेको जनस्वास्थ्य निरीक्षक केसीले बताए । उनका अनुसार कार्यपालिका बैठकले दरबन्दी स्वीकृत गरी कर्मचारी नियुक्त गरिएपछि अहिले कोरोना सङ्क्रमितहरूलाई उपचारमा पनि सहज भएको छ । "हामीले कर्मचारी नियुक्ति पनि गरिसकेका छौँ", उनले भने "यसले हामीलाई सेवा प्रदान गर्न थप सहज भएको छ ।" केसीका अनुसार मेट्रो अस्पताल स्थापना भएपछि एकसयभन्दा बढी सङ्क्रमितले सेवा लिइसकेको र बिरामी आउनेक्रम अझै चलिरहेको छ । उपमहानगरपालिकाले अस्पतालमा अक्सिजन प्लान्ट निर्माण कार्य पनि प्रक्रियालाई अघि बढाएको छ । अक्सिजन प्लान्ट निर्माणका लागि कार्यपालिकाबाट निर्णय समेत गरिसकेको छ ।

### अस्पतालमा हेलिप्याड

उक्त अस्पतालमा हेलिप्याड पनि निर्माण गरिएको छ । जसले गर्दा कोरोना सङ्क्रमितलाई काठमाडौँलगायत अन्य स्थानमा तुरुन्तै हेलिकप्टरमार्फत रेफर गर्न सहज भएको छ । सङ्क्रमितको आफन्तीहरूको चाहानाअनुसार बाहिर लैजानुपर्ने भएपछि हेलिकप्टर अवतरणका लागि हेलिप्याड निर्माण गरिएको वडा नं. ८ का अध्यक्ष वेदुराम केसीले जानकारी दिनुभयो । अहिले कोरोना विशेष अस्पतालका रूपमा रहे पनि कोरोना सकिएसँगै १५ बेडको अस्पताल सञ्चालन हुनेछ । त्यतिबेला पनि गम्भीर प्रकृतिका बिरामीहरू आएमा रेफर गर्न सहज होस् भनी हेलिप्याड निर्माण गरिएको उपमहानगरपालिका प्रमुख घनश्याम पाण्डेले बताउनुभयो ।

### महामारी नियन्त्रणमा सहयोगी बने नगर स्वास्थ्य केन्द्र

उपमहानगरपालिकाले सबै वडामा



# कठिन अवस्था झेल्यौं



विमल के.सी. (कोभिड फोकल पर्सन)

पहिलो चरणमा तत्काल लकडाउन भयो । त्यसले गर्दा व्यवस्थापनमा सहज थियो । तर, दोस्रो चरणमा भने पूर्व तयारी पनि भएन । लकडाउन पनि धेरै पछि भयो । त्यसले गर्दा निकै समस्या भयो । पूर्वाधारहरू अभाव थिए । अक्सिजनको हाहाकार भयो । समयमै अक्सिजनको व्यवस्था नहुँदा कतिको बाटोमै मृत्यु भयो । आइसोलेनको पूर्व तयारी नहुँदा अस्पतालमा सङ्क्रमितलाई पठाउनु पर्ने भयो । तर, अस्पतालले भर्ना नै लिन सक्ने अवस्था नभएपछि व्यवस्थापनमा निकै कठिनाइ भयो ।


जनप्रतिनिधिहरूको रातदिनको क्रियाशीलता एवं इच्छा शक्तिले गर्दा विषम परिस्थितिमा समेत त्यसको व्यवस्थापन गर्न हामीलाई सहज भयो । दिनरात जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी एवं सामाजिक अभियन्ताहरूको संयुक्त प्रयासले सङ्क्रमितको उपचारमा सहजता आएको हो । सीमित स्रोतसाधनका बीच पनि पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरेपछि अवस्था सामान्य हुँदै गएको छ ।

स्वास्थ्य संस्थाहरू स्थापना गरिसकेको छ । तीमध्ये सबै स्वास्थ्य संस्थाहरू सक्रिय भएर लागे । “वडाका सबै नागरिक स्वास्थ्य केन्द्रहरूमा आउने गर्नुहुन्छ, उहाँहरूलाई हामीले आवश्यक सल्लाह तथा उपचार प्रदान गरेर पठाउने गरेका छौँ”, ड्वाङपुर स्वास्थ्य केन्द्रका प्रमुख यज्ञबहादुर केसीले भने “सबै वडामा यसरी स्वास्थ्य संस्था हुँदा कोरोना महामारीमा सहज बन्यो ।” स्वास्थ्य संस्थाहरूले उपचार र सुझाव मात्रै दिएनन्, सङ्क्रमितहरूको आत्मविश्वास वृद्धि गर्नका लागि मनोसामाजिक परामर्श पनि दिने गरेका छन् ।

**उपमहानगरको प्रशंसा**

तुलसीपुर उपमहानगरपालिकाको कामको जनताले पनि प्रत्यक्ष रूपमा अनुभूति गर्न पाएका छन् ।“केही समस्या परेमा नजिकै वडाध्यक्ष, वडा सदस्यहरू हुनुहुन्छ”, तुलसीपुर-१४ निवासी राममोती चौधरीले भनिन् “यसले हामीलाई धेरै सहज बनाएको छ, कोरोनाको बेला पनि केही पर्दा नजिकैका अध्यक्ष, सदस्यहरूलाई भन्यौं र समस्या समाधान गऱ्यौं ।” संघीयताको मर्म भनेकै जनतालाई सरकारको अनुभूति गराउनु रहेको भन्दै स्थानीय तहले खेलेको भूमिकाले संघीयताको जग बसाल्न सफल भएको राष्ट्रियसभा सदस्य जगप्रसाद शर्मा अपारले बताए ।

“कोरोना महामारीका सन्दर्भमा घर-घरमै गएर जनताको अवस्था बुझ्ने गरेका छौं, लकडाउनमा सम्भावित लक्षण भएकाहरूका घर-घरमै गएर स्वाब सङ्कलन पनि गऱ्यौं”, तुलसीपुर १८ का वडाध्यक्ष माधव ओलीले भने । त्यस्तै तुलसीपुर ६ का वडाध्यक्ष नवराज लामिछाने आफै सङ्क्रमित थिए । तर, पनि घरबाटै जनताको अवस्था बुझ्थे । सङ्क्रमणमुक्त भए लगतै जनताको घर-घरमा, टोल टोलमा पुगेर कोरोना सङ्क्रमितको अवस्था बुझ्ने तथा आइपरेका समस्या समाधान गर्ने गरेको बताए । यसरी नै सबै वडाका जनप्रतिनिधिहरू प्रत्यक्ष रूपमा जनताकै अवस्था बुझ्न खटिए । जनताका समस्या आउनसाथ तत्काल समाधान गर्नतर्फ लागेँ ।



# पर्यटनको आधार जोड्दै तुलसीपुर

**ऐतिहासिक एवं धार्मिक पर्यटकीय स्थल छिल्लीकोट क्षेत्रमा उपमहानगरपालिकाले भ्यू टावर निर्माण गरेर त्यस क्षेत्रलाई थप अग्लो बनाएको छ ।**



गोकर्ण पौडेल

तुलसीपुर उपमहानगरपालिकाले पर्यटन विकासको आधार तयार गर्न थालेको छ । क्रान्ति सङ्ग्रहालय निर्माणदेखि शान्ति पार्क व्यवस्थित र संरचना निर्माणका कार्यहरू भइरहेका छन् । पालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरूमा पुग्नका लागि सडक, खानेपानी, शौचालय, पार्क निर्माणका काम सुरू गरिएको छ । पर्यटकीय, धार्मिक क्षेत्रहरूको विस्तृत परियोजना निर्माण समेत गरिएको छ भने पर्यटकीय क्षेत्रसम्मको सडक विस्तार, कालोपत्रेका काम गरिएको छ । ती क्षेत्रमा पर्यटकहरू आकर्षण गर्नका लागि होमस्टे समेत सञ्चालनमा ल्याइएको छ ।

## बन्दै क्रान्ति सङ्ग्रहालय

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ सक्राममा रहेको पूर्व जनमुक्ति सेना ब्यारेकलाई क्रान्ति सङ्ग्रहालयको रूपमा विकास गर्न थालिएको छ । २०५१ सालदेखि देशमा चलेको जनयुद्धको स्मरण र त्यसको इतिहास जोगाइराख्न उपमहानगरले क्रान्ति सङ्ग्रहालयको लागि विस्तृत परियोजना समेत तयार पारेको छ । संरक्षणको अभावमा जीर्ण हुँदै गएको ब्यारेकलाई उपमहानगरले परियोजना नै तयार गरी क्रान्ति सङ्ग्रहालय बनाउन थालेको हो ।

वन क्षेत्र रहेकाले मिनी चिडियाखाना, हाइड्याम, पिकनिक स्पट, युद्धसम्बन्धी सामग्री, बालउद्यान निर्माण गरिने सङ्ग्रहालय संरक्षण समितिका सदस्य विभीषण रोका मगरले जानकारी दिनुभयो । २०६४ सालदेखि २०६८ सालसम्म सशस्त्र युद्ध लडेका

माओवादी सेना राखिएको थियो । लामाखोला सामुदायिक वन क्षेत्रको १५ बिगाह क्षेत्रफलमा निर्माण गरिएको पाँचौ डिभिजनअन्तर्गत रहेको दीर्घ स्मृति बिग्रेड क्षेत्रमा क्रान्ति सङ्ग्रहालय निर्माण थालिएको हो । ब्यारेकमा बिग्रेड कमाण्डरको नेतृत्वमा सुरूमा २ हजार ५ सय र बहिर्गमनमा परेपछि १ हजार ४ सय जनमुक्ति सेना बसोबास गर्दै आएका थिए ।

२०७५ साल फागुन १ सशस्त्र प्रहरीले तुलसीपुर उपमहानगरपालिकालाई ती भौतिक पूर्वाधार हस्तान्तरण गरेको थियो । पालिकामा हस्तान्तरण भएपछि वडा सदस्य केशर पुनको संयोजकत्वमा संरक्षण समितिमार्फत त्यस क्षेत्रको सुरक्षा एवं संरक्षण थालिएको हो । उपहानगरपालिकाले तलब भत्ताको व्यवस्था गरी त्यस क्षेत्रको संरक्षणका लागि एकजना हेरालु राखिएको तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ का अध्यक्ष रामबहादुर योगीले बताउनुभयो । सङ्ग्रहालय निर्माण क्षेत्रमा हाल ६५ वटा घर, खेल मैदान, शौचालय, विद्युत पोल, तार प्रयोगविहीन अवस्थामा छन् । उक्त क्षेत्र घोराही तुलसीपुर सडकखण्डको हेमन्तपुरबाट तीन किलोमिटर उत्तरतर्फ र घोराही तुलसीपुर आँखा अस्पताल मार्गभित्र नै पर्दछ ।

## हात्ती ढुंगा र बाघ ढुंगा पुग्न सडक कालोपत्रे

तुलसीपुर उपमहानगरपालिका वडा नं. १४ मा रहेको हात्ती ढुंगा, बाघ ढुंगा क्षेत्रसम्म पुग्ने सडक कालोपत्रे गर्न थालिएको छ । ट्र्याक समेत खोलिएको थिएन तर जनप्रतिनिधि आएपछि त्यस क्षेत्रमा पुग्नका लागि सडक निर्माण मात्रै होइन उक्त सडक कालोपत्रेसमेत थालिएको उपमहानगरपालिका वडा नं. १४ का अध्यक्ष पर्शुनारायण चौधरीले बताउनुभयो । दामोदर मार्गबाट हात्ती ढुंगा पुग्नका लागि करिब एक किलोमिटर दक्षिणमा पर्छ । वडाध्यक्ष चौधरीका अनुसार हात्ती ढुंगा क्षेत्रलाई लामो समयसम्म यथावत् राख्नका लागि त्यस क्षेत्रमा वर्षायाममा आउने भल नियन्त्रणका लागि वरपर पक्की गरिएको छ भने तारबार समेत गरिएको छ । त्यस क्षेत्रमा आउने पर्यटकहरूका यातायातका साधनहरू पार्किङ्को व्यवस्था समेत गरिएको छ । २०७७ सालदेखि प्रत्येक वर्षको शिवरात्रीका दिन त्यस क्षेत्रको प्रचारका लागि महोत्सव समेत गर्न थालिएको छ ।


पर्यटकीय स्थल हात्तीढुंगा

## होमस्टे र सांस्कृतिक ग्राम

तुलसीपुर क्षेत्रमा रहेको पर्यटकीय, ऐतिहासिक, धार्मिक स्थल एवम जात जातिहरूको सांस्कृतिक पहिचान जोगाइ राख्नका लागि ६ वटा होमस्टे र एक वटा सांस्कृतिकग्राम समेत सुरू गरिएको छ । तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ मा राप्ती शान्ति उद्यान सामुदायिक होमस्टे, वडा नं. ७ कै पर्सेनीमा कुमालगाउँ सामुदायिक होमस्टे, वडा नं. ८ मा बटोलपुर सामुदायिक होमस्टे, वडा नं. ३ मा ॐ भैरव नरसिहं सामुदायिक होमस्टे ग्राम, वडा नं. १६ छिल्लीकोटमा मल्लागिरी सामुदायिक होमस्टे, वडा नं. ४ चमेरे गुफा क्षेत्रमा मुलकोट चमेरे गुफा होमस्टे रहेका छन् । तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ राम्रीमा सांस्कृतिकग्राम निर्माणको काम सकिएको पर्यटन प्रवर्द्धन शाखाकी यशोदा वलीले जानकारी दिनुभयो ।

## रानी वनमा पार्क र ड्याम

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा रहेको रानी सामुदायिक वन क्षेत्रमा पर्यटन पार्क निर्माणका लागि काम सुरू गरिएको छ । उपमहानगरपालिकाले पार्कको विस्तृत परियोजना

तयार पारिएको छ । परियोजनामा उल्लेख गरिएको ड्याम निर्माण सुरू गरिएको छ भने बाल उद्यान, मिनी चिडियाखाना, पिकनिक स्पटका लागि यसवर्ष बजेट विनियोजन गरिने तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ का अध्यक्ष माधव वलीले जानकारी दिनुभयो । वन क्षेत्रमा रहेको दूधे गजेरी सोतामा ड्याम बनाउन सुरू गरेको हो ।

ड्यामसँगै रहेको रानी सामुदायिक वनका सचिव सितल बुढामगरका अनुसार चैतदेखि असारसम्म जंगलमा रहेका जनावर, चरा चुरूङ्गीहरूलाई पानी पिउन समस्या समाधान हुने बताउनुहुन्छ । बुढाले भन्नुभयो 'ड्याम नजिकै पार्क निर्माणको गुरूयोजना समेत तयार भएको छ । जंगल नजिकै पार्क र ड्याम भए पर्यटकहरूलाई थप आकर्षण गर्न सकिनेछ' बुढाले भन्नुभयो 'चैत वैशाखमा डढेलो लाग्दा समेत निभाउने पानी छैन, कम्तिमा अब त्यो समस्या समेत हल हुनेछ ।' यस क्षेत्रमा एक सय १२ प्रजातिका चरा चुरूङ्गीहरू बसोबास गर्छन् ।

## थर्कोटमा ट्रेकिङ मार्ग


दाङ उपत्यकाभित्र पर्ने सबैभन्दा अग्लो पहाड थर्कोटमा पुग्नका लागि ट्रेकिङ मार्ग बनाउन थालिएको छ । दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ र सल्यान जिल्लाको त्रिवेणी गाउँपालिकाको पानी ढलका रूपमा रहको थर्कोट लेकमा पुग्नका लागि तुलसीपुर उपमहानगरपालिकाले ट्रेकिङ मार्ग बनाउन थालेको हो । दोघरे-प्रतापकोट सडकखण्ड क्षेत्रमा थर्कोट पर्दछ ।

जहाँ १ हजार १ सय मिटर ट्रेकिङ मार्ग बनाउन थालिएको तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ का वडाध्यक्ष वीरबहादुर विक 'विजय'ले जानकारी दिनुभयो । मार्ग निर्माणका लागि दैनिक २ ६ जनालाई श्रममा लगाइएको छ । थर्कोटमा मन्दिर निर्माण थालिएको छ । वडा अध्यक्ष वीरबहादुर विश्वकर्माले भन्नुभयो 'यो वर्ष मात्रै त्यस क्षेत्रमा सिद्धबाबाको मूर्ति, मन्दिर निर्माणका लागि १६ लाख विनियोजन गरेका छौं ।'

थर्कोटका बारेमा जानकार टीकाराम रेग्मीका अनुसार थर्कोट फलावाङी राजाले अङ्ग्रेज शासकका विरूद्धमा लड्नका लागि गढी तयार पारेको ठाउँ हो । रेग्मीले भन्नुभयो-'जुन ठाउँमा अङ्ग्रेज (फिरङ्गी)का लडाकुहरू युद्ध गर्न आएको अवस्थामा ढुङ्गा खसाल्नका लागि त्यस क्षेत्रमा राखिएको हो ।' यद्यपि ती स्थानमा अहिले पनि ढुङ्गा रहेका छन् ।

## इतिहास ब्यूझाइदिएको धूप घडी

समय हेर्नका लागि त्यो समयमा निर्माण गरिएको धूप घडीले फेरि इतिहास ब्यूझाइदिएको छ । यो इतिहासलाई तुलसीपुर उपमहानगरपालिकाले पुनर्जीवित तुल्याइदिएको छ । तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ मा रहेको शान्तिपार्क जहाँ घोराही-तुलसीपुर सडक



खण्डको मोतिपुरबाट एक किलोमिटर उत्तरतर्फ छ । नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत रहेको जनता विद्यापीठ बिजौरी र तुलसीपुर उपमहानगरपालिकाको सहकार्यमा तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ मा रहेको राप्ती शान्ति उद्यानमा धूपघडी राखिएको हो ।

राप्ती शान्ति उद्यान संरक्षण समितिका अध्यक्ष डिल्लीराज भण्डारीकाले गौतम बुद्धको मूर्ति नजिकै धूप घडी राखिएको बताउनुभयो । उहाँले भन्नुभयो ' प्राचीन घडी हो, हाम्रो आधुनिक घडीको समय गणेश हिमाललाई आधार मानेर समय एकिन गरिएको छ ।



राप्ती शान्ति उद्यानमा निर्माण गरिएको बुद्धको प्रतिमा

तर धूप घडीको समय उत्तरी ध्रुवलाई एकिन गरिएकाले तथ्यगत हुन्छ तर यसको बारेमा हामीले थप प्रसारप्रचार गर्न सकिरहेका छैनौँ । धूप घडीबाट सूर्योदय भई सूर्यास्तसम्म समय थाहा पाउन सकिन्छ । तुलसीपुर उपमहानगरपालिकाको सहयोगमा निर्माण गरिएको धूपघडी १८ इन्चको छ ।

**प्राकृतिक स्थलको संरक्षणमा उपमहानगर**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ मा रहेको चमेरे गुफा र सुकी दहको संरक्षणमा उपमहानगर लागेको छ । वडाध्यक्ष ध्रुव राणाका अनुसार चमेरे गुफा क्षेत्रको विस्तृत परियोजना तयार भई त्यस क्षेत्रमा संरक्षणको काम अघि बढाइएको छ । गुफा क्षेत्रमा पर्यटकहरू आवासगृह स्थल निर्माण गरिएको छ । त्यसैगरी सुकी दह क्षेत्र वरपर संरक्षण, तारबार गरिएको छ । त्यस क्षेत्रमा नेपाल एकीकरण पूर्व रहेका रानी पोखरी, चमेरे गुफा क्षेत्रमा रेलिङको व्यवस्था गरिएको छ । चमेराको बसोबास स्थल रहेकाले भित्र विद्युतको व्यवस्था भने नगरिएको वडाध्यक्ष राणाले जानकारी दिनुभयो । त्यस क्षेत्रमा सडक पुऱ्याउने काम समेत सम्पन्न गरिएको छ । पर्यटकीय मार्गकारूपमा पालिकाको समन्वयमा पर्यटकीय क्षेत्र अन्तर्गत पर्सेनी, हलवार वनहरी हुँदै चमेरे गुफामा कालोपत्रे सडक पुऱ्याउने कामसमेत जारी रहेको वडाध्यक्ष राणाले जानकारी दिनुभयो । त्यस क्षेत्रको प्रसार प्रचारका लागि मेला महोत्सव समेत आयोजना गरिँदै आइएको छ । ऐतिहासिक स्थलहरू हनुमान ढोका, टुडीखेल, रानी पोखरी, कासका भाँडा, डाडू, पनिया भेटिएको त्यस क्षेत्रको विस्तृत अध्ययनको काम अघि बढाइने समेत वडाध्यक्ष राणाले जानकारी दिनुभयो । त्यस क्षेत्रमा खानेपानी पुऱ्याउनका लागि समेत काम अघि बढाइएको छ ।

**भ्यू टावरले अग्लिदै छिल्लीकोट**

ऐतिहासिक एवं धार्मिक पर्यटकीय स्थल छिल्लीकोट क्षेत्रमा उपमहानगरपालिकाले भ्यू टावर निर्माण गरेर त्यस क्षेत्रलाई थप अग्लो बनाएको छ ।

तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ छिल्लीकोट पुग्न घोराही-तुलसीपुर सडक खण्डको दूधरासदेखि १२ किलोमिटर उत्तरतर्फ जानुपर्छ । उपमहानगरपालिकाले २७ लाखको लागतमा भ्यू टावर निर्माण गरेको छ । भ्यू टावर निर्माण गरेसँगै त्यस क्षेत्रमा पर्यटकहरूको आकर्षण बढेको छिल्लीकोट संरक्षण समितिका कोषाध्यक्ष परवीर पुनले बताउनुभयो । छिल्लीकोट क्षेत्रमा सोह्रौँ शताब्दीतिर मेघनाथ शाहले राज्य सुरूवात गरेको र रणबहादुर शाहले नेपाल एकीकरणको बखत छिल्लीकोट क्षेत्र नेपालमा गाभेको उल्लेख गरिएको छ । त्यसैगरी हिन्दूहरूको धार्मिकग्रन्थ पुराण श्रीस्वस्थानी व्रत कथामा सतीदेवीको दाहिने कुम पतन भएको उल्लेख गरिएको छ । त्यस क्षेत्रको शीलामा कुमको पार्श्वचित्र समेत देख्न सकिन्छ । त्यसैगरी मादले गुफा समेत फेला परेको छ ।

त्यसैगरी त्यस क्षेत्रमा होमस्टे सञ्चालनका लागि समेत सहयोग गरेको होमस्टे व्यवस्थापन समितिका अध्यक्ष परवीर पुनले बताउनुभयो । छिल्लीकोट क्षेत्रमा पाइने सुगन्धकोकिला संरक्षणका लागि समेत पालिकाले सहयोग गर्दै आएको छ । छिल्लीकोट पुग्नका लागि तुलसीपुर १६ स्यालापानीदेखि छिल्लीकोट केबुलकारको सम्भाव्यता अध्ययन पूरा भएको र यसैवर्ष विस्तृत परियोजना तयार पार्ने लक्ष्य राखिएको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले बताउनुभयो । पाण्डेका अनुसार केबुलकार सञ्चालनका लागि विभिन्न व्यापारिक घरानाहरूसँग समेत समन्वय भइरहेको छ ।

## उज्यालो तुलसीपुर अभियान

# दृष्टि फर्काउँदै उपमहानगर

बालाराम खड्का



> **बाटोमात्र कालोपत्रे गरेर हुँदैन, पुलमात्र बनाएर हुँदैन यदि देख्ने आँखा नै बन्दभयो भने त्यो विकास कसका लागि ? उज्यालो अभियानले हामीलाई तीनै विकास हेर्ने दृष्टि फर्काइदिएको छ।**

तुलसीपुर-४ का शिवलाल गन्धर्वका दुवै आँखामा मोतियाबिन्दु थियो । उनले मोतियाबिन्दुका कारण आँखा धमिलो देख्ने समस्या थियो । तर उनलाई स्थानीय सरकारले ल्याएको 'उज्यालो तुलसीपुर अभियानले' निःशुल्क शल्यक्रियापछि पहिले जस्तै आँखा देख्ने बनाइदियो । उनी पहिले जस्तै आँखा देख्ने भएपछि खुसी छन् । उनी जस्तै आर्थिक अभावका कारण उपचार सेवाबाट बञ्चित धेरै नगरवासीलाई 'उज्यालो तुलसीपुर अभियान वरदान नै सावित भएको छ । अभियानले ज्येष्ठ नागरिकलाई पनि सहजता मिलेको छ । मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया गरेकी तुलसीपुर-१४ की कौशीलादेवी खत्रीले स्थानीय सरकारले आफूलाई उज्यालो प्रदान गरेको भन्दै खुसी व्यक्त गर्नुभयो । 'यो अभियानले हामी जस्ता ज्येष्ठ नागरिकहरूलाई






ठूलो सहयोग गरेको छ, अभियान राम्रो छ' –उहाँले भन्नुभयो । ६९ वर्षीय खत्रीले अब कोही कसैले पनि पैसाको अभावले उपचार सेवा नपाएर बस्नु नपर्ने भन्दै यो अभियान सबैको पहुँचमा हुनुपर्ने बताउनुभयो । उनीहरू जस्तै ३ वर्षमा २ सय ८ जना नगरवासीले निःशुल्क शल्यक्रियापछि उज्यालो प्रदान गरिएको छ । सेवा लिनेमा ८० प्रतिशत ज्येष्ठ नागरिहरू छन् । 'तुलसीपुर उपमहानगरपालिकाले ल्याएको यो अभियान जनप्रिय छ, यस उज्यालो अभियानले बिपन्न, असहायहरूलाई सहज भएको छ' शल्यक्रियाका लागि आएका सेवाग्राहीहरूका आफ्न्त भोजराज केसीले भन्नुभयो । यस अभियानले पैसाको अभाव र मोतियाबिन्दुका कारण दृष्टिविहीन भएर घरमा नै बस्नुपर्ने बाध्यताको अन्त्य समेत गरेको छ ।

नगरका कुनै पनि नागरिकहरूले दृष्टिविहीन भएर बस्नु नपरोस् भन्ने हेतुले तुलसीपुर उपमहानगरपालिकाले 'उज्यालो तुलसीपुर अभियान' सञ्चालन गरेको हो । सम्भवत यो नेपालमै पहिलो पटक स्थानीय सरकारले सञ्चालन गरेको पहिलो कार्यक्रम हो 'उज्यालो संसार दृष्टि नगरका रूपमा विकास गर्ने उपमहानगरको योजना । 'बाटोमात्र कालोपत्रे गरेर हुँदैन, पुलहरू मात्र गराएर हुँदैन यदि हाम्रो देख्ने आँखा नै बन्द भयो भने त्यो विकासले सार्थकता पाउँदैन कौशिलादेवीले भन्नुभयो, 'मानवको सम्वेदनशील अङ्ग आँखा नै बन्द भयो भने त्यो विकास के र कसका लागि ? 'आँखा छ र त संसार देखिएको छ, दृष्टि नै गुमेपछि संसार नै अन्धकार हुन्छ । हामीले दृष्टि पाएका छौँ । उपमहानगरले हरेक वर्ष आफ्नो नीति तथा कार्यक्रममा पनि उपमहानगरलाई मोतिबिन्दुमुक्त नगरको रूपमा रूपान्तरण गरी उज्यालो संसार दृष्टि नगरका रूपमा विकास गरिनेछ भनेर कार्यक्रम ल्याउने गरेको छ ।

ज्येष्ठ नागरिकलाई उज्यालो प्रदान गर्ने तुलसीपुरलाई ५ वर्षभित्र मोतियाबिन्दुमुक्त उपमहानगरका रूपमा विकास गर्नका लागि तुलसीपुर उपमहानगरपालिका र राप्ती आँखा अस्पतालका बीचमा विगत ३ वर्ष पहिलेदेखि यो अभियान सुरू गरेको उपमहानगरपालिकाले जनाएको छ । यो अभियानको प्रभावकारिता पनि बढ्दै गएको छ । हाल यसको सिको नेपालका विभिन्न स्थानमा हुन थालेको छ भने जिल्लाका अन्य पालिकाले पनि गरेका छन् । उपमहानगरले यो अभियानको सुरूवात तुलसीपुर-१ को भमकेबाट गरेको हो । यस अभियानको शुभारम्भ लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखेल र आँखा विज्ञ डा. सन्दुक रूइतले औपचारिक रूपमा मोतीयाबिन्दुको निःशुल्क शल्यक्रिया तथा उपचार सेवा कार्यक्रम उद्घाटन गर्नुभएको थियो ।

आर्थिक वर्ष २०७५/०७६ बाट सञ्चालन भएको कार्यक्रम अर्न्तगत आगामी पाँच वर्षभित्र सबै वडाहरूमा आँखा जाँच गरी मोतीयाबिन्दुका बिरामीहरूलाई शल्यक्रिया गरी उज्यालो प्रदान गरी मोतीयाबिन्दुरहीत नगर घोषणा गर्ने सहमति भएको नगरप्रमुख घनश्याम पाण्डेले जानकारी दिनुभयो । नेपाल नेत्रज्योति संघ, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्जअन्तर्गत सञ्चालित राप्ती आँखा अस्पतालसँग उपमहानगरपाकिले 'मोतीयाबिन्दुको निःशुल्क शल्यक्रिया तथा उपचार सेवा कार्यक्रम' गरेको थियो । 'हाम्रो चुनावी प्रतिबद्धता नै थियो, अब कुनै पनि ज्येष्ठ नागरिक आँखा नदेखेर आफ्नो गोप्य मदतानबाट बञ्चित नहुन भन्ने त्यो हामी पूरा

गर्ने अभियानमा छौँ' नगरप्रमुख घनश्याम पाण्डेले भन्नुभयो । यो निरन्तर चलेको छ । उहाँले अरूले समातेर मतदान स्थलमा लगेर मतदान गर्ने अब छैनन् ज्येष्ठ नागरिकहरूले अब सहजै आफ्नो स्वविवेक प्रयोग गर्न पाउनेछन् ।

साथै आर्थिक अभावका कारण कोही कसैले पनि अन्धोपनमा जीवन बिताउन नपरोस् भन्ने अभियानको उद्देश्य भएको पनि उहाँको भनाइ छ । 'नेपाल नेत्रज्योति संघ राप्ती आँखा अस्पताल र हाम्रो बीचमा यो सहमति भएको छ, यो अभियानले सार्थकता पाउनुका साथै अन्य पालिकाले पनि यसको सिको गरेका छन् । यो नेपालकै नमुना कार्यक्रम पनि भएको छ । 'एकातिर हामीहरूले उज्यालो संसार देखाएका छौँ, अर्कोतिर यसले गर्दा नेपालमै नमुना कार्यक्रम बन्न सफल भएको छ, यसको सिको अन्य ठाउँमा पनि हुने गरेको छ' प्रमुख पाण्डेले भन्नुभयो । उपमहानगरपालिकाले पहिलो पटक थालेको यो उज्यालो अभियानको हाल देशभरि प्रशंसा समेत भएको छ । यस अभियानले नागरिकलाई सचेतना दिनुका साथै दृष्टिविहीन भएर बस्नुपर्ने बाध्यताको अत्यसमेत गरेको प्रमुख पाण्डेको भनाइ छ । यसको मूल्याङ्कन गरी तुलसीपुर उपमहानगरपालिकालाई नेपाल नेत्रज्योति संघको अन्धोपन न्यूनीकरण गर्ने अभियानमा महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै नेपालभरीका स्थानीय निकायहरू मध्य उपमहानगरपालिकालाई छनौट गरी २०७७ चैत १३ गते नेपाल नेत्रज्योति संघको स्थापना दिवसको अवसरमा 'नेपाल नेत्रज्योति सम्मान' पुरस्कार समेत प्रदान गरिएको थियो । मोतीयाबिन्दुलाई स्थानीय सरकारको सहयोगविना हटाउन र दृष्टिविहीनताको व्यापकतालाई न्यूनीकरण गर्न सम्भव नभएकाले साझेदारी कार्यक्रम सञ्चालन गरेको नेपाल नेत्रज्योति संघ दाङका सभापति कृष्णकुमार गिरीले बताउनुभयो ।

आँखा जस्तो संवेदनशील अंगको समयमा उपचार नगराउँदा मोतीयाबिन्दुका कारण आँखा बन्द हुने अवस्था हुँदा समेत मानिसहरू उपचार नगराई घरमानै बस्ने अवस्थाको अन्त्य समेत भएको बताएको छ । 'अन्धोपन घटाउन सामूहिक प्रयास आवश्यक छ, त्यसमा तुलसीपुर उपमहानगरपालिकाको साझेदारीमा हामीहरूले उज्यालो अभियान थालेका थियौँ, यो सबैका लागि अनुकरणीय छ' संघका केन्द्रीय सदस्य समेत रहनुभएका गिरीले भन्नुभयो । सिआइएस प्रविधिबाट मोतीयाबिन्दुको शल्यक्रिया गर्दा प्रतिव्यक्ति लाग्ने रू. ८ हजारमध्ये ३ हजार अस्पताल र ५ हजार उपमहानगरपालिकाले ब्यहोर्नेगरी यो अभियान सञ्चालनमा छ । तुलसीपुर उपमहानगरका १९ वटै वडाहरूमा आँखा जाँच गरी मोतीयाबिन्दुका बिरामीहरूलाई शल्यक्रिया गरी उज्यालो प्रदान गर्ने सहमतिअनुसार हाल २०८ जनाले निःशुल्क मोतियाबिन्दुको शल्यक्रिया सेवा पाएका छन् । तुलसीपुर उपमहानगरपालिकामा करिब १५ सय बढी मोतियाबिन्दुका बिरामीहरू रहेको तथ्याङ्क राप्ती आँखा अस्पतालले निकालेको थियो । सन् २०११ को सर्वेक्षण अनुसार मोतीयाबिन्दुका कारण आँखा नदेख्ने नगरमा नागरिकहरू रहेको अस्पतालका प्रमुख प्रशासक सम्शेर थापाले बताउनुभयो ।

सम्बन्धित वडाको सिफारिसका साथ आएमा आर्थिक अभावका कारण मोतीयाबिन्दुको शल्यक्रिया गर्नबाट बञ्चित ज्येष्ठ नागरिक तथा बिपन्नहरूलाई शल्यक्रियाका लागि आफूहरूले अस्पताललाई सिफारिस गर्ने गरेको स्वास्थ्य महाशाखा तुलसीपुरका प्रमुख ओमपी न्यौपानेले जानकारी दिनुभयो ।

# सांस्कृतिक सम्पदा संरक्षणमा तुलसीपुर



**जीतसागर जी.एम.**

दाङको व्यापारिक क्षेत्र तुलसीपुर उपमहानगरपालिका सांस्कृतिक तथा धार्मिक सम्पदाले धनी नगर हो । विभिन्न भाषा, कला, संस्कृतिको आ–आफ्नै पहिचान छ । सबै धर्म, समुदायको सम्मानका लागि धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणलाई महत्व दिएको छ । १६ वडा रहेको तुलसीपुरमा प्रायःजसो सबै वडामा विभिन्न सांस्कृतिक महत्व बोकेका स्थलदेखि विभिन्न कला संस्कृतिहरू छन् ।

पहाडी ब्राह्मण, क्षेत्री, पहाडी आदिवासी जनजाति, तराई आदिवासी जनजाति, मुस्लिम, दलितलगायतको बाहुल्य रहेको तुलसीपुरमा सबै जातजातिको आ–आफ्नै भेषभूषा र संस्कार रहेको छ । सबै जातजातिको संस्कार र संस्कृतिको प्रवर्द्धन गर्न नगरले मन्दिर, बौद्ध, चर्चलगायतका निर्माण गर्नेदेखि ऐतिहासिक धार्मिक तथा पर्यटकीयस्थलको संरक्षणमा जोड दिएको छ । नगरभित्र रहेका राप्ती शान्तिपार्क, चमेरे गुफा, छिल्लीकोट, सुकौराकोट, साततले झरना, हात्तीढुङ्गा, सिद्धबाबा थान थर्कोट, सिद्ध गुफा, त्रिसिद्धेश्वरी मन्दिर, सुकीदह ताल आदि नयाँ पुस्तालाई सांस्कृतिक परम्पराको महत्वबोध गराउने सोचका साथ उपमहानगरपालिकाले सांस्कृतिक सम्पदाको संरक्षण गर्न थालेको हो ।

**होमस्टेमा स्थानीय बाजागाजा पनि छन्, पाहुनाले कम्तिमा पनि तुलसीपुरमा भएको रहनसहनको बारेमा थाहा पाउन भन्ने उद्देश्य हो ।' नगरका विभिन्न ठाउँमा ६ वटा होमस्टे स्थापना भएका छन् ।**

### नमुना भुह्याँरथान

थारू समुदायको देउथान नमुना भुह्याँरथान तुलसीपुरवासीहरूकै सम्पत्ति हो । वडा नं. ५ को जबरपुरमा रहेको नमुना भुह्याँरथान निर्माण र संरक्षणमा तुलसीपुर उपमहानगरपालिकाले




अभिभावकीय भूमिका खेलेको छ । नगरको सम्पत्ति थारू समुदायको आस्थाको रूपमा रहेको भुह्याँरथानको विकासका लागि नगरले लगानी गरेको

छ । उपमहानगरपालिकाले भुइँयाँरथानको विकासमा प्रदेशसँग बजेट माग गर्नका लागि अभिभावकीय भूमिका खेलेको नमुना भुइँयाँरथान समितिका अध्यक्ष रामशरण चौधरीले बताउनुभयो । 'नगरले सुरूमा आफैले २५ हजार रकम विनियोजन गरेको थियो, त्यो रकमले पनि भुइँयाँरथानको संरक्षणमा केही भए पनि सहयोग पुगेको छ, पछिल्लो समय विभिन्न समयमा १०/२० हजार सहयोग भइरहेको छ' उनले भने– 'नगरले प्रदेश सरकारसँग बजेट माग गर्ने समयमा अभिभावकीय भूमिका खेलेको छ ।' नमुना भुइँयाँरथानको पाहुनाघर १० लाखमा निर्माण भएको छ भने २० लाखमा सभाहल निर्माण गरिएको उनले बताए । 'हामीलाई १० लाख लुम्बिनी प्रदेश सरकारले सहयोग गरेको हो, २० लाख प्रतिनिधिसभा सदस्य हिराचन्द्र केसीले सांसद विकासकोषबाट सहयोग गर्नुभएको हो, जहाँबाट सहयोग आए पनि नगरको सम्पत्ति नै हो नमुना भुइँयाँरथान ।' भुइँयाँरथानमा पानी ट्याङ्की, वाल निर्माणको लागि नगरमा बजेट माग गरेको उनले बताए । यो त एउटा उदाहरणमात्रै हो । धेरैजसो वडामा भुइँयाँरथानका लागि रकम उपलब्ध गराएको उपहानगरपालिकाले जनाएको छ ।

## होमस्टेमा ध्यान

तुलसीपुर उपमहानगरपालिकाले आर्थिक समृद्धि र तुलसीपुरको पहिचानका लागि होमस्टेको अवधारणा अघि सारेको छ । नगरका विभिन्न ६ ठाउँमा व्यक्तिगत लगानीमै होमस्टे स्थापना भए पनि होमस्टे सञ्चालन प्रक्रियाका विषयमा नगरले समन्वयात्मक काम गरिरहेको उपमहानगरपालिकाका पर्यटन शाखाकी यशोदा वलीले बताइन् । 'नगरले स्थानीयको रहनसहन, संस्कृतिको संरक्षणका लागि होमस्टे सञ्चालन गर्न योजना अघि सारेको छ, व्यक्तिगत लगानी भए पनि होमस्टे सञ्चालनका लागि तालिम नगरले प्रदान गरिरहेको छ' उनले भनिन्– 'होमस्टेमा स्थानीय बाजागाजा पनि छन्, पाहुनाले कम्तिमा पनि तुलसीपुरमा भएको रहनसहनको बारेमा थाहा पाउन भन्ने उद्देश्य हो ।' नगरका विभिन्न ठाउँमा ६ वटा होमस्टे स्थापना भएका छन् । राम्री, बटौलपुर, मुलकोट, छिल्लीकोट, कुमालगाउँ, राप्ती शान्तिपार्कलगायतका ठाउँमा होमस्टे स्थापना भएका छन् । नगरले पर्यटन सन् २०२० मा योजना अघि सारे पनि कोरोनाका कारण अझै पूर्णरूपमा होमस्टे सञ्चालनमा आउन भने नसकेको उनले बताइन् । उनका अनुसार परम्परागत बाजा–गाजा र पोशाक संरक्षणको योजना अघि सारिए पनि कोरोना कहरका कारण कार्यान्वयन हुन सकेको छैन । मौलिक कला संस्कृति र पर्यटन प्रवर्द्धनका लागि तुलसीपुर उपमहानगरपालिकाले होमस्टेको अवधारणा अघि सारेको हो ।

## राप्ती शान्ति सामुदायिक होमस्टे

राप्ती शान्ति सामुदायिक होमस्टे गणेशपुर पार्क नजिकै छ । तुलसीपुर-७ गणेशपुरमा रहेको होमस्टे सञ्चालनको अन्तिम चरणमा पुगेको होमस्टेका अध्यक्ष डिआर भण्डारीले बताए । तुलसीपुर बजारबाट करिब तीन किलोमिटरको दुरीमा रहेको राप्ती शान्ति होमस्टेमा अहिलेसम्म करिब ५ लाखको लगानी भइसकेको छ । 'स्थानीय ठाउँ, भाषा, कला, संस्कृति, रहनसहन र खानपिनको प्रवर्द्धनका लागि होमस्टे सञ्चालन गर्न थालिएको हो ।' स्थानीय युवाहरूले स्थापना गरेको होमस्टेमा अहिलेसम्म नगरले बेड-विस्तरा, तालिमलगायत सहयोग गरेको उनले बताए । होमस्टेमा स्थानीय लोप हुने अवस्थामा पुगेका रैथाने जातका अन्नको परिकार खुवाउने र स्थानीय कला संस्कृतिको प्रर्दशन गरी पर्यटन प्रवर्द्धन गर्ने उनको भनाइ छ ।

## ॐ नर्सिङ भैरव सामुदायिक होमस्टे राम्रीधाम

तुलसीपुर उपमहानगरपालिकाको अवधारणा अनुसार राम्रीमा सञ्चालन भएको होमस्टे पनि कोरोना महामारीका कारण औपचारिकरूपमा चल्न सकेको छैन तर होमस्टेमा चहलपहल बढ्न थालेको छ ।



तुलसीपुर-३ राम्रीमा २०७६ सालमा दर्ता भएको ॐ नर्सिङ भैरव सामुदायिक होमस्टे राम्रीधाम करिब ५ महिनाअघि तयार भएको अध्यक्ष लालबहादुर पुनले बताए । 'स्थानीय उत्पादनको खानाका परिकार, स्थानीय भाषा, कला संस्कृतिको संरक्षणका लागि होमस्टे सञ्चालन गरिएको हो ।' उनले भने– 'होमस्टेमा आउने पाहुनालाई सिस्नो, टिमुर बेसार खानाका परिकार खुवाउने गरेका छौँ,

**स्थानीय ठाउँ, भाषा, कला, संस्कृति, रहनसहन र खानपिनको प्रवर्द्धनका लागि होमस्टे सञ्चालन गर्न थालिएको हो ।**

अनि पुरानो सोरठी नाच देखाउने गरेका छौँ ।' तुलसीपुरबाट करिब साढे १५ किलोटर टाढा रहेको होमस्टेमा तुलसीपुर बजारबाट करिब आधा घण्टामा पुग्न सकिन्छ । स्थानीय ७ जनाको व्यक्तिगत लगानीमा सञ्चालनमा आएको होमस्टेमा नगरले सिरक, डसनादेखि तालिम, भ्रमण लगायतमा सहयोग गरेको छ ।

## मुलकोट चमेरेगुफा सामुदायिक होमस्टेग्राम

तुलसीपुर-४ मुलकोटमा पनि होमस्टे सञ्चालन गरिएको छ । आ.व. ०७६/७७ देखि सञ्चालनमा आएको मुलकोट चमेरेगुफा सामुदायिक होमस्टेग्राममा दाङसहित आसपासका जिल्लाबाट पर्यटकहरू आउने गरेको होमस्टे सञ्चालन समितिका अध्यक्ष भूपबहादुर पुनले जानकारी दिए । स्थानीय ५ जनाको लगानीमा सञ्चालनमा आएको होमस्टेमा मगर भेषभूषा, खानापान, सोरठी र स्थानीय उत्पादनको खानपिन मुख्य आकर्षण रहेको छ । तुलसीपुर बजारदेखि करिब १५ किलोमिटरको दुरीमा रहेको होमस्टेमा स्थानीय अर्गानिक उत्पादन, कोदो, सिस्नो, लोकल कुखुरालगायतका परिकार खान सकिने र मगर संस्कृति सोरठी नाचमा रमाउन सकिने व्यवस्था रहेको उनले बताए । तुलसीपुर उपमहानगरपालिकाको पर्यटन शाखाले अहिलेसम्म होडिङ बोर्ड, तालिमलगायतमा सहयोग गरेको छ ।

## कुमालगाउँ सामुदायिक होमस्टेग्राम

तुलसीपुर- ७ मा कुमालगाउँ सामुदायिक होमस्टेग्राम सञ्चालन गरिएको छ । २०७७ सालको मङ्सिरदेखि सञ्चालनमा आएको होमस्टेमा स्थानीय ६ युवाहरूको लगानी छ । स्थानीयले आफै बसिरहेको घरको एउटा कोठालाई होमस्टेको रूपमा सञ्चालन गरेका छन् । तुलसीपुर-घोराहीरोडको

पर्सेनीदेखि करिब अढाई सय मिटरको दुरीमा रहेको होमस्टेमा स्थानीयस्तरको खानपिनको साथै कला संस्कृति प्रदर्शन गर्ने गरिएको होमस्टेका अध्यक्ष जनक कुमालले बताए । 'हामीले विशेषगरी कुमाल समुदायमा खाइने माछाका परिकार, लोकल भाले, सिद्रामाछा, ढिडो, मकै र चामल मिसाइएको दर्रे लगायतका परिकार खुवाउने व्यवस्था मिलाएका छौँ' उनले भने-'अतिथिहरूको अनुरोधमा थारू संस्कृति सख्या नाच, बड्का नाच, मारूनी सोरठी, मैयारानी नाच, पाउधुरे नाच देखाउने गरेका छौँ ।' तुलसीपुर उपमहानगरपालिकाले तालिम, होडिङबोर्डलगायतका कुरामा सहयोग गरेको छ ।

### मल्लागिरी सामुदायिक होमस्टेग्राम छिल्लीकोट

ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलमा पनि होमस्टे सञ्चालन गरिएको छ । तुलसीपुर उपमहानगरपालिकाको प्रमुख पर्यटकीय स्थल छिल्लीकोटमा स्थानीय १० घरले मल्लागिरी सामुदायीक होमस्टेग्राम छिल्लीकोट सञ्चालन गरेका छन् । तुलसीपुरदेखि करिब २४ किलोटमिटरको दुरीमा रहेको मल्लागिरी सामुदायिक होमस्टेग्राम छिल्लीकोटमा पुग्न सवारीबाट करिब १ घण्टा लाग्छ । उपमहानगरपालिकाको अवधारणा अनुसार नै स्थानीयले करिब ५० देखि डेढ लाखको लगानीमा होम स्टे सञ्चालन गरको होमस्टे सञ्चालन समितिका अध्यक्ष परवीर पुनले जानकारी दिए । होमस्टेमा स्थानीय सोरठी र स्यारेङ्गी नाच पनि देखाउने तयारी गरिरहेका छौँ । तुलसीपुर उपमहानगरपालिकाले ५० हजार बराबरको लत्ताकपडा सहयोग गरेको छ । त्यसैगरी नगरले होमस्टे सञ्चालकलाई तालिम, भ्रमणलगायतका कार्यक्रम गरेको अध्यक्ष पुनले बताए ।'

### बटौलपुर सामुदायिक होमस्टे ग्राम

बटौलपुरमा पाँच घर परिवारले होमस्टे सञ्चालन गरेका छन् । थारू समुदायको कला, संस्कृति, भेषभूषा, खानपानको प्रवर्द्धनका लागि




**" छिल्लीकोट क्षेत्रमा सोह्रौं शताब्दीतिर मेघनाथ शाहले राज्य शुरूवात गरेको र रणबहादुर शाहले नेपाल एकीकरणको बखत छिल्लीकोट क्षेत्र नेपालमा गाभेको उल्लेख गरिएको छ । "**

तुलसीपुर-८ बटौलपुरमा होमस्टेग्राम सञ्चालन गरिएको हो । तुलसीपुर देखि करिब ५ किलोमिटरको दुरीमा रहेको बटौलपुर सामुदायिक होमस्टेग्राममा ढिक्री, स्थानीय माछा, मासु, घोङी, मुसाको मासु पनि उपलब्ध रहेको अध्यक्ष महेन्द्र चौधरीले बताए । होमस्टेमा थारू समुदायमा नाचिने झुम्रा, छोपरा , हुरदुंग्या नाच पनि देखाउने तयारी गरेका छौँ ।' उनले भने-'तुलसीपुर उपमहानगरपालिकाको सहयोग र समन्वयमा होमस्टे सञ्चालन गरेका हौँ । उपमहानगररपालिकाले दर्तादेखि लत्ताकपडा, युनिट बोर्ड, तालिम, भ्रमणलगायतका कुरामा सहयोग गरेको छ ।'

### मठ मन्दिर तथा गुम्बामा लगानी

तुलसीपुर उपमहानगरपालिकाले मठ मन्दिरदेखि बौद्ध धर्मको गुम्बा निर्माणसम्म लगानी गरेको छ । नगरको योजना शाखाका टेकबहादुर खड्काका अनुसार नगरका १९ वटै वडामा ८५ वटा मठमन्दिर र गुम्बामा लगानी गरिएको छ । नगरले मठमन्दिरमा ५० हजार देखि ५ लाखसम्म लगानी गरेको उनले बताए ।

# उद्यम प्रवर्द्धनमा उपमहानगर

स्कूले जीवन सकिएपछि केही समय पत्रकारितामा बित्यो । पत्रकार बनिरहँदा उहाँको मनमा फुरेको त्यै कुराले आज उहाँलाई पत्रकारसँगै व्यवसायी पनि बनाएको छ । तुलसीपुर–७ तमाखेका ३५ वर्षीय जगदिश भण्डारीको यतिबेला पत्रकारिता रहरको र व्यवसाय जीवन जिउने पेशा बनेका छन् । 'व्यवसायले मेरो पत्रकारितालाई अझ बढाएको छ । हिजो पत्रकारिता मात्रै गरिहँदा थुप्रै चुनौतीहरू थिए । उद्यममा जोडिएपछि अहिले तीमध्येका थुप्रै चुनौतीहरू सामान्य लाग्छन् । त्यसमा स्थानीय सरकारको सहयोगले झन् उत्साह थपेको छ ।

स्थानीय तहको पहिलो निर्वाचनपछि देशले संघीयताको लय समात्यो । जब जनप्रतिनिधिहरू आए । भण्डारीको व्यवसायी बन्ने सोचाइले थप सार्थकता पायो । विभिन्न निकायहरूसँगै तुलसीपुर

चार वर्षमा उहाँलाई विभिन्न शीर्षकमा ५ लाख बढी अनुदान मिलेको छ । यस्तै प्रोत्साहनले अहिले उहाँले विभिन्न ठाउँका २५ बिगाहभन्दा बढी जमिनमा बेसार रोप्नुभएको छ । उहाँ यतिमा मात्रै सीमित हुनु भएन, उद्योग पनि सञ्चालन गर्नुभयो ।






उपमहानगरपालिकाअन्तर्गतको कृषि शाखाबाट उहाँलाई रैथाने बाली प्रवर्द्धनका लागि एक-एक लाख ६० हजार अनुदान मिल्यो । चार वर्षमा उहाँलाई विभिन्न शिर्षकमा ५ लाख बढी अनुदान मिलेको छ । यस्तै प्रोत्साहनले अहिले उहाँले विभिन्न ठाउँका २५ बिगाहभन्दा बढी जमिनमा बेसार रोप्नुभएको छ । उहाँ यतिमा मात्रै सीमित हुनु भएन, उद्योग पनि सञ्चालन गर्नुभयो । 'बेसार उत्पादनसँगै, प्रशोधन र बजारीकरणको इजाजत पनि ल्याएँ । अहिले नेपाल मसला उद्योग सञ्चालन गरेको छु ।

आफैले गरेको उत्पादनलाई प्रशोधन गरेर बजारसम्म पुऱ्याउन सके अझ धेरै लाभ लिन सकिदो रैछ' उहाँ भन्नुहुन्छ- 'मेरो सन्दर्भमा हिंजो बुवा, आमा, दाइ र दिदीहरू अभिभावक हुनुहुन्थ्यो । अहिले म उद्यमी बन्दै गर्दा जनप्रतिनिधिहरू पनि अभिभावक बनेर थपिनु भएको छ ।' विगत ४ वर्षदेखि उहाँले गाउँमै मसला उद्योग सञ्चालन गरिरहनु भएको छ । अहिले पनि गाउँमा उहाँसँगैका थुप्रै युवा विदेशिएका छन्, केही बेरोजगार छन् । तर जगदीश उद्यमी बन्न सफल हुनुभएको छ ।

✧✧✧

तुलसीपुर-१६ थानगाउँ स्थित २२ कठ्ठा जमिनमा छ रामचन्द्र खड्काको कागती खेती । बाह्रै मास कागती उत्पादन हुने उहाँको बगैंचामा यो वर्ष कागतीका कलमी बिरूवा पनि उत्पादन भए । तुलसीपुर उपमहानगरपालिकाले उहाँको कागती खेतीलाई थप किसानमा विस्तार गर्न कलमी बिरूवा उत्पादनमा सघाउ पुऱ्यायो । उपमहानगरको यही सहयोगले यसै वर्ष मात्रै थानगाउँमा तीन हजार बढी कागतीका बिरूवा रोपिए । अझै रोप्ने क्रम जारी छ ।

गाउँघरमात्रै होइन देशका विभिन्न सहरमा कागतीका फल र बिरूवा पठाउने योजना छ । खड्काले थुप्रै सहरबाट कागतीको माग आइरहेको बताउनुभयो । 'ढिलो चाँडोको कुरा हो, गरेको काम अवश्य देखिन्छ । तुलसीपुर उपमहानगरपालिकाले पकेट क्षेत्र स्थापनाका लागि पहल गऱ्यो' उहाँ भन्नुहुन्छ- 'त्यसैको उपज आज हामीले यो क्षेत्रलाई कागतीको पकेट क्षेत्रका रूपमा पाएका छौं । यो हामी किसानका लागि निकै खुसीको कुरा हो ।' पकेट क्षेत्रअन्तर्गतको दुई लाख अनुदान पाउँदा कागती खेती अझ व्यवस्थित गर्दै अघि बढाउनतर्फ राहत मिलेको उहाँले बताउनुभयो ।

जनयुद्धमा होमिएर राजनीतिक क्रान्तिका एक हिस्सा बनेका ३५ वर्षीय खड्का यतिबेला भने कृषि क्रान्तिको हिस्सेदार बन्नुभएको छ । हुन त खड्का वैदेशिक रोजगारीको स्वाद नचाखेको पनि हैन तर आत्मसन्तुष्टि नमिलेको मात्रै हो । 'विदेशी मरभूमि हराभरा बनाउनसक्ने हामीले आफ्नै माटोमा उत्पादन गर्न किन नसक्ने ? हामीले सधैँ आर्थिक समृद्धिका कुरा मात्रै गऱ्यौँ तर उत्पादनमा ध्यान दिएनौँ' उहाँ भन्नुहुन्छ- 'यो भएन र त्यो भएन भन्दै अरूको आलोचनामा मात्रै समय बिताउनुभन्दा उत्पादनमुखी काममा लाग्नुस् । उत्पादनविना आर्थिक समृद्धि सम्भव छैन ।'

✧✧✧

तुलसीपुर-१२ टरिगाउँमा सञ्चालित बहुउद्देश्यीय कृषि फर्मका सञ्चालक ३१ वर्षीय सन्तोष घिमिरेलाई च्याउ खेतीले लाखौंको मालिक बनाएको छ । वैदेशिक रोजगारीको सिलसिलामा भारत पुग्नुभएका घिमिरेलाई त्यहाँको बसाई त्यति सन्तोषजनक लागेन । आफ्नै देशमा केही गर्ने अठोट लिएर स्वदेश फर्किएका उहाँको आम्दानीको मार्ग बन्यो च्याउ खेती । अन्यौलतामा सुरू भएको व्यवसायमा उपमहानगरपालिकाको सहयोग मियो

बन्यो अनि आफैले मतदान गरेका जनप्रतिनिधिहरू सहयोगी । २०७५ सालको मध्यतिरबाट सानो लगानीमा सुरू गरिएको यो फर्ममा यहाँसम्म आइपुग्दा ६०/७० लाखभन्दा माथि लागनी भइसकेको घिमिरे बताउनुहुन्छ ।

भारतबाट फर्किएपछि के गर्ने, भन्ने पत्तो थिएन । सुरूवाति चरणमा घरमा खेर जाने परालको सदुपयोग गर्दै च्याउ खेती गर्नुभयो । विस्तारै यसबाट राम्रो आन्दानी पनि हुन थाल्यो । 'अहिले वरपरका तीन/चारवटा वडाको सबै पराल मेरै फर्ममा आउँछ' उहाँ भन्नुहुन्छ- 'सिजन र अफसिजनमा थप/घट त भइरहन्छ । आफूबाहेक ७ जनालाई रोजगारी दिएको छु । सबै खर्च कटाएर मासिक ६०/७० हजार बचत पनि हुन्छ । आत्तिहाल्ने अवस्था छैन ।'

गतवर्ष उहाँले च्याउ पकेट क्षेत्रअन्तर्गतको अनुदान पाउनुभयो । यस वर्ष तुलसीपुर उपमहानगरपालिका कृषि शाखाले त्यही



कार्यक्रमलाई निरन्तरता दियो । दुई लाख रूपैयाँ अनुदान दिएपछि यतिबेला भने उहाँलाई मैले गरिरहेको काममा मसँगै स्थानीय सरकार पनि छ भन्ने महसुस भएको छ । साथै केही सुझाव पनि छन् उहाँका । 'स्थानीय सरकारले सहकार्य गरेको छ, खुसी छु तर सरकार उत्पादनमा मात्रै केन्द्रित नभएर उत्पादन भएका च्याउलाई प्रशोधन र बजारीकरणको क्षेत्रमा पनि भूमिका खेल्दिए च्याउ उत्पादक किसानलाई अझ सहज हुने थियो ।' हाल उत्पादन भएको च्याउ ताजा नै बिक्री गरिसक्नुपर्ने हुन्छ । कारणवश बिक्री हुन नसकेमा सम्पूर्ण उत्पादन खेर जाने समस्या छ ।

यी केही प्रतिनिधि पात्र मात्र हुन् । तुलसीपुर उपमहानगरपालिका अन्तर्गतको कृषिशाखामार्फत थुप्रै कृषकमैत्री काम भएका छन् । कृषि यान्त्रिकीकरण (पावर टेलर) वितरण, प्लाष्टिक टनेल वितरण, उन्नतजातका बीउ वितरण, साना सिँचाइका आयोजनाहरू, पकेट क्षेत्र सञ्चालनलगायतका कार्यक्रमहरू ५० प्रतिशत अनुदानमा सञ्चालन गरिएको शाखा प्रमुख धनराज गौतमले जानकारी दिनुभयो । 'किसानलाई पनि अपनत्वको महसुस होस् भनेर ५० प्रतिशत अनुदानमा दिने गरेका छौं ।' उहाँले भन्नुभयो- 'बेलाबेला विभिन्न बालिनालीमा देखिने महामारीका रोगहरूमा प्रयोग हुने विषादी चाहिँ पूर्ण अनुदानमा दिने गरेका छौं ।'

शाखाको तथ्याङ्कअनुसार बितेको ४ वर्षमा शाखाले कृषि यान्त्रिकीकरण अन्तर्गत १५ वटा पावर टेलर वितरण गरेको छ । तरकारी खेतीका लागि प्रयोग हुने छ सय २० भन्दा बढी सेट प्लाष्टिक टनेल वितरण भएको छ भने पाँच सय ४३ क्विन्टल बढी उन्नत जातका धान, मकै, तोरी, गहुँलगायत विभिन्न खाद्य बालीका बीउ वितरण गरिएको छ । त्यस्तै शाखाले साना सिँचाइका आयोजनामा पनि काम गरिरहेको छ । यसअन्तर्गत ५० हजारदेखि एक लाखसम्मको रकम छुट्याइएको हुन्छ । बिग्रिएका

बोरिङहरूको मर्मत, मोटर वितरणलगायतका साना खाले काम हुने योजना पनि किसानहरूका लागि वरदान सावित भएको देखिन्छ । यो कार्यक्रममार्फत हालसम्म ३८ वटा आयोजना सम्पन्न भएको शाखाको



तथ्याङ्कमा उल्लेख छ ।

शाखामार्फत पकेट क्षेत्रको काम पनि उत्तिकै महत्वका साथ अघि बढेको देखिन्छ । यतिबेला तरकारी खेती, च्याउ खेती, कागती खेती तथा मौरी पालनलगायतका कार्यक्रमहरू अघि बढाइएको छ । हाल उपमहानगरभित्र सातवटा कृषिफर्म तथा सहकारीहरूमा पकेट क्षेत्रका कार्यक्रमहरू अघि बढेका छन् ।

**किसानलाई परिचयपत्र**

तुलसीपुर उपमहानगरपालिकाले कृषि र पशुपालन क्षेत्रबाट नगरको समृद्धिको कल्पना गर्दै किसानको जीवनस्तरमा परिवर्तन ल्याउन विभिन्न योजनाहरूलाई कार्यान्वयनमा ल्याएको छ । किसानको पहिचानको लागि उत्कृष्ट कृषकलाई व्यवसायिक कृषक परिचयपत्र वितरण कार्यक्रमलाई प्राथमिकतामा राखिएको तुलसीपुर उमपहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले बताउनुभयो ।

'कृषकको पहिचान, कृषिमा स्वाभिमान' भन्ने मूल नीति अनुरूप किसानलाई कृषक परिचय पत्र वितरण र उत्कृष्ट कृषकलाई सम्मान गर्ने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । आउँदो वर्ष व्यावसायिक कृषकलाई विशेष अनुदान प्रदान गरिने छ । तुलसीपुर उपमहानगरपालिकाभित्र जग्गा बाँझो राख्न नपाइने नियम कडाइका साथ लागु गरिएको छ । जसले जग्गा बाँझो राख्छ उसलाई दण्ड जरिवाना गरिनेछ । सिँचाइका लागि कृत्रिम जलाशय निर्माण गर्ने योजना पनि प्राथमिकतामा परेको छ । टनेल खेतीमा किसानलाई संलग्न गराउन प्रोत्साहन गरिएको छ ।

पशुपंक्षीतर्फ पशुको नश्ल सुधार गर्दै उन्नत पशु उत्पादनलाई जोड दिइएको छ । कृत्रिम गर्भाधानलाई प्राथमिकतामा राखेर नश्ल सुधारलाई अघि बढाइएको पशु विकास शाखाका प्रमुख सुवास आचार्यले जानकारी दिनुभयो । आर्थिक बर्ष २०७७/०७८ मा मात्रै ५ सय ३० पशुको कृत्रिम गर्भाधान गरी नश्ल सुधार गरिएको छ । यसरी पशुमा नश्ल सुधार गर्दा बहरको खोजीको समस्या अन्त्य हुने, राम्रो र उन्नत पशु उत्पादन हुने, स्थानीय जातको पशुलाई उन्नत बनाई त्यसबाट उत्पादन धेरै लिन सकिने उहाँले बताउनु भयो ।

खोप कार्यक्रमलाई पनि जोड दिइएको छ । १० हजार देखी १५ हजार सम्मका पशुलाई एक वर्षमा विभिन्न संक्रामक रोगबाट जोगाउन खोप लगाइएको छ । किसान पशु कार्यालयमा होइन, किसानको फर्म अथवा गोठसम्म प्राविधिकहरू पुगेर सेवा प्रदान गरिएको छ । वडातहमा किसानलाई सबैखालको सेवा दिने योजना अनुसार काम भैरहेको उहाँले बताउनुभयो । किसानको गोठसम्म पशु प्राविधिक पुऱ्याउने, बिरामी पशुको उपचार गर्नेगरी योजना बनाइएको छ । यस्तै पशु आहारा विकासको लागि घाँसमा आत्मनिर्भर गराउने योजना अन्तर्गत किसानलाई घाँसको बीउमा अनुदान दिइएको छ । बाख्रा र बङ्गुरपालन कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ । किसानलाई बाख्रा र बङ्गुर अनुदानमा दिइएको छ ।

# कृषि वन प्रणाली अबलम्बन गर्दै तुलसीपुर



लक्ष्मण विश्वकर्मा

> वनमा साल, अस्ना, टुनी, चिउरी, लिपलिपे र आँप प्रजातिका रूख छन् । तर उक्त वनबाट उपभोक्ताले काठबाहेक अरू आम्दानी पाएनन् । तर बेत बाँसको चोयाबाट डोको, नाम्ला, मुडा, टेवुल, कुर्सी जस्ता विभिन्न सामग्रीहरू तयार गर्न सकिन्छ ।

तुलसीपुर उमपहानगरपालिका क्षेत्रमा १०३ वटा सामुदायिक वन तथा निजी र राष्ट्रिय वन छन् । उपभोक्ताहरूले सन्तान जस्तै पालेर ठूलो बनाए पनि उपभोक्ताको जीवीकोर्पाजनमा रूख पालेर मात्रै खासै परिवर्तन आउन सकेन । त्यसैले वनविज्ञसमेत रहनुभएका घनश्याम पाण्डे निर्वाचित भएर तुलसीपुर उपमहानगरपालिकाको नेतृत्वमा आएपछि सामुदायिक वनलाई उपभोक्ताको जीवीकोपार्जनमा टेवा पुऱ्याउनेगरी नीति निर्माणदेखि कार्यक्रम बन्न थालेका छन् ।

तुलसीपुर उपमहानगरपालिले वन ऐन २०७५ निर्माण गऱ्यो । अहिले त्यो कार्यान्वयनका लागि कार्यक्रम बनाइरहेको छ। ऐन निर्माणले स्थानीय तहलाई वनसँग सहकार्य गर्न बाटो खोलिदिएको तुलसीपुर उपमहानगरपालिका वन तथा वातावरण शाखा प्रमुख ओमकान्त भट्टराईले बताउनुभयो । उक्त ऐनले सामुदायिक वनसँगको सहकार्यमा जीविकोपार्जनका लागि जडिबुटी खेतीसँगै कृषि वन प्रणाली अवलम्बन गर्न बाटो खोलेको छ । अबदेखि उपभोक्ताहरूको जीविकोपार्जनका लागि विभिन्न आयआर्जनमूलक उद्यम सञ्चालन गर्न सकिने छ । सामुदायिक वनमा आफैले विभिन्नखाले उद्यम सञ्चालन गर्नसक्ने बाटो खुलेपछि उपमहानगर स्वयंले जडिबुटी, फलफूलका बिरूवा रोप्न उपभोक्तालाई प्रोत्साहित गरिरहेको छ । तुलसीपुर उपमहानरपालिकाले अहिले टिमुरका पाँच हजार बिरूवा, काउली, तेजपत्ताजस्ता बिरूवा उपमहानरका पहाडी क्षेत्रमा लगाउने योजना अघि सारेको छ । तुलसीपुर ३, ४ र १६ वडामा उक्त कार्यक्रम उपयुक्त हुने भन्दै काम अघि बढाइएको उपमहानगरका वन तथा वातावरण शाखा प्रमुख भट्टराईले बताउनुभयो ।

**बेत बाँसले पलाएको आशा**

तुलससीपुर-१६ को पकर्रे सामुदायिक वन २०५३ सालमा स्थापना भयो । १४०.८ हेक्टर क्षेत्रफल रहेको वनका १ सय २५ घरधुरी उपभोक्ता छन् । वनमा साल, अस्ना,



टुनी, चिउरी, लिपलिपे र आँप प्रजातिका रूख छन् । तर उक्त वनबाट उपभोक्ताले काठबाहेक अरू आम्दानी पाएनन् । जसले गर्दा उपभोक्ताको जीविकोपार्जनमा वनले खासै परिवर्तन ल्याएन ।


सामुदायिक वनलाई उद्यमसँग जोड्न नसक्दा आर्यआर्जन हुन नसकेको भन्ने कुरा बल्ल थाहा पाएको वनका अध्यक्ष लोकबहादुर रोकाले बताउनुभयो । त्यसैले आ.व. ०७७/७८ देखि तुलसीपुर उपमहानगरपालिका र ग्रीन फाउण्डेसनको व्यवस्थापनमा सामुदायिक वनलाई उत्पादन र उद्यमशिलतासंग जोड्न बेतबाँस रोप्न लागिएको अध्यक्ष रोका बताउनुहुन्छ । वन छँदैछ, बेतबाँसले उपभोक्तालाई आम्दानी दिने आशा पलाएको अध्यक्ष रोकाले बताउनुभयो । बेतबाँस बहुउपयोगी प्रजातिको वनस्पति हो ।

बेतबाँसको चोयाबाट डोको, नाम्ला, मुडा, टेवुल, कुर्सी जस्ता विभिन्न सामग्रीहरू तयार गर्न सकिन्छ । जसले गर्दा उद्यम सञ्चालन गर्न सकिन्छ । यस्तै करेसाबारीमा बार लगाउन, तरकारी खेतीमा टनेल बनाउन र घाँसका रूपमा पनि प्रयोग गर्न सकिने तुलसीपुर उपमहानगरपालिका वन तथा वातावरण शाखा प्रमुख ओमकान्त भट्टराईले बताउनुभयो ।

बहुउपयोगी भएकै कारण तुलसीपुरका दुई सामुदायिक वनमा बेतबाँस लगाउने कार्यको सुरुवात गरिएको छ । तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ मा रहेका पकर्रे सामुदायिक वन र कालिका-मालिका किसान जलुके सामुदायिक वन क्षेत्रमा बेतबाँस रोप्ने कार्य अघि बढाइएको छ । दुई वटा सामुदायिक वनको ३.५ हेक्टर क्षेत्रफल जमिनमा झण्डै एक हजार चारसय बेतबाँसका बिरूवा रोप्ने लक्ष्य राखिएको तुलसीपुर उपमहानगरपालिकाले जनाएको छ । बेतबाँसलाई उद्यमशीलतासँग जोडेर नागरिकको आयआर्जन बढाउन उपमहानगरले थालेको बेतबाँस रोप्ने कार्य सह्रानीय भएको सहकार्य गरिरहेको ग्रिन फाउण्डेसन नेपाल दाङका सचिव सुरेस रावतको भनाइ छ । तुलसीपुरको वडा नं. ५ बाहेक अरू १८ वटै वडामा सामुदायिक वन छन् । ती वनमा कृषिमा आधारित वृक्षारोपण गर्न सकिने छ । जसले गर्दा सामुदायिक वनमा आधारित विभिन्नखाले उद्यम सञ्चालन गर्न सकिने सयौं उपभोक्ताको आयआर्जनलाई बढाउन सकिने सम्भावना रहेको उपमहानगरले जनाएको छ ।

## कृषि वनका लागि सम्भाव्यता अध्ययन

तुलसीपुर उपमहानगरपालिका कृषि वनका लागि उपयुक्त क्षेत्र मानिन्छ । उपमहानगरभित्र रहेका १ सय ३ वटा सामुदायिक कृषि वनका लागि ठूलो सम्भावनाका क्षेत्र हुन् । त्यसमा पनि पहाडि भू-भागमा पर्ने तुलसीपुर १,३,४,१६ वडामा रहेका सामुदायिक वनमा टिमुर खेतीका लागि उपमहानगरपालिकाले सम्भाव्यता अध्ययन गरेको छ । पारिवारिक निजी वन संघसँग समन्वय गरी तुलसीपुर १, ३ र ४ मा टिमुर खेती सुरूवात गर्न



लागिएको छ । सामुदायिक वनको खाली जमिन र केही किसानले आफ्नो निजी जमिनमा समेत व्यावसायिक टिमुर खेती गर्न थालेका छन् ।

## तुलसीपुरमा नमूना नर्सरीको योजना

तुलसीपुरमा सामुदायिक र राष्ट्रिय वनमात्रै छैनन् । निजी वन पनि छन् । त्यसैले व्यक्तिगतरूपमा कृषिमा आधारित रूख रोप्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उपमहानगरले जनाएको छ । निजी वनबाट पनि काठ उत्पादनदेखि टिमुर खेती, फलफूल खेती, जडिबुटी खेती गर्न सकिने पारिवारिक निजी वन संघ दाङका अध्यक्ष पदम केसीले बताउनुभयो । सोहीअनुसार तुलसीपुर उपमहानगरपालिकाको सहयोगमा विभिन्न व्यक्तिले टिमुर खेती, फलफूल खेती र श्रीखण्ड वृक्षारोपण गरिएको उहाँले बताउनुभयो । जनप्रतिनिधि आइसकेपछि स्थानीय सरकारसँगको सहकार्य र समन्वयमा तुलसीपुर १ लगायतका विभिन्न ठाउँका किसानलाई कृषिमा आधारित बिरूवा वितरण गरिएको केसीले बताउनुभयो । उहाँले आगामी दिनमा तुलसीपुरमै हरेक प्रजातिको बिरूवा उत्पादन तथा बिक्री गर्नका लागि नमूना नर्सरी बनाउन उपमहानगरपालिकासँग सहकार्यको तयारी भइरहेको निजी वनका अध्यक्ष केसीले बताउनुभयो ।





# सुन्दर र योजना बद्ध नगर प्रशासन हस्तान्तरण गर्छौं

*तुलसीपुर उपमहानगरपालिकामा जनप्रतिनिधि आएको चार वर्ष पूरा भएको छ । पहिलो पटक स्थापित नयाँ संरचनामा आउँदा त्यसलाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने कुरा चूनौतीपूर्ण थियो । देश संघात्मक संरचनामा गएपछि अधिकार प्राप्त संरचनालाई साँच्चिकै सरकारकै रूपमा स्थापित गर्ने चूनौतीलाई पार गर्दै पहिलो पटक निर्वाचित जनप्रतिनिधिहरूले चार वर्ष पार गरे । नयाँ संरचना, सीमित संरचना, जनशक्ति तर विधि पद्धतिको विकास र जनताको विकासको आकांक्षा पूरा गर्ने चुनौतीपूर्ण कार्यलाई कसरी सामना गर्नुभयो ? यसैसन्दर्भमा पत्रकार जे.एन.सागरले नगरप्रमुख घनश्याम पाण्डेसँग गर्नुभएको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ ।*

☞ **चारवर्षे कार्यकाल फर्केर हेर्दा कस्तो देखिन्छ ?**

तुलसीपुर उपमहानगरपालिकामा हामी निर्वाचित भएर आउँदा जे प्रतिबद्धता व्यक्त गरेका थियौं, जसरी तुलसीपुरको विकासको खाका कोर्नका लागि मत मागेका थियौं सोहीअनुरूप नै काम पनि गरेका छौं । हामी आउँदा तुलसीपुर उपमहानगरपालिकामा बोर्ड थियो, साविकको नगरपालिकाको कार्यालय थियो । त्यो भन्दा उपमहानगरपालिकाको कुनै पनि संरचना, कानुन, जनशक्ति र नगरको भावी योजना पनि थिएन । हामीले नेपालको संविधान र हामीले निर्वाचनमा गरेका प्रतिबद्धतालाई आधार मानेर काम गर्न थालनी गरेका थियौं । आज चार वर्ष पुगेको छ । यसको मूल्याङ्कन गर्दा तुलसीपुर उपमहानगरपालिकाले गरेका काम राष्ट्रियस्तरमै पनि नमूना कामको रूपमा स्थापित भएका छन् । हामीले 'समृद्ध तुलसीपुर : सबैका लागि, सधैंका लागि' बनाउने रणनीतिका आधारमा दीर्घकालीन रणनीति, आवधिक गुरूयोजना, सडक यातायात गुरूयोजना, आर्थिक विकास गुरूयोजनाजस्ता महत्वपूर्ण योजनासमेत निर्माण गरेका छौं । जसले भोलिका दिनमा आउने जनप्रतिनिधि, कर्मचारी जो कोहीलाई पनि कहाँबाट यात्रा गर्ने भन्ने समस्या पर्दैन ।

त्यो दस्तावेजका आधारमा दीर्घकालीन रणनीति, सोच र उपमहानगरपालिकाको आवधिक गुरूयोजना र क्षेत्रगत योजना वा काम प्रारम्भ गऱ्यो भने अघि बढ्न सकिन्छ ।

हामी निर्वाचित हुँदा तुलसीपुर उपहानगरपालिकाको पहिचान र त्यतिबेलाको अवस्था जर्जर थियो । आर्थिक स्रोतका हिसाबले पनि र जनशक्तिका हिसाबले पनि अत्यन्त कमजोर अवस्थामा थियो । हामीले कार्य थालनी गरेपछि तुलसीपुर उपमहानगरपालिका नेपालको उत्कृष्ट रणनीति, योजना र विकासमा सफल भएको भन्दै नगर विकास कोषको तर्फबाट २ सय ६३ वटा पालिकामध्ये हामीले उत्कृष्ट पालिकाको रूपमा राष्ट्रिय सम्मान पनि प्राप्त गर्‍यौँ । राष्ट्रिय युवा परिषद्बाट हामीले युवामैत्री पालिकाकोरूपमा लुम्बिनी प्रदेशको उत्कृष्ट पालिकाको रूपमा छनौट भएर हामीले पाँच लाख रूपैयाँ थप अनुदान प्राप्त गरेका छौँ । दाङ जिल्लाका दसवटा पालिकाहरूमध्ये जिल्ला समन्वय समितिले विकास निर्माणको व्यवस्थापन, रणनीति, योजना र कार्यक्रमका हिसाबले मूल्याङ्कन गरेर तुलसीपुर उपमहानगपालिका उत्कृष्ट भएको सम्मान प्राप्त गरेका छौँ । त्यसैगरी अरू संघसंस्थाहरू नेपाल नेत्रज्योति संघले आँखा उपचारमा हामीले गरेको पहललाई राष्ट्रियरूपमै इनोभेटिभ कार्य भन्दै सम्मान गरेको छ । हामीले लिएको पहललाई देशव्यापी बनाइँदैछ । यस्ता धेरै नमूना कार्य छन् र यसले तुलसीपुर उपहानगरपालिकातर्फबाट हामीले उत्कृष्ट काम गरेका छौँ भन्ने पुष्टि गर्छ ।

☞ **अब त चुनाव आउने होला, बाँकी कार्यकालको प्राथमिकता के हो ?**

अहिलेको प्राथमिकता भनेको कोरोना महामारीबाट थिलोथिलो भएको अर्थतन्त्रलाई उकास्ने र कोरोनाको तेस्रो भेरियन्टको जोखिम छ त्यसलाई मध्यनजर गरेर काम गर्ने हो हामीले । कार्यकालको पाँचौँ वर्षको योजना के छ भने नेपालमा पहिलो पटक हामीले पालिकाको आफ्नो हस्पिटल हुनुपर्छ भनेर हस्पिटल सञ्चालन गर्‍यौँ । केही महिना अघिमात्रै संघीय सरकारले पनि देशभर ३ सय बढी हस्पिटलको शिलान्यास गरेको छ । पालिकाको आफ्नै हस्पिटल हुनुपर्छ भन्ने कुरा हामीले नै महसुस गराएको हो । त्यस्तै हरेक वडामा स्वास्थ्य संस्था नेपालमा हामीले नै सुरू गरेको हो । अब आधारभूत वार्ड हस्पिटल चाहिन्छ भनेर हामीले सुरू गर्दैछौँ । यसैवर्ष हामीले तुलसीपुरका १९ वटै वडामा पाँच वेडका आधारभूत अस्पताल सुरू गर्छौं । हामीले तुलसीपुर मेट्रो कलेज/तुलसीपुर बहुप्राविधिक शिक्षालय सञ्चालन गरिसक्यौँ । अब हामीले १९ वटै वडामा कृषि तथा पशुपंक्षी इकाई

> **“ ९ सय घरको खरको छानो हटाएर टिन लगाइदिएका छौँ, जनताले टिन पाउँदा खुशी हुन्छन् । चार हजारभन्दा धेरै सुत्केरीले भत्ता पाइसके उनी पनि खुशी हुन्छन् । हरेक वर्ष ज्येष्ठ नागरिकलाई सम्मान गर्छौं उनीहरू पनि खुशी हुन्छन् । सबैलाई खुशी बनाउने भनेको समावेसी विकासको अवधारणा हो । संघीयताको अवधारणा हो । ”**

स्थापना गर्छौं । र तुलसीपुर मेट्रो कृषि तथा पशुपंक्षी हस्पिटल पनि यो वर्ष बनाउछौँ । हामीले बाटो कालोपत्रे गर्ने, खानेपानीका धारा विस्तार गर्छौं । आ.व. ०७८/७९ बाट तुलसीपुर उपमहानगरका सामुदायिक विद्यालयमा अध्ययन गरेका छोरीहरूले तुलसीपुर उपहानगरपालिकाभित्र सामुदायिक क्याम्पसहरू, प्राविधिक शिक्षालयहरूमा पढनु पऱ्यो भने एक पैसा पनि तिर्नु पर्दैन । ती छोरीहरूले सिधै डिग्री पास गरेर प्रमाणपत्र बोकेर जान्छन् । यसअघि पनि छोरीहरूका लागि, अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गरेका छौँ । त्यसैले विकासका नयाँ नयाँ काममा हाम्रो ध्यान हुन्छ । जस्तो कृषिका हिसाबले

भन्नुहुन्छ भने हामीले बिउको स्रोतकेन्द्र केही समयमै उद्घाटन गर्दैछौँ । दाङमा बिउबिजनको समस्या छ । हामीले दाङलाई नै धान, मकै, गहुँलगायतको बिउमा आत्मनिर्भर बनाउछौँ । खाद्यान्न उत्पादन, दही, दूधमा आत्मनिर्भर छ तुलसीपुर उपमहानगरपालिका । जब कि हामी आउँदा २० प्रतिशत अपुग थियो । त्यसैगरी अब बिउबिजनमा पनि तुलसीपुरलाई आत्मनिर्भर बनाउन ७० लाखको कार्यक्रम सञ्चालन गर्दैछौँ । त्यसैगरी रोजगारीका निम्ति एकैचोटी ५ सय भन्दा बढी लघुउद्यमहरू सुरू गर्दैछौँ । चप्पल बनाउने, केक बनाउनेदेखि ढकिया, बाँसको सामग्री बनाउनेजस्ता उद्यम छन् जसको बजारीकरणसमेत हामीले गर्दैछौँ । जुन आर्थिक विकासको कार्ययोजनाअनुसार गर्छौं । त्यस्तै ठूला आयोजनाका लागि पनि जस्तै केबुलकारका निम्ति साझेदार संस्था खोज्ने, दाङको टरिगाउँ विमानस्थलमा अन्तर्राष्ट्रियस्तरको पाइलट एकेडेमी अर्थात फ्लाइङ स्कुल सञ्चालन गर्ने, नेपाल संस्कृत विश्वविद्यालयसँग सहकार्य गरेर प्राविधिक विषयमा अध्यापन गराउने, हस्पिटलहरूको स्तरोन्नति गर्नेजस्ता कामहरू गर्दैछौँ । तुलसीपुर भन्ने बित्तिकै हरेक मान्छेको दिमागमा के बसोस् भने यो एउटा पर्यटकीय गन्तव्य हो । कृषि, पशुपंक्षीमा आत्मनिर्भर भएको पालिका हो । यो शिक्षा र स्वास्थ्यको हव हो । यो एउटा खेलकूदको हव हो भन्ने कुरा हरेक मान्छेलाई अनुभूति हुनेगरी काम गरेका छौँ । हामीले पूर्वाधार, जनशक्ति, स्मार्ट सिटीको कार्ययोजनाअनुसार कार्यान्वयन गर्नेगरी काम अघि बढाएका छौँ । अब पनि त्यहितर्फ नै हुनेछ ।

**☞ धेरै योजना सुनाउनु भयो तपाईंहरुकै कार्यकालमा त्यस्तो अनुभव गर्न पाइएला ?**

यो कुरा कोरोना महामारीमै भरपर्छ । महामारी कम भए यी सबै योजनाले छिटो पूर्णता पाउँछन् । दुईवर्ष हामी निरन्तर कोरोनाको चपेटामा पर्‍यौं । त्यसकै कारण कतिपय योजनाहरूलाई परिवर्तन गर्नुपर्‍यो । तर स्वास्थ्य सेवामा हामी ग्यारेन्टी गर्छौं अब तुलसीपुरमा नेपालको आधुनिक प्रविधिबाट दिन मिल्ने उच्चतम सेवाहरू यहाँ सुरू हुन्छ । आँखाको, आयुर्वेदको, अरू सामान्य चिकित्सा सेवाको नमूना सेवाको सुरू भइसकेको पनि छ । हामीलाई अलिकति समस्या पार्ने भनेको पूर्वाधार निर्माण, कोरोना भइरह्यो भने स्मार्ट सिटीको कार्ययोजना निर्माण गर्ने जुन जमघट भएर गर्नुपर्ने कामहरू हुन्छन् त्यो काम गर्न कठिनाइ हुने देखिन्छ ।

**☞ तपाईहरु चुनावी सरकारजस्तै भइसक्नु भो अरू आग्रह पूर्वाग्रहले काममा बाधा त आउँदैन नि ?**

आग्रह पूर्वाग्रहको समस्या हुँदैन । मलाई त्यस्तो लाग्दैन । मुख्य समस्या भनेकै संघीय सरकारले नै मध्यावधि चुनाव घोषणा गरेकाले आचारसंहिताले कतिपय काममा बाधा आउँछ नै । त्यतिमात्रै होइन हामीले पनि हाम्रो जनशक्तिलाई निर्वाचनमा परिचालन गर्नुपर्छ । जसले गर्दा दीर्घकालीन महत्वका कुराहरू र कतिपय कुराहरू आगामी नेतृत्वले पनि आफ्नो सोचअनुसार ल्याउनुपर्ने हुनाले कतिपय कुराहरूलाई हामीले मध्यनजर गर्नुपर्छ । तर हामी निर्वाचित भएर आउँदा कर्मचारी नभएको अवस्था, समायोजन भएर आउने कर्मचारी कोठा नभएर कहाँ बस्ने भन्ने अवस्था, कुन ठाउँबाट कुन योजना सुरू गर्ने भन्ने टुंगो नभएको अवस्थाबाट यहाँ आइपुग्यौँ । अब सहज ढंगले व्यवस्थापन गर्‍यौं भने सहर दिगो बन्ने अवस्था छ । जस्तो स्मार्ट सिटीको कार्ययोजना छ हामीसँग, सघन सहरीको कार्ययोजना छ । कृषि र आर्थिक विकासको कार्ययोजना हामीसँग छ । अब त्यो कार्ययोजना पल्टाएर काम सुरू गरियो भने समस्या हुँदैन । आउने ३० वर्षका लागि त्यसले मार्गदर्शन गर्नेछ । त्यसलाई पछ्याउने हो भने जो कसैले यहाँ आउँदा बित्तिकै स्मार्ट तुलसीपुर हो भन्ने महसुस गर्छ र त्यो सम्भव छ ।

**☞ तर सबैलाई खुशी बनाउँदा काम पूरा हुँदैन भन्ने आरोप छ नि तपाईमा ।**

कुन आशयले भनियो त्यो कुरा भन्नेलाई थाहा होला तर एयरपोर्ट बनाउने काम सुरू भयो, त्यसको हरेक वर्ष स्तरोन्नति गर्नुपर्छ नै । आज काम सकियो ताला लगाइदिउँ भन्ने हुँदैन । बसपार्क बन्यो त्यसमा पनि अरू केही थप्नुपर्छ नै । मलाई त त्यस्तो लाग्दैन योजना अधुरा छन् भनेर । मैले सुरू गरेको कुन काम अधुरो रह्यो भन्ने हो भने मैले हजार किलोमिटर सडक कालोपत्रे गर्ने कामको आरम्भ गऱ्या थिएँ । हामी निर्वाचिन भएर आउँदा तुलसीपुरमा २७/२८ किलोमिटर सडक कालोपत्रे थियो, जब कि यो स्थापना भएदेखि हालसम्म । तर हामी आएको चार वर्षमा १ सय ५० किलोमिटरभन्दा बढी सडक कालोपत्रे भएको छ । तर एक हजार किलोमिटर पुग्न त समय लागि हाल्छ नि । खानेपानीमा पनि हामी आएपछि ५ हजार घरधुरीमा धारा पुगेको छ । अझै थपिन्छ । हामीले वर्गीयरूपले हेरेका छौँ । ६ सय घरको खरको छानो हटाएर टिन लगाइदिएका छौँ । जनताले टिन पाउँदा खुशी हुन्छन् त राम्रै कुरा होइन र ? चार हजारभन्दा धेरै सुत्केरीले सुत्केरी भत्ता पाइसके उनी पनि खुशी हुन्छन्, किन खुशी भइस भन्ने त ? हरेक वर्ष ज्येष्ठ नागरिकलाई सम्मान गर्छौं उहाँहरू पनि खुशी हुनुहुन्छ । सबैलाई खुशी बनाउने हो । त्यो भनेको समावेशी विकासको अवधारणा हो । संघीयताको अवधारणा हो ।

☞ **आफैलाई राम्रो लागेको काम के छ ?**

त्यस्ता दर्जनौं काम गरेका छौँ । २०७४ सालभन्दा अघि तुलसीपुरमा प्राविधिक शिक्षालय थिएनन् । पढ्नका लागि बाहिर जानुपर्थ्यो । आज १० वटा प्राविधिक शिक्षालय छन् । विश्वविद्यालयसँग सहकार्य गर्ने नेपालको पहिलो पालिका हो तुलसीपुर । एलएलबीसम्म पढाइ सुरू गरेका छौँ त्यो मास्टर्ससम्म पुग्छ । हामीले विद्यालयमा स्यानेटरी प्याड वितरण सुरू गऱ्यौं सरकारले दशैभरी लागु गऱ्यो । हामीले विद्यार्थीलाई खाजा खुवाउन सुरू गऱ्यौं सरकारले पनि देशभरी सुरू गऱ्यो । हामीले खरको छानो विस्थापन गर्न सुरू गऱ्यौं सरकारले पनि देशैभरी त्यो काम सुरू गऱ्यो । श्रम बैंकको अवधारणा हामीले ल्यायौं पछि सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम र अहिले श्रम बैंकको अवधारण ल्याएको छ । हामीले तरकारी बजार, अटोभिलेज, बसपार्क निर्माण गरेका छौँ यी जति पनि काम छन् त्यसले राष्ट्रिय महत्वकारूपमा स्थापित भएको छ । भोलिका दिनमा कसैले छोड्छु भन्न सक्दैन । जस्तो स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी, सुत्केरी भत्ताको कुरा छ । वडा हस्पिटल, नगर हस्पिटलको कुरा छ । हामीले कृषि तथा पशुपंक्षी हस्पिटलको कुरा गरिरहेका छौँ अहिलेसम्म कसैले तयार गरेको छैन । एकृकीतरूपमै यस्ता काम गरिरहेका छौँ । मेघा विद्यालयको अवधारणामा काम गऱ्यौँ । एक हजारजना भन्दा कम हुने विद्यालय आज २३ सय भन्दा बढी विद्यार्थी छन् । अलिकति पछि परेको भनेको कार्ययोजना स्मार्ट सिटी नै हो । जुन परियोजनाका लागि ७५ करोड दिनेमा ७५ लाख दिन्छ । अहिले एक अर्ब दिने कुरा प्रधानमन्त्रीसँग भएको थियो फेरि सरकार जिकज्याक भइरहेको छ ।

☞ **बाँकी कार्यकालका प्राथमिकता के छन ?**

उद्योगग्राम अब सुरू गर्छौं । कोरोनाका कारणले ढिला भएको हो । त्यसको डिपीआर तयार भइसकेको छ । १ सय २ वटा उद्योग एउटै स्थानमा स्थापना गर्छौ । बहुउद्देश्यीय भवनका लागि ट्रेड टावर निर्माण हुन्छ । एग्रो मिटमार्टको कुरा पनि छ यी सबै कुराहरू प्राथमिकतामा छन् ।

☞ **नेतृत्व सम्हाल्दा बोर्डमात्रैजस्तो थियो भन्नुभयो, हस्तान्तरण कस्तो बनाएर गर्नुहुन्छ ?**

एउटा सुन्दर र योजनाबद्ध नगर प्रशासन हस्तान्तरण गर्छौं हामी । जुन व्यवस्थित हुनेछ । जसले काम गर्नका लागि ऐन, विधि, कानुनहरूमा टेकेर काम गर्छ । अव्यवस्थाका बीचमा सुरू गरेको उपमहानगरलाई व्यवस्थितरूपमा हस्तान्तरण गरेर बिदा हुन्छौँ । अर्को हिसावले भन्दा सुन्दर संसार, सुन्दर घर, सुन्दर संरचना हस्तान्तरण गर्नेछौँ ।

# वडाका ४ वर्ष

## परिवर्तन हुनेगरी काम गरेका छौं



**लक्ष्मण भण्डारी**
**अध्यक्ष, वडा नं. १**

हामी आइसकेपछि थुप्रै विकास निर्माणका काम भएका छन् । विद्युत नपुगेको ठाउँ बयाले, दमारगाउँ, ठाँटीगाउँ र काठेखोलीसम्म विद्युतु विस्तार भएको छ भने वडाको च्युरिकाबुटादेखि मख्खनटाकुरी हुँदै सल्यानको लुहामसम्म सडकको नयाँ ट्रयाक खोलेका छौं । त्यस्तै कोइलाखानीदेखि अविधारा हुँदै शान्तिनगरको बाघखोर स्कुलसम्म लगायत दर्जनौँ नयाँ ट्रयाक खोलिएका छन् । यसैगरी झरना टोल विकास संस्थाको फूर्सामाटादेखि चूरीडाँडा हुँदै सल्यानीडाँडासम्म नयाँ ट्रयाक निर्माण गरिएको छ भने वडाको विभिन्न स्थानमा पाँच हजार ८ सय मिटर सडक नाला निर्माण गरिएको छ । भगवती टोल विकास संस्थाबाहेक अन्य २० टोलमा एक घर एक धारा पुगेको छ । टेलिकमको टावर निर्माण गरिएको छ । ज्येष्ठ नागरिक भवन, योगा भवन, वडा भवन, उत्तरकुमार बाटिका, मनकामना मन्दिर भवन निर्माणजस्ता कामहरू भएका छन् ।

वडाको छोटे कुलो सिंचाई कुलो, सिरकट्टी सिंचाई कुलो पक्की निर्माण भएको छ । वडाको गौरवको आयोजना मदन भण्डारी खेलमैदान निर्माणको चरणमा छ । वडाका २१ टोलमध्ये १८ टोलमा खरको छानो बिस्थापित गरेका छौं भने सामुदायिक विद्यालयमा भौतिक संरचना निर्माण भएका छन् । कुमालगाउँमा स्वच्छ पिउने पानीसहित पर्खाल निर्माण भएको छ भने लक्षित वर्गहरूको उत्थान र हितका लागि भन्दै उन्नत जातका बंगुर र बाख्राका पाठापाठी वितरण तथा युवा एवं बालवालिकालाई खेलकूद सामग्री वितरण गरिएको छ । कृषितर्फ कृषकहरूलाई स्प्रे टंकी, बीउबिजन, आधुनिक कृषि सामग्री वितरण, बेमौसमी कृषि खेतीका लागि कृषकहरूलाई तालिम तथा टनेल वितरण, कृषकहरूलाई फलफूल खेतीमा आकर्षण गर्ने उद्देश्यले विभिन्न जातका फलफूलका बिरूवा वितरण गरिएको छ । हामीले वडामा धेरै परिवर्तन हुने गरी काम गरेका छौं ।

## भौतिक संरचना निर्माणमा धेरै काम भएको छ



**राजु आचार्य**
**अध्यक्ष, वडा नं. २**

हामीहरूले काम गरेकामध्ये उपलब्धीका रूपमा आफ्नै वडाभवन निर्माण गरेका छौं । सुविधासम्पन्न वडा भवन निर्माण हुँदा व्यवस्थित रूपमा कार्यालय सञ्चालन र कर्मचारीको व्यवस्थापनसँगै सेवाग्राहीलाई सेवाप्रदान गर्न सहज भएको छ । वडाका विभिन्न ठाउँमा गरेर ५ किलोमिटर सडक पक्की बनाएका छौं । दुई किलोमिटर सडकमा पक्की नाला निर्माण गरेका छौं ।

वडामा नगर स्वास्थ्य केन्द्रको आफ्नै भवन निर्माण गरेर स्वास्थ्य सेवा प्रवाह गरेका छौं । कुमालगैरी, नन्द्रागाउँलगायका स्थानमा सडक स्तरोन्नति गरेका छौं । सडकमा ग्राबेल र ट्रयाक खोल्ने काम पनि भएको छ । विद्युत विस्तार, महिला,

बालिका र अपाङ्ग लक्षित कार्यक्रमहरू सञ्चालन गरेका छौँ । खानेपानीका लागि डिप बोरिङ निर्माण गरेका छौँ । विद्यालयमा भौतिक संरचना निर्माण गरिएको छ ।

## विपन्नको घरमा जस्ताको छाना हालेका छौँ



**ध्रुव राना**
**अध्यक्ष, वडा नं. ४**

भौगौलिक दृष्टिकोणले विकट मानिने ४ नं. वडामा सडक कालोपत्रे, स्तरोन्नति, सुविधा सम्पन्न हेल्थपोष्ट निर्माण गरेका छौँ । चेमेरे गुफाको विकास, सल्यान जोड्नेगरी कपुरकोटको सिमानासम्म वैकल्पिक मार्गका रूपमा नयाँ ट्र्याक खोलिएको छ ।

हलवारदेखि खुमखानीसम्म सडक निर्माण भइरहेको र यसैवर्ष खुमखानीसम्म बाटो पुऱ्याउने लक्ष लिएको छु । मुलकोट खानेपानी, मजुवा खानेपानी, हवलार खानेपानी योजना सम्पन्न भएका छन् । राप्ती आँखा अस्पतालमा तुलसीपुर उपमहानगरपालिकाको सहयोगमा ओपिडी भवनको काम भएको छ ।

गुरूजजुर मावि रक्षाचौरमा प्राविधिक शिक्षा, त्यसैगरी खाद्रे स्कुलमा अमिन विषयका प्राविधिक शिक्षाको पढाइ सुरू भएको छ । मेयर आवास कार्यक्रम अन्तर्गत करिव तीनसय घरको खरको छानो हटाएर टिनको छानो लगाइएको छ । विभिन्न सीपमूलक तालिम सञ्चालन गरेर रोजगारीका अवसर सिर्जना गरिएको छ । हामीले जनताका अपेक्षाहरू अधिकांश पूरा गरेका छौँ ।

## वडालाई बालश्रममुक्त बनायौं




**नवराज लामिछाने**
**अध्यक्ष, वडा नं. ६**

पहिलो कुरा सेवालाई छिटो छरितो बनाएका छौँ । पहिलो वर्षमा अहिलेको प्रविधिलाई प्रयोग गरेर भौतिक पूर्वाधकारको विकासमा जोड दियौं । पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षको अनुभवले पूर्वाधार विकासले मात्रै नपुग्ने भएपछि सामाजिक विकासलाई पनि सँगसँगै लैजानुपर्छ भन्ने मानवीय संसाधनको विकासलाई पनि जोड दिनुपर्छ भन्ने हिसाबले अन्य लक्षित वर्गलाई पनि समेटिएको छ ।

उदाहरणस्वरूप ६ नं. वडामा टिनको छानो लगाएर खरको छानोमुक्त पहिलो वडा बनाएका छौँ । प्रविधिको प्रयोगमा अनलाइन प्रविधिबाट राजश्व संकलन, अनलाइन काम गरिएको छ । दक्ष जनशक्तिको उत्पादन गरेका छौँ । गौरवका योजनामा १० वटा सडक कालोपत्रे, वडाभित्र भित्री र उत्तर पूर्व पश्चिम जोडिने सडक, भित्री सडकमा पनि नाला र पक्की बनाउने काम अघि बढेको छ । वडालाई बालश्रममुक्त पहिलो वडाका रूपमा घोषणा गर्न सफल भएका छौँ । गरिब परिवारलाई विद्युत मिटर निःशुल्क, किसानलाई उद्यमी बनाउने काम, लक्षित समूहलाई माग गरे बमोजिम आयआर्जनमुखी कार्यक्रमहरू उपलब्ध गराएका छौँ ।

भवनहरू बनेका छन् । केही स्वीकृत भएर अघि बढेका छन् । यो वर्ष हामी, नयाँ कुरा गर्ने सोचमा छौँ । हामी सिक्दै र गर्दै अघि बढेका छौँ । विपद जोखिमको पहिचान, कोभिड प्रभावितलाई अनुदानका रूपमा टोकन मनी दिनेछौँ । अग्नी जोखिमका लागि पनि केही कार्यक्रमहरू गर्नेछौँ ।

## अनुभूति हुनेगरी काम गर्न खोजेको छु




**टोपबहादुर के.सी.**
**अध्यक्ष, वडा नं. ७**

तुलसीपुर सल्यान सडकदेखि पार्क जाने सडक, राजपुरदेखि तमाखे हुँदै गणेशपुर जाने सडक, ग्वारखोला वसन्तापुर टोलमा जाने सडक, पर्सेनीदेखि स्वास्थ्य केन्द्र हुँदै बम्नै जाने सडक, पार्कबाट घुरसेरी जाने सडकसमेत गरेर करिब ६ किलोमिटर सडक कालोपत्रे भएको छ । वडाका विभिन्न स्थानमा कल्भर्ड र ह्युमपाइप राखिएको छ ।

त्यसैगरी शिक्षामा पनि भौतिक पूर्वाधार निर्माण, खेलमैदान निर्माण गरिएको छ भने राप्ती शान्ति उद्यानको पार्कको स्तरबृद्धि, स्वास्थ्य केन्द्रको भवन निर्माण, श्रीगैँमा व्यवस्थित योगा हल निर्माण गरिएको छ । जसले स्वास्थ्य प्रवर्द्धनमा टेवा पुगेको छ । त्यहाँ दैनिक योगाभ्यास गरिन्छ । वडामा हुने भेला र छलफल त्यही भवनमा गएर गर्न सकिन्छ ।

गैराखाली सामुदायिक भवनमा लगानी गरेका छौँ । नवलपुर, ड्वाङपुर, बुढागाउँ र पर्सेनीमा नाला निर्माण गरेका छौँ । जसले सिंचाईमा सहजता ल्याउने अपेक्षा गरेका छौँ । उल्लेखनीय र मेरो कार्यकालमा यो काम गरेँ है भनेर मलाई पनि अनुभूति हुनेगरी काम गर्न खोजेको छु भने समाज रूपान्तरका लागि सम्झनलायक काम गर्ने योजाना छ । जनताले टोपबहादुरले यो काम राम्रो गर्‍यो है भन्ने होस् भन्नका लागि गुरूकुल  र अपाङ्गहरूका लागि होष्टेल निर्माण गर्ने योजना छ ।

## बाँकी कार्यकाल अपूरा र अधुरा कामलाई पूर्णता दिने योजना छ



**बेदबहादुर के.सी.**
**अध्यक्ष, वडा नं. ८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ मा जनप्रतिनिधि भएर हामी आएसँगै धेरै परिवर्तनका कामहरू भएका छन् । जुन कामहरू प्रत्यक्ष देख्न सकिन्छ । तुलसीपुर उपमहानगरपालिका र प्रदेश सरकारसँग समन्वय गरेर वडामा ठुल्ठुला विकासे कामहरू गरेका छौँ । चार वर्षको अवधिमा भएका सयौं कामहरूमध्ये वडामा भीमसेन सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रअन्तर्गत मेट्रो हस्पिटल सञ्चालमा आएको छ । गोट्खोलीमा कृत्रिम जलाशय निर्माण गरिएको छ । अश्वाराको अन्नपूर्ण टोल, गौरी विकास र सृजना टोल, त्यसैगरी चमिखोलादेखि वडा कार्यालय जाने सडकलगायतका वडाका दर्जनौं सडक कालोपत्रे गरिएको छ ।

त्यसैगरी नयाँ सडकहरू कटान गरेर गाउँ गाउँमा मोटरबाटो लगिएको छ । कच्ची बाटाहरू ग्राबेल भएका छन् । अधिकांश सडकहरूमा पक्की नालाहरू निर्माण गरिएको छ । ज्येष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण, मेयर आवास कार्यक्रमअन्तर्गत खरको छानो बिस्थापन गरिएको छ । खानेपानीहरूमा आवश्यकताअनुसार बजेट विनियोजन गरिएको छ । विभिन्न ठाउँमा ह्युमपाइप र कल्भर्ड निर्माण गरिएको छ । आगामी योजना भनेको अब अपूरा र अधुरा कामहरू सम्पन्न गर्न सकेमा जनताको जनप्रतिनिधि भएको सार्थकता हुने थियो भन्ने लागेको छ ।

## बाँकी काम प्राथमिकतामा राखेका छौं



**घनश्याम ढकाल**
अध्यक्ष, वडा नं. ९

चार वर्षमा सबैभन्दा धेरै बाटो, पक्की नाला गर्ने, अधिकांश बाटा कालोपत्रे, १४ वटा टोलका करिब १८ सय घरधुरीलाई खानेपानीको धारा उपलब्ध गराएका छौं । दोघरे सहरी स्वास्थ्य क्लिनिकको स्तरबृद्धि, दोघरेमा रहेको आयुर्वेद औषधालयमा योगा हल निर्माण गरेका छौं । गेट र ट्याङ्की पनि निर्माण गरेका छौ ।

आयुर्वेदमा दोघरे स्कुलको भवन निर्माणको लागि टेण्डर आह्वान गरेका छौं । २० कोठाको फ्ल्याट सिस्टमको भवन बन्दै छ । पातुखोला तटबन्धन ८ देखि ६ को सीमाना सबैमा आरसिसी वाल सम्पन्न भएको छ । ग्रिनपार्क, नवदुर्गा सामुदायिक वनमा मास्टर प्लान निर्माण भएको छ । कट्‌कुइयाँमा पक्की नाला, सल्ली वनमा रहेको स्कुलको छानामा टिन, पर्खाल, गेट र शौचालय र पूर्वाधार सबै व्यवस्थापन गरिएको छ ।

मठ मन्दिरलाई तारजाली र संरक्षणको काम भएको । ज्येष्ठ नागरिक, अपाङ्ग, महिला, दलित बालबालिका, जनजातिको क्षेत्रमा समानुपातिक ढंगले काम भएको छ । आगामी वर्षमा भने विशेष गरेर आगामी चार वर्षमा पूरा गर्न नसकेका कामलाई प्रथामिकतामा राखेर विद्युतीकरण, बजेटमा ध्यान केन्द्रित गरेर काम गर्छौं ।

चुनावमा हामीले गरेका प्रतिबद्धतालाई पूरा गर्नेतर्फ हामी सचेत छौं । त्यसका लागि योजना र कार्यक्रमहरू ल्याएका छौं ।

## टोल टोलमा सडक पुऱ्याएका छौं



**कुमार लामिछाने**
अध्यक्ष, वडा नं. १०

चारवर्षको अवधिमा वडाभित्र विभिन्न कामहरू भएका छन् । कृषिका कामहरू गरेका छौं । किसानहरूलाई सुविधा पुगोस् भनेर कुला, नहर बनाएका छौं । यातायात सुविधाका लागि प्रत्येक गाउँटोलमा बाटो बिस्तार, स्तरोन्नति र कालोपत्रे गरेका छौं ।

शिक्षाको क्षेत्रमा विद्यालयमा भवन र पर्खाल निर्माण, सरकारी विद्यालयमा विद्यार्थीको संख्या बढाउन प्रोत्साहनका लागि खाजाको व्यवस्था गरेका छौं । स्वास्थ्यमा ल्याब सञ्चालनमा ल्याएका छौं । जसले गर्दा जनताले सहजरूपमा वडामै ल्याव सेवा पाएका छन् । उनीहरूलाई ल्याबकै लागि तुलसीपुर जानु पर्दैन । जहाँ बत्ती पुगेको छैन त्यहाँ विद्युत विस्तार गरेका छौं । थुप्रै काम भएका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचीकृत बेरोजगारहरूलाई १०० दिनको रोजगारीमा समावेश गरी रोजगारी मिलेको छ । मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमअन्तर्गत सीप सिक्न चाहनेहरूका लागि निःशुल्क सीपको व्यवस्थाका साथै व्यवसाय सुरूवातका लागि आवश्यक सामग्री समेत वितरण गरेका छौं ।

अब बाँकी रहेको एकवर्षे कार्यकालमा जनताका अपेक्षाहरू पूरा गर्न निरन्तर लाग्नेछौं । आउँदो आर्थिक वर्षमा अपूरा रहेका योजनाहरू पूरा गर्नतर्फ लाग्नेछौं । विकास एकै ठाउँमा भन्दा पनि आवश्यकताका आधारमा गरिरहेका छौं । हामीले सबै क्षेत्रलाई उत्तिकै स्थान दिएका छौं ।

## जहाँ आवश्यकता त्यहाँ विकास गर्दैछौं



**चित्रबहादुर वली**
**अध्यक्ष, वडा नं. ११**

सिंहदरबार गाउँमा आयो भन्ने जुनखालको नारा थियो त्यो अनुसारको काम पूरा भएन । जनताको अपेक्षा र चाहनाअनुरूप काम गर्न सकिएन । तैपनि हामी आएपछि इमान्दारीपूर्वक काम गरेका छौं ।

जस्तै उरहरी स्कुलको जीर्ण भवन मर्मत, अमर माविमा भेटरेनरीका लागि भवन निर्माण, बालबालिका खेल्नका लागि चिल्ड्रेन पार्क, वडामा सभाहल निर्माण भएको छ । सुकौराको स्कुलमा तार जाली लगाउने काम भएको छ । आँखा शिविर, १६ वटा वडामध्ये सबैभन्दा पहिला ल्याब सञ्चालनमा ल्याएका छौं । महिला लक्षित कार्यक्रमका लागि गुडिया, अचार, होजेरी, साबुन बनाउने तालिम सञ्चालन गरिएको छ भने पूर्वाधारतर्फ सडकको ट्र्याक खोल्ने, ग्राबेल गर्ने गरेका छौं ।

झण्डै साढे तीन किलोमिटर सडक कालोपत्रे गर्नका लागि अन्तिम चरणमा छ । खानेपानीका लागि खानेपानी टयाङ्की, कुवाँ, निर्माण गरेका छौं भने ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण गरेका छौ । गाउँ-गाउँमा विद्युत पोल विस्तार गरेका छौं । खेलकूद मैदान निर्माण गरेका छौं ।

आगामी वर्षमा राजनीतिक पूर्वाहग्रह विना समानुपातिक रूपमा विकास गर्ने सोच बनाएको छु । जहाँ आवश्यक छ त्यहाँ विकास गर्ने तयारी गरेका छौं । जनताको आवश्यकता पूरा गर्नु नै हाम्रो दायित्व हो । जनताको प्रतिनिधि भइसकेपछि सबै जनताप्रति उत्तरदायी भएर काम गरिराखेका छौं ।

## भौतिक पूर्वाधार विकास र कृषिलाई प्राथमिकता दिएका छौं



**सूर्यबहादुर डाँगी**
**अध्यक्ष, वडा नं. १२**

वडामा मेट्रो कलेज, कौवपुरदेखि क्वाडीसम्म सडक कालोपत्रे, कौवापुरदेखि हरिपौरी, पुकार पसलदेखि भोजपुर जाने सडक, पुकार पसलदेखि अभयमार्ग जोड्ने सडक, राप्ती बबईदेखि ग्वारखोलासम्मको सडक कालोपत्रे, कचिला, क्वाडी, रफेनी, कपडादेवी, स्ल्याबहरू कति ठाउँ हालियो गनीसाध्य छैन ।

पशुपति माविमा पर्खाल निर्माण, महेन्द्र माविमा दुईकोठे भवन, वडामा स्वास्थ्य केन्द्र स्थापना, ज्येष्ठ नागरिकलाई घरमै पुगेर नगर स्वास्थ्य परामर्श, समाजिक सुरक्षा भत्ता वितरण तथा जाँच गरिएको छ । सिंचाई कुलो पक्की गरिएको छ । कचिलालाई कृषि गाउँ घोषणा गरेर बबईबाट लिफ्ट सिंचाई योजना सम्पन्न भएको छ । व्यवसायिक पशुपालक किसानलाई प्रविधि हस्तान्तरण, भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको छ । ग्वारखोलामा तटबन्धन गरिएको छ । आगामी योजना किसानहरूलाई आत्मनिर्भर बनाउन कृषि क्षेत्रलाई प्रोत्साहन दिने, व्यवसायीक तरकारी खेती, पशुपंक्षी पालनलाई विभिन्न प्रविधि हस्तान्तरण गर्ने । गरिब तथा विपन्न वर्गलाई जीवीकोपार्जनका लागि तालिम तथा उनीहरूले गर्न चाहेको व्यवसायलाई प्रोत्साहित गर्ने लगायतका योजना छन् ।

पालिकाबाट मात्र नभएर संघीय सरकार, प्रदेस सरकारबाट समेत वडाको विकासका लागि बजेट विनियोजन गर्न सफल भएका छौं । आउँदो आर्थिक वर्षमा हाम्रो वडामा थप गौरवका योजनाहरू कार्यान्वयन हुनेछ त्यसको प्रत्याभूति जनताले गर्न पाउनेछन् ।

## किसान लक्षित काम गर्दैछौं



**विनोद पाण्डे**
का.वा.अध्यक्ष,
वडा नं. १३

सिँचाइका लागि मोटर तथा स्यालो ट्यूबेल बनाएका छौँ । पाँच बेडको अस्पताल निर्माण । खानेपानीका लागि बराहखुटी, रनियापुर, गिधनीया, ढकना र दमारगाउँमा खानेपानीको व्यवस्थापन गरेका छौँ । खोलाहरूमा पुल निर्माण गरेका छौँ । बखरेदेखि ढकनासम्म र बखरेदेखि झरना सामुदायिक वनसम्म कालोपत्रे बन्दैछ ।

राप्ती राजमार्गदेखि गिधनीयासम्म पनि कालोपत्रे गर्ने तयारी छ। राप्ती राजमार्गदेखि पनालीबोटसम्म ग्राबेल गरेका छौँ । प्रत्येक ठाउँमा ट्र्याक खोल्ने काम भएको छ । अकमी मटेरादेखि बाख्रे हुँदै महेन्द्र हाइवेसम्म बाटो खोल्ने तयारी गरेका छौँ । खानेपानीका कुवाहरू धेरै नै बनाएका छौँ । मेयर आवास कार्यक्रमअन्तर्गत वडामा एक सय ५० घरधुरीलाई जस्ताको पाता वितरण गरेका छौँ । संघीय सरकारबाट अकमी मटेरादेखि बाख्रे हुँदै महेन्द्रहाइवे जोड्नका लागि पनि बाटो विस्तार भइरहेको छ ।

हाम्रो मुख्य उद्देश्य भनेको वडाको आफ्नै भवन, चार वटा स्कुल र स्वास्थ्य चौकीलाई व्यवस्थित गर्ने, राप्ती राजमार्गदेखि पनालीबोटसम्म सडक कालोपत्रे, सिँचाइका लागि साना ट्यूबेल निर्माण गर्ने र स्थानीय खोलामा पुल निर्माण गर्ने लक्ष्य छ । स्थानीयस्तरमै रोजगारीका लागि प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत करिब १०० जनालाई १०० दिनको रोजगारीमा आबद्ध गराएका छौँ । जसमा स्थानीय कामदारहरूबाट उत्साहजनक काम भएको छ ।

## कृषि क्याम्पस चलाउने योजना छ



**पर्शुनारायण चौधरी**
अध्यक्ष, वडा नं. १४

सिँचाइमा देखिनेगरी परिवर्तन भएको छ । मुख्य सडक १२ मिटर र सहायक बाटोमा ८ मिटरको बनाइएको छ । जहाँ दुईवटा गाडीसँगै गुड्न सक्छन् । ९९ प्रतिशत कटिङ्को काम सम्पन्न गरिसकेका छौँ । आगामी दिनमा आउने जनप्रतिनिधिलाई समेत काम गर्न सजिलो हुनेगरी काम गरेका छौँ ।

वडाको आफ्नै भवन बनाएका छौँ । कहाँ बसौँ, टेबुलकुर्सी कहाँ राखौ भन्ने अवस्था छैन । वडाको भवनमा पर्खाल निर्माण र शिक्षामा कृषि क्याम्पस स्थापना गर्ने सोच छ । हाम्रो वडामा अधिकांश किसानहरू भएकोले अन्य वडालाई पनि पायक पर्ने भएकाले क्याम्पस खोल्न पाए हुन्थ्यो भन्ने छ । पहिलादेखि नै सोचेको र जग्गा पनि पर्याप्त भएकाले यो सञ्चालन गर्न पाए हुने थियो भन्ने लागेको छ ।

व्यवसाय सुरूवात गर्न चाहनेहरूका लागि नगरपालिकासँग समन्वयगरी सीप विकाससँग जोड्ने काम भएको छ । स्थानीयस्तरमै रोजगारीका साथै स्वरोजगार सिर्जना हुनेखालका कार्यक्रमलाई हामीले प्राथमिकता दिएका छौँ । हाम्रो वडाका अधिकांश किसानहरू कृषि पेशामा आश्रित भएको हुँदा कृषि उत्पादनलाई बढावा दिई किसानहरूको आयस्रोतमा बृद्धि गर्ने योजना रहेको छ । उन्नतखालका बीउबिजनहरू वितरणका साथै उत्पादित वस्तुहरूको बजारीकरणमा सहजता ल्याउने प्रयास निरन्तर भइरहेको छ । विकासका कामहरू सदैव हाम्रो प्राथमिकतामा रहेका छन् । आगामी वर्ष सोही बमोजिम काम हुनेछ ।

## विकासका काम भइरहेका छन्



**लक्ष्मण चौधरी**
**अध्यक्ष, वडा नं. १५**

धमकापुर, भोजपुर, पहरूवा, पारगनार, कन्जवारमा कुलो निर्माण, विद्यार्थीहरूलाई पोशाक वितरण, स्वास्थ्यमा अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिन्डर खरिद, निःशुल्क आँखा स्वास्थ्य शिविर, राहत वितरण, मास्क वितरण, सिँचाइ, शिक्षा, स्वास्थ्यमा व्यापक सुधार ल्याउने योजना छ । अरू विकासका नियमित कामहरू गरिएको छ । अझै त्यस्ता कामलाई निरन्तरता दिने योजना छ ।

## जनताको आवश्यकतालाई ध्यान दिएका छौं



**भूपबहादुर के.सी.**
**अध्यक्ष, वडा नं. १६**

हामी आएपछि धेरै विकासहरू भएका छन् । गाउँगाउँमा मोटर बाटो पुगेको छ । सडकहरू ग्राबेल गरेका छौं । वडाको आफ्नै भवन बनाएका छौं । डिप बोरिङ बनाएका छौं । कक्षा ८ सम्म रहेकालाई स्तरबृद्धि गरेर विद्यालयलाई मावि बनाएका छौं । मानपुर बकुलाइ खानेपानी योजना सम्पन्न गरेका छौं । दर्जनौं कल्भर्ड निर्माण भएका छन् ।

भेलाही लमडरूवा सडक र लालपुर पिपरूवा सडक कालोपत्रेको चरणमा छ । एक सय बढी घरमा मेयर आवास कार्यक्रम अन्तर्गत खरको छानो हटाएका छौं । ज्येष्ठ नागरिकलाई सम्मान, अपाङ्गता भएकालाई सहायक सामग्री वितरण, गरिब तथा विपन्न वर्गका बालबालिकालाई पोशाक तथा शैक्षिक सामग्री वितरण लगायतका कामहरू गरेका छौं भने आगामी दिनमा निर्वाचनमा गरेका बाचा पूरा गर्न पाए हुने थियो भन्ने लागेको छ ।

## देखिनेगरी काम गरेका छौं



**थलराज पुरी**
**अध्यक्ष, वडा नं. १७**

जनप्रतिनिधिविहिन भएको वडामा हामी आएपछि धेरै काम गरेका छौं । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सिँचाइ, विद्युतलगायतका क्षेत्रमा देखिनेगरी काम गर्न सफल भएका छौं ।

खोलाहरूमा पुल निर्माण, बघौसीमा ड्याम निर्माण, शिव मन्दिर निर्माण, जिनुवागाउँमा लिफ्ट सिँचाइ, हेल्थपोष्ट भवन निर्माण, निमुवामा सिँचाइ कुलो निर्माण गरेका छौं भने मेयर आवास कार्यक्रम अन्तर्गत एक सय ५१ जनालाई जस्ताको पाता वितरण गरेका छौं । जनता आवास कार्यक्रम अन्तर्गत १० घर दलितको घर निर्माण भएको छ ।

प्रदेश सरकारको सहयोगमा तीनवटा डिपबोरिङ, सडक कालोपत्रे, चौवखोलामा तटबन्ध लगायतका काम भएका छन् । ज्येष्ठ नागरिक कार्यक्रम पनि सञ्चानल गरेका छौं ।

जनताका आकांक्षा धेरै छन् तथापि हामी प्राथमिकतामा रहेका योजनाहरू क्रमशः कार्यान्वयन गर्दै लगिरहेका छौं । जनताका सबै चाहना पूरा गर्न त नसकिएला तर पनि आधारभूत आवश्यकतालाई ध्यानमा राखेर काम गर्दै आएका छौं ।

## वडाको विकास र वडावासीको सेवामा काम गरिरहेका छौँ



**माधव वली**
अध्यक्ष, वडा नं. १८

विशेषगरी हामीले शिक्षा, स्वास्थ्य, कृषि, विद्युत र सडकका क्षेत्रमा काम गरेका छौँ । हामी आएपछि संघीय, प्रदेश र तुलसीपुर उपमहानगरपालिकाको बजेटमार्फत झण्डै ६ किलोमिटर सडक कालोपत्रे गरेका छौँ । तुलसीपुर उपमहागनरपालिकाको सबै वडामा एउटा स्वास्थ्य संस्था बनाउने नीति अन्तर्गत वडामा नगर स्वास्थ्य केन्द्र स्थापना गरेका छौँ । नगर स्वास्थ्य केन्द्रमार्फत आम जनतालाई स्वास्थ्य सेवामा सहज रूपमा पहुँच पुर्‍याएका छौँ ।

ज्येष्ठ नागरिक, दीर्घ रोगी, महिलाहरूलाई घरमा गएर औषधिको व्यवस्था गरेका छौँ भने बालबालिकाहरूका लागि पोषणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेका छौँ । भाडामा बस्दै आएको वडालाई भवन बनाएर आफ्नै भवनबाट सेवा प्रदान गरेका छौँ । प्रदेश सरकारको सहयोगमा स्मार्ट कृषि गाउँ घोषण गरिएको छ । जहाँ किसानलाई बिउबिजन निःशुल्क दिने गरिएको छ । बंगुर र बाख्रा ५६ घरधुरी कृषकलाई वितरण गरिएको छ । किसानहरूलाई कृषिऔजार, टनेल दिने गरेका छौँ । कृषकलाई प्रोत्साहनका लागि पशु सुत्केरी भत्ताको कार्यक्रम सञ्चालन गरेका छौँ । व्यवसायिक तरकारी खेतीका लागि पनि सहयोग गरेका छौँ । 'जोगाऔँ चौतारी, गाँसौ दौतरी' भन्ने अभियान अन्तर्गत सार्वजनिक ठाउँमा भएका बर-पिपल जोगाउने, चौपारी बनाउने गरेका छौँ । पानीको मुहान जोगाउने काम पनि गरेका छौँ ।

## सम्झनालायक काम गरेका छौँ



**रामबहादुर योगी**
अध्यक्ष, वडा नं. १९

म आएपछि धेरै कामहरू भएका छन् । सडकतर्फ बिजौरी हाडिमे हुँदै छिल्लीकोट जानेबाटो, छिल्लीकोट हुँदै दहवन जाने बाटो, प्रावि भित्रीसंग्रामदेखि गन्नाउनेखोला जाने बाटो, पकर्रे हुँदै हात्तीखोला जोड्ने सडक, छिल्लोकोट सालडाडाँ जोड्ने सडक निर्माण गरिएको छ भने बाँसगडी, तितेखोला, मोतिखोलामा पुल निर्माण गरिएको छ ।

त्यसैगरी पर्यटनतर्फ छिल्लीकोटमा भ्युटावर, खानेपानीको व्यवस्था र  मन्दिर निर्माण गरिएको छ । शिक्षा मावि कुटीचौर, मावि भित्रीसंग्राममा भवन तथा पर्खाल निर्माण गरिएको छ भने पुस्तकालय पनि स्थापना गरिएको छ । सिँचाइतर्फ उट्के रनियाँपुर सिँचाइ, गौरीकुला, भित्रीखोला, गौरीसोता सिँचाइ, पकर्रे सिँचाइ योजना सम्पन्न भएका छन् । सिँचाइका आयोजनाहरू सम्पन्न हुँदा कृषि उत्पादनमा बृद्धि भएको छ । जनतालाई कृषिमा व्यावसायिकरण गर्न हामीले जोड दिएका छौँ ।

खरका छाना हटाएर वडाका विपन्नहरूको घरमा जस्तापाताको छानो लगाउने कामलाई अभियानकै रूपमा अगाडि बढाएका छौँ । सार्वजनिक महत्वका योजनाहरूलाई विशेष प्राथमिकता दिएर कार्यान्वयन गर्ने काम भएको छ । संक्राममा युद्ध सङ्ग्रहालय स्थापना गर्ने योजना कार्यान्वयनको चरणमा छ । यसले पर्यटन प्रबर्द्धनमा टेवा पुर्‍याउने छ ।

आगामी योजनाममा बिजौरीदेखि छिल्लोकोट र बिजौरीदेखि दहवन जोडने सडकको सुंगुरखोलासम्म पक्की सडक गराउने योजना छ ।

## बजार व्यवस्थापनमा हामीले उल्लेख्य काम गरेका छौं



**वीरेन्द्र शाह**
अध्यक्ष, वडा नं. ५

हामी निर्वाचित भएर आउँदा बजार अस्तव्यस्त जस्तै थियो । बसपार्कको जोखिमलाई मध्यनजर गर्दै हामीले प्रदेसमा पहल गरेर पातुखोलामा वाल निर्माण गरेका छौं । कम्तिमा अहिले बसपार्क क्षेत्रका नागरिकहरूले केहीमात्रामा सुरक्षित महसुस गर्नुभएको छ । जनप्रतिनिधि आएपछि उहाँहरूलाई धेरै राहत मिलेको छ । यसैगरी बजार सरसफाइमा पनि उल्लेख्य काम भएको छ ।

अर्को काम भनेको बजार क्षेत्रमा हर्न निषेध गरेका छौं । लुम्बिनी प्रदेसमै पहिलो पटक हामीले तुलसीपुरलाई हर्न निषेध गर्न सफल भएका छौं । जुन अहिले पनि जारी छ । आक्कलझुक्कल हर्न बजाउने बेग्लै कुरा भयो नत्र हर्न निषेध संस्कारकै रूपमा विकास भएको छ । यो काम सफल बनाउन सबै सरोकारवालाहरूको सहयोग छ । एक्लो प्रयासले यो काम सफल हुने अवस्था थिएन र छैन पनि । त्यसैगरी बजारमा सवारी पार्किङको व्यवस्थापन गरे का छौं । जसमा प्रहरीको निकै सहयोग भएको छ भने नागरिकहरू पनि धेरै सचेत हुनु भएको छ ।

अब हाम्रो कार्यकालमा बजार क्षेत्रमा खाने पानीको समस्यालाई सहज बनाउने र रानी जरूवाहुँदै सल्यान निस्कने सडक निर्माण गर्ने योजना छ । हामीले हाम्रै कार्यकालमा खानेपानी र सडकलाई पूरा गरेर बिदा हुनेछौं । यद्यपि जुन हिसाबले काम गर्ने, विकास गर्ने भन्दै हामी आएका थियौं । त्यो अनुसार काम गर्न सकिएको छैन ।

## डोकोमा विरामी बोक्ने दिनको अन्त्य गरेका छौं



**विजय विक**
अध्यक्ष, वडा नं. ३

पहिलो कुरा हामी निर्वाचित भएर आउँदा साविक ७ नं.मा बिजुली बत्ती थिएन । अहिले हामीले एकाध गाउँबाहेक कल्ले, बल्ले, आम्बासलगायत अधिकांश ठाउँमा बिजुली पुऱ्याएका छौं । अहिले सहजरूपमै खानेपानीको व्यवस्था गरेका छौं ।

त्यस्तै हामी निर्वाचित भएर आउनेबेला प्रसूति सेवाका लागि पैदल १/२ घण्टा हिँडेर जानुपर्ने अवस्था थियो । त्यतिमात्रै होइन सामान्य ज्वरो आउँदा पनि उपचार पाउने अवस्था थिएन । अलि गम्भीर अवस्था भए डोकोमा बोकेर अस्पताल ल्याउनुपर्ने अवस्था थियो । अहिले गाउँवस्तीमै एम्बुलेन्स पुग्ने बाटो निर्माण गरेका छौं । सबै ठाउँमा सडक जोडेका छौं । स्वास्थ्य सेवाको त्यो जर्जर अवस्थाबाट अहिले हाम्रो वडामा दुई वटा नगर स्वास्थ्य क्लिनिक स्थापना गरेका छौं ।

सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण ल्याएका छौं । जहाँ हिजो विद्यार्थी नै थिएनन् अहिले ३ सयको हाराहारीमा विद्यार्थी पुगाएका छौं । त्यस्तै पर्यटन प्रवर्द्धनका लागि ट्रेकिङ मार्ग निर्माण गरेका छौ भने सिढी निर्माणलगायतका थुप्रै धार्मिक, पर्यटकिय क्षेत्रको प्रवर्द्धनको काममा हामी लागिरहेका छौं ।

हामीले सरकारका विभिन्न निकाय र उपमहानगरबाट तीन करोड आर्थिक जोहो गरेर पक्की बाँध निर्माण गरेका छौं । सिंचाईका लागि साढे दुई किलोमिटर पक्की नहर निर्माण गरेका छौ भने ८ किलोमिटर सिंचाई कुलोको डिपीआर तयार गरेका छौं ।



अनेक प्रयास गर्दा पनि बन्द विमानसेवा सञ्चालन गरिछाड्ने चुनावी एजेण्डा नै बनाएका घनश्याम पाण्डेलगायत जनप्रतिनिधिहरु तुलसीपुर उपमहानगरपालिकाको नेतृत्वमा आएपछि हवाइसेवा नियमित सञ्चालनमा ल्याउन प्रयत्न थाले । यात्रु नपुगे उपमहानगरपालिकाले ब्यहोर्ने प्रतिबद्धता जनाएसँगै समीट एयरले वि.सं. २०७५ पुस दोस्रो सातादेखि उडान सुरु गर्‍यो । भाडाका विषयमा स्थानीय तहसँग सम्झौता गरे बमोजिम भन्ने थियो तर समीट एयरले एकाएक तात्कालीन भाडा ७ हजार २ सय रुपैयाँबाट बढाएर ९ हजार ८ सय पुर्‍यायो । अन्ततः यात्रु पनि यसको विकल्पमा भैरहवा र नेपालगञ्जबाट हवाइसेवा लिन सस्तो मान्न थाले ।

समीट एयरले भाडा बढाएसँगै यात्रु नपाएको बहानामा सेवा बन्द गर्‍यो। केही समय फेरि तुलसीपुरमा हवाइसेवा बन्द भयो तर जनप्रतिनिधिहरु थाकेनन् । त्यसपछिको पहल नेपाल वायुसेवा निगमसँग सुरु गरे । फलस्वरुप मिति २०७६ असोज २३ गतेदेखि नेपाल वायु सेवा निगमको विमानले नियमित सेवा दिइरहेको छ। 'हामीले यतिधेरैप्रयास गर्नुपर्‍यो कि टिकट बिक्री नभए तुलसीपुर उपमहानगरपालिकाले पैसा तिर्ने भनेर नेपाल वायुसेवा निगममा पैसा समेत डिपोजिट गरेर सेवा सञ्चालनमा आइरहेको छ'–तुलसीपुर उपमहानगरपालिकाका प्रमुख पाण्डे भन्छन् । उपमहानगरपालिका आफैले टिकट बिक्री गरेर पनि केही समय हवाइसेवा चलेपछि बल्ल नागरिक उड्डयन प्राधिकरणले आफ्ना कर्मचारी पठाएको छ । सम्भवतः नेपालका आन्तरिक उडानहरूमा सबैभन्दा बढी मुनाफा हुने हवाइसेवा तुलसीपुर विमानस्थलमा छ ।

मुद्रक : गौतम प्रिन्टर्स, घोराही दाङ (मो. ९८५७८३४३०१)